


# सुरंग भित्रको हलचल

Title of the Original:
'Martyrs of the Catacombs'
by James De Mille
first publication 1865

**प्रकाशकः**
जीवन मार्ग प्रकाशन
पी. ओ. बोक्स नं. २३
कालिम्पोङ्ग - ७३४३०१
पश्चिम बङ्गाल
भारत

डिजितल प्रकाशन सन् २०२६
© सर्वअधिकार प्रकाशकमा सुरक्षित

सम्पर्क राख्ने ठेगानाः

email: nbcinepal@gmail.com

www.nbcinepal.org

# सुरुङ्गभित्रको हलचल

## उहिलेको रोमको उपन्यास

### जेम्स डेमिल्ल

# परिचयः

यो पुस्तक धेरै वर्षअघि अर्थात् सन् १८६५ सालमा पहिले अङ्ग्रेजीमा प्रकाशित भएको थियो; यस उपन्यासको खास लेखकको नाम जेम्स डेमिल्ल हो । तर त्यस बेलामा यसको लेखकको नाम छापिएको थिएन, कि के हो ? धन्न, यस पुस्तकको एक प्रिति समुद्रमा डुबेको एउटा पानीजहाजमा भेट्टाइयो, जसका चालकको नाम आर. रोबर्टस थियो, जसको पानीजहाज जनवरी १८७६ सालमा एउटा भयानक आँधीबेह्रीमा परेर डुबेको थियो । अनि त्यस बेलामा फेला परेको यस पुस्तकको एकै प्रतिचाहिँ अहिले पनि कप्तान आर. रोबर्टसको छोराको हातमा छ ।

यस उपन्यासको मूललेखको नाम 'मार्टरस् अफ् द क्यटाकोम्बस्' हो; अनि तपाईंको हातमा भएको किताब यसको संक्षिप्त नेपाली अनुवाद हो । यो कथा सबै इसाईहरू र तिनीहरूका छोराछोरीहरूको निम्ति, साथै अन्य पाठकहरूको निम्ति लेखिएको हो । यस किताबले उहिलेका इसाईहरू रोममा कठोर सतावटहरूमा परेको र उनीहरूले हाम्रा प्रभु येशू ख्रीष्टको निम्ति कति दुःखकष्ट सहेको, सो कुरा याद दिलाउन खोजेको हो । यसकारण परमेश्वरले तपाईं पाठकवर्गलाई प्रशस्त आशिष दिऊन् ! यस आशामा यो किताब नेपाली भाषामा प्रकाशन गरिएको छ । किनभने हुन सक्छ, भावी दिनहरूमा इसाईहरू आफ्नो विश्वासको खातिर फेरि पनि सतावटमा पर्न सक्छन् र उनीहरूसित शैतानले फेरि पनि यस प्रकारको कठोर व्यवहार देखाउला ।

*'मृत्युसम्म विश्वासयोग्य रह, र म तिमीलाई जीवनको मुकुट दिनेछु'* (प्रकाश २:१०) । यो प्रतिज्ञा स्मर्नामा भएको मण्डलीलाई दिइएको थियो । तर आजको दिनमा यही प्रतिज्ञा वर्तमान युगमा ख्रीष्ट येशूको खातिर सतावटमा परेकाहरूमाथि पनि लागू हुन्छ ।

आज संसारका सबै ठाउँहरूमा बगेका शहीदहरूको रगतले दुहाई मागेको आवाज जमिनदेखि कराइउठेको छः *'हे प्रभु र स्वामी, हे पवित्र र सत्य परमेश्वर, कहिलेसम्म तपाईंले हाम्रो न्याय गर्नुहन्न र पृथ्वीमाथि बस्नेहरूबाट हाम्रो रगतको हिसाब लिनुहुन्न ?'* अनि यस आवाजले हरेक देशका इसाईहरूलाई एउटा गम्भीर चेताउनी दिइरहेको छ । यसकारण 'आउनुहोस्, प्रभु येशू, चाँड़ै आउनुहोस्' भन्दै हामी दिनहुँ स्वर्गतिर हाम्रो हृदयको पुकार उठाइदिऔं !

सेवामा,

आर. एल. रोबर्टस

# सूचिः

**अध्याय १ः** रोमको कोलोसियम नामक विशाल रङ्गभूमिमा

**अध्याय २ः** रोमी उत्कृष्ट शाही अङ्गरक्षकहरूको पल्टनको छाउनीमा

**अध्याय ३ः** अप्पियाको बाटोमा

**अध्याय ४ः** सुरुङ्गहरूभित्र

**अध्याय ५ः** इसाईहरूको रहस्य यसैमा छ

**अध्याय ६ः** गवाहीहरू थुप्रै छन्

**अध्याय ७ः** विश्वासको स्वीकार

**अध्याय ८ः** सुरुङ्गहरूभित्रको जीवन यस्तो थियो

**अध्याय ९ः** सतावट र खेदोमा परेको

**अध्याय १०ः** रोमी अत्याचारको शिकार भएको

**अध्याय ११ः** पोल्लियोको निम्ति आत्म-बलिदान दिने प्रस्ताव

**अध्याय १२ः** पोल्लियोको न्याय-जाँच

**अध्याय १३ः** पोल्लियोको मृत्यु

**अध्याय १४ः** मार्सेलुसको परीक्षा

**अध्याय १५ः** लकुल्युस

# १

# रोमको कोलोसियम नामक विशाल रङ्गभूमिमा

'त्यो बटावियाको मान्छे खूब सिपालु लड़ाकू रहेछ, होइन र, मार्सेलुस ?' रोममा, एउटा ठूलो उत्सव-दिवसको होहल्लाको बीचमा कराएर एकजना जवान सुबेदारले आफ्नो साथीलाई उक्त शब्द भने ।

'हो, लकुल्युस, तिम्रो कुरा सय हो', मार्सेलुसले भने; 'मेरो हिसाबमा, यो बटावी लड़ाकूजस्तै सिपालु ग्लेडिएटर मैले आजको दिनसम्म अरू कुनैलाई देखेको छैनँ । निश्चय अहिले लड़ेका यी दुवै योद्धाहरू कति असाधारण, कति निपुण लड़ाकू थिए ।'

(*टिप्पणीः* उहिलेको रोम शहरमा सार्वजनिक प्रदर्शनमा जङ्गली पशु वा अन्य मानिससँग लड्ने व्यक्तिलाई 'ग्लेडिएटर' भनिन्थ्यो) ।

'तर ऊ हेर, त्यहाँभित्र अघि लड़ेका दुईजना योद्धाभन्दा अझ सिपालु एउटा गतिलो, खाइलाग्दो योद्धा छ है'; रङ्गभूमिको खोरको फलामे ढोकातिर हातले इसारा गर्दै लकुल्युसले भने ।

'हो ? त्योचाहिँ को हो त ?'

'ग्लेडिएटर मासर त्यसको नाम हो; हो, त्यो यही मासर नै हुनुपर्छ । मैले देखेका ग्लेडिएटरहरूमध्ये सबैभन्दा उत्तम ग्लेडिएटर त्यो हो' भनेर लकुल्युसले आफ्नो साथीलाई भने ।

'मैले त्यसको विषयमा सुनेको छु । के आज त्यस मासरलाई पनि यस अखड़ामा भिड़ाइन्छ ?' मार्सेलुसले सोधे ।

'हो, मैले कता-कतै यस्तै कुरा सुनें ।'

तर अचानक त्यो रङ्गभूमि एउटा खूबै भोकाएको र झोकिएको जङ्गली पशुको डरलाग्दो गर्जनले थर्कमान भयो; यसरी मार्सेलुस र लकुल्युसको कुराकानी बीचमा रोकियो ।

नभन्दै पालेहरूले यस रङ्गभूमिको एक कुनामा एउटा फलामको ढोका खोले । अनि फलामको ढोका खड़खड़ आवाजको साथ खोलियो । अनि हजारौं दर्शकहरूले हेर्दा-हेर्दै एउटा बाघ धूलो उड़ाउने गरी फुत्त निस्क्यो, र चारैतिर पलक-पुलुक्क हेर्दै आफ्नो शिकार खोज्यो, र यस रङ्गभूमिको बीचमा अखड़ामा आएर उभियो । त्यो अफ्रिकाबाट ल्याइएको एउटा डरलाग्दो बाघ थियो ।

तब पल्लापट्टिको अर्को कुनाबाट पालेहरूले एकजना मानिसलाई जबरजस्ती धकेल्दै त्यही अखड़ामा छोड़े । त्यस मानिससँग कुनै

कवच वा जङ्गी पोसाक थिएन । अरू ग्लेडिएटरहरूजस्तै त्यो प्रायः नाङ्गो थियो; त्यसको एकमात्र वस्त्र त्यसको कम्मरमा बाँधिएको एउटा छोटो सुती कपड़ाको लुँगी थियो । अनि त्यसको हातमा एउटा सानो तरवार थियो । अनि त्यो मानिस आएर अखड़ाको माझमा खड़ा भयो ।

यस रङ्गशालामा भेला भएका मानिसहरूका हजारौं आँखाहरू अब त्यही मानिसमाथि गाड़िए । अनि चारैतिर अनगिन्ती दर्शक-हरूबाट 'मासर ! मासर !' भन्ने नारा कराइउठ्यो ।

अनि यस बाघले मासरलाई देखिहाल्यो । अनि निर्दयको साथ गर्जंदै त्यो भुइँमा थपक्क बस्यो र मासरमाथि आँखा गाड़ेर आफ्नो पच्छर बिस्तारै माथि-तल हल्लाउँदै त्यसले दाउ पर्खन लाग्यो । तब एक्कासि डरलाग्दो गतिमा हुत्त उफ्रेर त्यो बाघ मासरमाथि जाइ-लाग्यो । तर मासर तयार थियो । अनि त्यो बिजुलीझैं देब्रेतिर तर्क्यो । झुक्किएको बाघ खुट्टाहरू छाड़ेर भुइँमा पछारिनेबित्तिकै मासरले पूरा बलले हानेर यो तरवार त्यस बाघको मुटुमा रोप्यो र त्यसलाई घातक प्रहार दियो । त्यस ठूलो बाघको सम्पूर्ण शरीर काम्यो, लत्रक्क पर्‍यो, र त्यसले अन्तिम लामो प्रश्वास छोड़्यो । तत्कालै त्यो विशाल बाघ मर्‍यो र प्राणहीन भई अखड़ाको बालुवामा पड़िगयो ।

तब चट्याङको वज्रपात पड्केझैं हजारौं दर्शकहरूको थप्पड़ी मारेको आवाजले रोमको रङ्गशाला एकैचोटि चारैतिर पड्कन थाल्यो ।

'बाफरे-बाफ ! के उदेक ! !' मार्सेलुस कराए । 'मैले यस मासरको जस्तै सीप भएको अरू कुनै ग्लेडिएटरलाई कहिल्यै देखिनँ ।'

तब त्यो मरेको बाघ घससससस धूलोसरि घिस्याएर एकातिर लगियो । तर फेरि पनि फलामको ढोका खोलिएको खड़खड़ आवाजले सबैको ध्यान र आँखा चोर्‍यो । यसपालि एउटा भयङ्कर सिंह देखा पर्‍यो, जसलाई धेरै दिनसम्म भोकै राखिएको थियो । त्यसले अघिको बाघले जस्तै रिसको झोक देखाएन । तर त्यो कतै

उम्कने बाटो छ कि भएझैं बिस्तारै अखड़ामा यताउता हिँड्यो । तर यो अखड़ा चारैतिरबाट बन्द भएको देखेर त्यो फेरि बीचमा आयो, अनि त्यसले यति साह्रो, यति गहिरो र यति लामो गरी गर्ज्यो, कि त्यसको गर्जनले यस रङ्गशालाका ठूला-ठूला ढुङ्गाहरू एकसाथ थरथरायो ।

तर मासर नडगमगाईकन आफ्नो जग्गामा उभिरह्यो । अनि बल्ल त्यो सिंह फनक्क ऊतिर फर्क्यो । तब यस रङ्गभूमिको मैदानको बीचमा एतापट्टि मासर र अर्कोपट्टि त्यो जङ्गली पशु एक-अर्कालाई एकटक हेर्दै जुध्न तयार भए । त्यस मानिसका आँखा-हरूमा छाएको शान्त भावले मानौं त्यस सिंहको रिस अझै बढ़ी उठाएको थियो । किनकि त्यो सिंह एक कदम पछि सर्‍यो, त्यसको रौं र पुच्छर ठिङ्ग उठ्यो, त्यसले आफ्नो गर्दनका लामो केश हल्लायो; त्यो एकाएक उफ्रेर जाइलाग्न झुक्यो ।

अचानक यो सिंह काँड़ हानिएजस्तै जाइलाग्यो; तर यसपालि पनि लड़ाकू मासर अन्तिम क्षणमै फुत्त एकतिर फुस्क्यो, र त्यसले त्यस सिंहलाई प्रहार गरिहाल्यो । तर यसपालि त्यसको तरवार त्यस सिंहको करङ्गमा बज्रेछ र त्यसको हातबाट भुइँमा खस्यो । त्यस सिंहलाई चोट त लागेछ, तर त्यसलाई गहिरो प्रहार भएन; तर यस प्रहारले त्यस सिंहको क्रोध उमाल्यो । त्यसका आँखाहरूमा झोकको आगो दन्केको देखियो । अब के हुने हो ? रमिता हेर्ने दर्शकहरू मन्त्रमुग्ध भए ।

तर मासरले आफ्नो शान्त भाव एक रत्ति पनि गुमाएन । हतियाररहित त्यो मासर त्यस सिंहको सामु उभियो र त्यसको आक्रमण पर्ख्यो । त्यो सिंह घरि-घरि झम्टन त झम्ट्यो, तर फुर्तिलो मासर हरेक पल्ट उम्क्यो । अनि अलि-अलि गर्दै मासरचाहिँ तरवार परेको ठाउँमा पुग्यो, र झट्टै त्यो हतियार उठाएर हातमा लियो र उजायो । अनि यसरी नै मासर त्यस सिंहको अन्तिम हमलाको निम्ति तयार भयो । अनि त्यो सिंह अघिजस्तै मासरमाथि आइलाग्यो, तर यसपालि मासरको तरवार त्यस सिंहको मुटुमा रोपियो । तब त्यो विशाल जङ्गली पशु पीड़ाले तड़्पेर भुइँमा ढल्यो ।

त्यसपछि जुरुक्क उठेर त्यो सिंह अखड़ापार दगुऱ्यो, अनि अन्तिम गर्जन छोड़ेर प्रवेश-ढोकाको सामु घुप्लुक्कै लड्यो ।

यस बेलामा वीर योद्धा मासर अखड़ाबाट निकालियो; अनि बटावी लड़ाकूलाई फेरि भित्र ल्याइयो । किनभने रोमी दर्शकहरूले घरि-घरि नौलो कुरा देख्न चाहन्थे । अनि बटावीमाथि एउटा बाघ लगाइयो, जुन बाघचाहिँ यस लड़ाकूले जित्यो । त्यसपछि एउटा सिंह भित्र आयो, जसको आकार ठिक्कै थियो, तर त्यो अति डरलाग्दो थियो । अनि चाँड़ै स्पष्ट भयो, कि त्यो बटावीचाहिँ मासरजत्तिकै सिपालु र निपुण थिएन । किनभने जब त्यो सिंह त्यस लड़ाकूमाथि झम्ट्यो, तब बटावीले त्यसलाई चोट त पाऱ्यो, तर दोस्रो हमला गर्दा यस सिंहले आफ्नो बैरीलाई पक्र्यो र त्यसलाई धुजा-धुजा पाऱ्यो । त्यसपछि फेरि मासरको पालो आयो । अनि त्यसले यस सिंहलाई सजिलोसँग माऱ्यो ।

अनि अब अखड़ामा उभिरहेको मासरमाथि हजारौं थप्पड़ीहरूको वर्षा ओइरिरहेको थियो । अनि त्यही बेलामा पल्लो कुनामा अर्को एकजना मानिस अखड़ाभित्र पस्यो । त्यो मानिस एउटा हब्सी थियो, जो अघिको जुधाजुधमा घाइते भएको थियो । त्यसको पाखुरामा पट्टि बँधिएको थिएन; आलै रगतपच्छे पाखुरा त्यसको एकापट्टि तर्लङ्ङ झुन्डिएको थियो । अनि पीड़ाले तड़्पिएर त्यो अफ्रिकी योद्धा धरमराउँदो पाइला सार्दै मासरतिर अघि बढ्यो । अनि रोमीहरूलाई थाहै थियो, कि त्यो हब्सीचाहिँ लड्न होइन, तर मारिन भित्र ल्याइयो । अनि त्यस अभागी मानिसले पनि यो कुरा बुझ्यो । मासरको सामु आइपुग्दा त्यसले आफ्नो तरवार भुइँमा खस्न दियो र विचलित भई त्यो यसो भन्दै करायोः 'छिट्टै, ढिलो नगरी मलाई मारिहाल, र मलाई यस असह्य पीड़ाबाट मुक्त गर !'

तर अचम्म, मासर पछाड़ि सऱ्यो र आफ्नो तरवार घुइँकायो । अवाक् दर्शकवर्ग हेरेको-हेरेकै भयो । त्यसपछि तिनीहरूले मासर सम्राटतिर फर्केर आफ्ना हातहरू उहाँतिर पसाऱ्यो । यस रङ्गभूमिको बीचमा उभिएर 'माननीय सम्राट अगुस्तस् !' भन्दै मासरले उहाँलाई पुकार्न थाल्यो । 'म ख्रीष्टको चेला हुँ; म जङ्गली पशुहरूसँग लड़्छु;

तर म मेरो हात कुनै मानिसको विरोधमा उठाउन सक्दिनँ। म कसैलाई मार्न सक्दिनँ, बरु म मर्न तयार छु।'

ताजुब मानिरहेका मानिसहरूको बीचमा चारैतिर खुसुक्क बोल्ने कानेखुशी सुनियो।

'त्यसले के भनेको ?' मार्सेलुसले बम्के; 'त्यो एउटा इसाई ! कहिले ? कसरी ?'

लकुल्युसले तिनलाई जवाफ दिएः 'मैले सुनेंअनुसार यी अभागी इसाईहरूमध्ये कसैले त्यसलाई झ्यालखानामा भेट्न गएको थियो, र त्यसले तिनीहरूको घृणित धर्म अपनायो अरे।'

'अनि के लड्नुको सट्टामा त्यो बरु मर्न तयार छ ?'

'भाइ मार्सेलुस, तिनीहरूको अन्धभक्ति यस्तै छ।'

एक क्षण अघि ताजुब मानेको त्यो भीड़ अहिले नाराज भयो। एकजना साधारण ग्लेडिएटरले तिनीहरूलाई कसरी यस प्रकारले धोका दिन र निराश पार्न सक्यो ! त्यसले त्यो चाखलाग्दो रमिता कसरी खल्लो पार्ने ? ती सबै मानिसहरू एकाएक रिसले मुरमुरिन थाले, र दाँतमा दाँत दबाउनु थाले। तिनीहरूको विचारमा त्यो रमिता जुनै हालतमा पनि जारी रहनैपर्थ्यो। यस रङ्गभूमिमा जसरी भए पनि रगत बग्नैपर्थ्यो; अनि मानिसले मानिसलाई मार्नैपर्थ्यो। यसकारण अफिसरहरू बीचमा आए र मासरलाई रोके। त्यो भिड़न्त अघि बढ्नु थियो। अनि मासरले लड्न चाहँदैनथियो भने त्यसले यसको निम्ति नजिता भोग्नैपर्नेथियो।

तर मासर आफ्नो कुरामा अडिग थियो; अनि हतियारविना त्यो त्यस हब्सीकहाँ अघि बढ्यो, जुन हब्सीलाई त्यसले एकै मुक्कै दिएर मार्न सक्नेथियो। तब त्यस हब्सीको अनुहार बदलियो; त्यसका कुटिल आँखाहरूमा आश्चर्य, आनन्द र साहसको किरण चम्कन थाल्यो। त्यसले अघि फ्याँकिएको आफ्नो तरवार उठायो र त्यो तरवार मासरको छातीमा रोप्यो।

'हे प्रभु येशू, मेरो आत्मा ग्रहण गर्नुहोस् !' मासरको हृदयको तहबाट फुटेर आएको यी आत्म-समर्पणका शब्दहरू रगतको आहालमा डुबे, र चुप भए। ख्रीष्ट येशूको निम्ति बल्दो साक्षी भई

त्योजस्तै साधारण ख्रीष्ट-विश्वासीले यस धरतीबाट बिदा लियो, र शहीदहरूको स्वर्गीय सेनाको महिमावान् पंक्तिमा भर्ना भयो ।

'के यस रङ्गभूमिमा यस्तो दृश्य अवसर देखिन्छ ?' भनेर मार्सेलुसले लकुल्युसलाई सोधे ।

यस प्रश्नमा लकुल्युसको जवाफ यस प्रकारको थियोः 'हो, धेरै पल्ट देखिन्छ, खास गरी त्यस बेलामा, जुन बेलामा इसाईहरू यहाँ देखा पर्छन् । तिनीहरूले जङ्गली पशुहरूसित लड्छन् । अनि केटी-हरूले साहससित सिंह र बाघहरूको सामना गर्छन् । तर ती पगला-हरूमध्ये एकैजनाले पनि मानिससँग लड्दैन । यसकारण जनताका मानिसहरू यस मासरदेखि साह्रै खिन्न भए । त्यो त ग्लेडिएटर-हरूमध्ये सबैभन्दा उत्कृष्ट योद्धा थियो । तर इसाई भईकन त्यो कति मूर्ख भयो ।'

तब मार्सेलुसले भनेः 'ओहो, यो कस्तो अद्‌भुत धर्म हुनुपर्छ, जुन धर्मले एउटा साधारण ग्लेडिएटरलाई यस प्रकारको अचम्मको व्यवहार देखाउन तुल्याउँछ !'

'पर्ख, तिमीले यस धर्मको विषयमा अझ सिक्ने मौकाहरू पाउँछौ ।'

'कसरी ?'

'के तिमीले सुनेको छैनौ ? यी इसाईहरूलाई खोज्नु तिम्रो खटाइ भएको छ । तिनीहरू रोमको जमिनमनि सुरुङ्गहरूभित्र जिउँछन् । अनि तिमीले तिनीहरूलाई खोजेर त्यहाँबाट निकाल्नुपर्छ ।'

'के आज बिहान पचासजना इसाईहरूलाई जलाइएकोमा के तिनीहरूलाई पर्याप्त भएन ?'

'अनि बितेको हप्तामा सयजनाको शिर काटियो । तर त्यो केही पनि होइन । रोम शहरमा तिनीहरू सङ्ख्या धेरै छ । अनि सम्राटको दृढ़ संकल्प छः उहाँ जसरी भए पनि पुरानो धर्म पुनःस्थापित गर्नुहुन्छ; किनभने जुन समयदेखि यी इसाईहरू देखा परे, त्यस समयदेखि राज्यको अधोगति भएको छ । यसकारण उहाँको निर्णय पक्का भयोः इसाईहरूको नामनिशान मेट्नुपर्छ । किनकि तिनीहरू

देशको निम्ति एउटा श्राप हुन्; यसकारण तिनीहरूसँग कड़ाकड़ी गर्नुपर्छ। तिमी यो बुझ्दै जानेछौ।'

तब मार्सेलुसले जवाफ दिएः 'म रोममा आएको धेरै दिन भएको छैन। यसकारण यसको विषयमा मलाई केही थाहा छैन। अनि इसाईहरूले खास कुन कुरा विश्वास गर्छन्, त्यो पनि मलाई महसुस छैन। तर मैले सुनेको छुः जुनैपनि अपराधको दोष तिनीहरूमाथि लगाइएको छ। तर तिमीले मलाई भन्यौः यो मेरो निम्ति एउटा सिक्ने अवसर हुनेछ।'

# २

# रोमी उत्कृष्ट शाही अङ्गरक्षकहरूको पल्टनको छाउनीमा

मार्सेलुसचाहिँ स्पेनको कादिज शहरमा जन्मेका थिए, र तिनले सानो उमेरमा रोमी सेनाको कड़ा ट्रेनिङ्गमा तालिम प्राप्त भएका थिए। तिनी अफ्रिका, सिरिया र ब्रिटेनका पल्टनहरूअन्तर्गत सेवारत भएका थिए। तिनले रणभूमिमा अपूर्व वीरता देखाए; यति मात्र होइन, तर तिनले सैनिक कला-कौशलतामा पनि एउटा सुनाम कमाए। यसकारण तिनले सम्मान र पुरस्कारहरू पाए र अचम्म प्रकारले पदोन्नति गरे। तिनी रोममा आइपुगे, अनि त्यहाँ तिनले राजदरबारमा धावक वा सन्देशवाहकको साधारण काम पाए; तर तिनले सम्राटलाई खूबै रिझाउन सके; यसकारण तिनलाई 'प्रेटर' नामक उच्च शाही अङ्गरक्षकहरूको पल्टनमा नियुक्त गरियो।

अनि लकुल्युसचाहिँ – उनी को थिए? उनी कहिल्यै इटाली देश छोड़ेर गएका थिएनन्; अँ, प्रायः रोम शहरदेखि बाहिर उनी पुगेका पनि थिएनन्। उनको घराना रोमको सबैभन्दा पुरानो र उच्च घरानाहरूमध्ये एउटा थियो, जहाँ धन-दौलत र प्रतापको सजधजपूर्ण संसार बसेको थियो। मार्सेलुस आँटिला र फर्साइला थिए – तिनको यो चरित्र लकुल्युसलाई साह्रै मन पर्थ्यो। तब के थियो र! ती दुईजना चाँड़ै आत्मीय साथीहरू भए। लकुल्युसलाई राजधानी रोमका सबै ठूला-साना कुराहरू, सड़क, गल्ली र कुनाकाप्चाहरू आदि पूरा थाहा थियो। उनको यो ज्ञान मार्सेलुसलाई खूब काम लाग्यो; र उनीसितै मार्सेलुसले रोमको त्यस नामी रङ्गभूमिमा पहिलोपल्ट खुट्टा टेकेका थिए।

'प्रेटर' भन्ने शाही अङ्गरक्षकहरूको पल्टनको छाउनी रोम शहरको पर्खालको छेउमा अवस्थित थियो। अनि त्यो छाउनी एउटा छुट्टै पर्खालले घेरिएर शहरको पर्खालसँग जोड़िएको थियो। अनि सिपाहीहरू त्यहाँ पर्खालमा बनाएका ससाना कोठाहरूमा बस्थे। राजधानीमा बस्ने हुनाले तिनीहरूको अवस्था निक्कै राम्रो थियो। तिनीहरूको शक्ति र प्रभाव पनि यति ठूलो थियो, कि तिनीहरूले राजधानीको सरकारलाई युगयुगदेखि आफ्ना अदबमा राखेका थिए। 'प्रेटर' हुन पाउनु ठूलो भाग्यको कुरा थियो, अँ, इज्जतरूपी धन

ओइरो लाग्ने काम थियो । यसकारण मार्सेलुसले पनि भविष्यमा मान-इज्जत पाउने आशा गर्न सक्थे ।

भोलिपल्ट बिहान लकुल्युस मार्सेलुसको कोठामा पसे । अनि एक-अर्कालाई अभिवादन गरेर र सन्चो-बेसन्चोको कुरा सोधेपछि मार्सेलुसले हिजो हेरेको रङ्गभूमिको खेलको कुरा झिकाए ।

'त्यस्तो खेल-तमाशा हेर्न मलाई पटक्कै मन पर्दैन । त्यस्तो लड़न्त त डरपोकको लड़ाइँ हो । मलाई त असल तालिम पाएका दुईजना वीर पुरुषहरूको बीचमा लड़न्त भएको हेर्न मन पर्छ; तर हिजो हामीले त्यस रङ्गभूमिमा हेरेका मानिसहरूलाई मार्ने खेलचाहिँ महा घिनलाग्दो थियो । मासरलाई किन त्यस प्रकारले मार्नुपर्‍यो ? ऊ खूब वीर थियो; म उसको साहस र वीरता मान्छु । तर बूढ़ा मानिस-हरू र कलिला केटाकेटीहरूलाई किन त्यसरी जङ्गली पशुहरूको आहारा बनाएको, त्यो म बुझ्दिनँ ।'

'कानुन यस्तै छ, भाइ; किनकि तिनीहरू इसाई हुन्' भनेर लकुल्युसले जवाफमा भने ।

'उत्तर सधैं यस्तै छ, सधैं एउटै हो । यी इसाईहरूले कुनचाहिँ काम बिगारेका छन् ? मैले तिनीहरूलाई यस पृथ्वीका सबै भूभाग-हरूमा देखेको छु; तर तिनीहरूले कुनै ठाउँमा अशान्ति फैलाएको अथवा गोलमाल मच्चाएको चाहिँ मैले कहिल्यै देखेको छैनँ ।'

'यस्तो नभन, भाइ ! यी इसाईहरू मानव-जातिमा सबैभन्दा नीच र अधम मानिस हुन्' भनेर लकुल्युसले आफ्नो साथीको कुरा खण्डन गर्दै भने ।

'सधैं यस्तै भनिन्छ; तर यसको निम्ति प्रमाण खोई, कहाँ छ ?'

'प्रमाण ? त्यो त सबैलाई विदितै छ । यी इसाईहरू भित्रभित्रै गोप्य रूपले हाम्रो देशका नियम-कानुन र हाम्रो धर्मको विरोधमा षड़्यन्त्र रच्छन्; तिनीहरूको दोष यही हो । तिनीहरूले हाम्रो कानुन, धर्म र सामाजिक रीतिथिति ठूलो र गहिरो घृणाले घृणा गर्छन्; तिनीहरू हाम्रा देवीदेवताहरूलाई पूजा गर्नुभन्दा बरु मर्न तयार हुन्छन् । तिनीहरू राजा, सम्राट आदि कसैलाई मान्दैनन्, पुज्दैनन्; तिनीहरू त्यस क्रूसमा मारिएको यहूदीलाई मान्छन्, पुज्छन्, जो

अहिले जीवित छन् भनेर तिनीहरू विश्वास गर्छन्;' केही जोशमा आएर लकुल्युसले मार्सेलुसलाई यसो भने ।

'सायद यो कुरा सत्य हुन सक्छ; म पक्का कुरा जान्दिनँ । यी इसाईहरूको विषयमा मलाई केही कुरा पक्का थाहा छैन;' यसरी मार्सेलुसले आफ्नो विवशता प्रकट गरे ।

'तिनीहरू भन्छन्, कि लड़ाइँ-झगड़ा गर्नु भूल हो, अपराध हो । सिपाहीहरू जम्मै नीच, अधम मानिसहरू हुन्; जुन धर्मको आड़ र छायामा हाम्रो उन्नति र प्रगति भइरहेको छ, त्यो हाम्रो गौरवपूर्ण धर्मचाहिँ एउटा श्राप पो हो अरे । अनि तिनीहरूको विचारमा, हाम्रा अनन्तकालसम्म रहिरहने देवीदेवताहरू केवल दुष्ट आत्माहरू हुन् । अनि आफ्नो धर्म-शिक्षाद्वारा तिनीहरू हाम्रो सबै नैतिकता र नैतिक शिक्षा रद्द गर्न चाहन्छन् । अनि तिनीहरू आफ्नो व्यक्तिगत जीवनमा अँध्यारा, घिनलाग्दा र घोर अपराधहरू गर्छन् । तिनीहरू आफूलाई अरू मानिहरूबाट सधैं अलग राख्छन्; तिनीहरू सबै कुरा गोप्य राख्छन् । तर काहिलेकहीं हामी तिनीहरूका खराब कुराकानी र पापी गीतहरू सुन्छौं ।' लकुल्युस टक्क अड़िए र मार्सेलुसतिर हेर्न थाले ।

तब मार्सेलुसले भनेः 'यी सबै साँच्ची नै गम्भीर कुराहरू हुन् । यदि यी सबै कुराहरू साँच्चै सत्य छन् भने, तिनीहरूले गतिलो दण्ड पाउनैपर्छ । तर तिमीले भनेको कुराअनुसार यी इसाईहरू आफ्नो बीचमा मात्र बस्छन्, र सबै कामकुरा गोप्यमा गर्छन्; यसकारण हामी तिनीहरूको विषयमा थोरै मात्र जान्दछौं । तर मलाई भन, के हिजो ती दुःखकष्ट सहने इसाईहरू उक्त प्रकारका दुष्ट मानिसहरूजस्तै देखिन्थे ? के त्यो बूढ़ो मानिस शर्मलाग्दा कामहरूमा आफ्नो जीवन बिताएको मानिसजस्तै देखिन्थ्यो ? अनि के ती सुन्दर तरुणीहरूले सिंहहरूलाई पर्खिरहँदा कामुक गीतहरू गाए त ?' तब मार्सेलुसले हिजो सुनेको गीतका केही शब्दहरू दोहोर्‍याएर शान्त, मधुर सोरमा निम्न गीत गाएर सुनाएः

'प्रशंसा गर्छौं, महिमा गाउँछौं, हाम्रा प्रेमी प्रभुको,
पाप सब हाम्रा धोइपखाली हामीलाई शुद्ध पार्नुहुने हाम्रा मुक्तिदाता येशूको ।'

‘हो, साथी, यो म मान्छु; मैले हिजो तिनीहरूको निम्ति शोक मनाएँ’ भनेर लकुल्युसले आफ्नो दुःख र खेद प्रकट गरे ।

तब मार्सेलुसले भनेः ‘यदि म रोमी सिपाही नभएको भए म त्यत्ति बेलै डाँको छोड़ेर रुनेथिएँ । एक क्षण सोच ! तिमीले इसाई-हरूको विषयमा जेजति कुरा मलाई भन्यौ, ती जम्मै कुराहरू तिमीले अरू मानिसहरूको मुखबाट सुनेर भनेका हौ; त्यो तिमीले स्वीकार गऱ्यौ । वास्तवमा जस-जसले तिमीलाई यी कुराहरू सुनाए, तिनीहरू पनि प्रायः इसाईहरूको बारेमा अनविज्ञ छन् । तिमी भन्छौः इसाईहरू नीच, अधम, पापी मानिस हुन्; पृथ्वीमा सबैभन्दा तुच्छ प्राणी हुन् । तर मैले त तिनीहरूलाई यस्तो मृत्युको सामना गरिरहेका देखें, जुन मृत्युले मानिसको आत्माका उच्च र श्रेष्ठ सद्‌गुणहरू केकति छन्, सो जाँच गर्छ । अनि तिनीहरूले मृत्युको सामना कति असल हुने गरी गरिरहेछन्; तिनीहरू कति गर्व र गौरवसाथ मर्दा रहेछन् । सारा रोमी इतिहासमा हेर ! तर तिमीले हिजोको जस्तै महान् श्रद्धा र भक्तिको दृश्य कहीं पाउनेछैनौ । तिमी भन्छौः तिनीहरूले सिपाहीहरूलाई घृणा गर्छन्; तर पनि तिनीहरू निक्कै साहसी छन् । तिमी भन्छौः यी इसाई देशद्रोही हुन्, तर पनि तिनीहरू कानुनको विरोध गर्दैनन्; तिमी दृढ़तासाथ दाबी गर्छौः तिनीहरू अशुद्ध, अपवित्र मानिस हुन्; तर पनि यदि यस पृथ्वीमा कहीं पवित्रता र शुद्धता छ भने, त्यो त यी मारिएका सुन्दरीहरूसितै थियो ।’

‘तिमी यी तुच्छ मान्छेहरूको निम्ति निक्कै जोशिएका छौ, र तिनीहरूको पक्षमा ठूला-ठूला कुरा गरिरहेका छौ ।’

‘होइन, लकुल्युस ! तर म सत्य जान्न चाहन्छु । मैले जीवनभरि यस्ता कुराहरू सुनेको छु; तर हिजो, पहिलो पल्ट मेरो मनमा मैले सुनेका यी सबै कुराहरू झूट हुन सक्छन् भन्ने शङ्का लाग्यो । अहिले मैले तिमीलाई धेरै कुराहरू सोधें, तर मैले तिम्रो ज्ञान पनि कुनै ठोस कुरामाथि आधारित भएको पाइनँ । अब मलाई याद छः सारा संसारमा यी इसाईहरू शान्तिप्रिय र इमानदार छन् । तिनीहरू न गोलमाल, न विद्रोह, न ता अशान्ति फैलाउने काममा लागिपरेका छन्; र जेजति आरोप तिनीहरूमाथि लगाइएको छ, त्यो आरोप

प्रमाणित गर्न सकिँदैन। त्यसो हो भने, तिनीहरू किन ठूला अपराधीझैं मर्नुपर्छ ?' मार्सेलुस भन्दै र प्रश्न गर्दै गए।

'सम्राटले जे काम गर्दै हुनुहुन्छ, त्यस कामको निम्ति उहाँसँग उचित कारणहरू होलान् नि, यसमा कुनै शङ्का छैन' भनेर लकुल्युसले आफ्नो सकारात्मक विचार प्रकट गरे।

'जोजति मारिए, तिनीहरूको सङ्ख्या साह्रै बेसी छ।'

'हो, तिनीहरू सङ्ख्यामा कैयौं, हजारौं मारिएका छन्। तैपनि तिनीहरूमध्ये बाँचेकाहरू अझै पनि धेरै छन्। तर तिनीहरूचाहिँ हाम्रा हातदेखि बाहिर छन्; तिनीहरूलाई पक्रन सकिएको छैन। अनि यस कुराले झट्टै मलाई म यहाँ किन आएको छु, यसको खास कारण सम्झायो। यहाँ मैले तिम्रो लागि सम्राटको आदेश-पत्र ल्याएको छु।' यति भनेर लकुल्युसले आफ्नो पल्टने वर्दी खोलेर एउटा बेरुवा-पत्र निकाले र त्यो पत्र मार्सेलुसलको हातमा थमाइदिए। मार्सेलुसले त्यो पत्र फ्यार्र खोले र ध्यानसित पढ़े। सरकारको यस हुकुमअनुसार तिनी अझै ठूलो पदमा नियुक्ति भएको रहेछ, र तिनलाई सबै लुक्ने ठाउँहरूबाट, विशेष गरी रोमका जमिनभित्रका सुरुङ्गहरूबाट इसाईहरूलाई खोजिनिकाल्ने र पक्रने आज्ञा पनि दिइयो। मार्सेलुसले त्यो पत्र टुप्पादेखि फेदसम्म ध्यान-सित पढ़े र आफ्नो छेउमा थपक्क राखे।

'के भयो ? तिमी त्यति खुशी देखिँदैनौ' लकुल्युसले तिनलाई सोधे।

'हो, म मानिलिन्छुः यस हुकुमअनुसार मलाई अह्राइएको काम मनपर्दो छैन। म सिपाही हुँ, र मलाई जल्लादको हातमा सुम्पन बूढ़ाबूढ़ीहरू र लुते-झुत्रे केटाकेटीहरूको शिकार गर्न मन पर्दैन। तर पनि सिपाही भएको नाताले मैले यो सरकारी आज्ञा मान्नैपर्छ, मेरो व्यक्तिगत विचार जेसुकै होस्! अब आऊ, मलाई यी सुरुङ्गहरूको विषयमा केही कुरा सुनाऊ!'

'यी सुरुङ्गहरूको नाम "क्यटाकोम्ब" हो। अनि यी सुरुङ्गहरू रोम शहरको जमिनभित्रको एउटा विशाल संसार हुन्। यो संसार रोम शहरमनि तल-तलसम्म कहाँ-हो-कहाँ, टाढ़ा-टाढ़ासम्म फैलिएको

छ । यी सुरुङ्गहरू युग-युगदेखि त्यहाँ छन् । मेरो विचारमा, यी सुरुङ्गहरू घरहरू बनाउँदा बेलायती माटोसँग मिसाउने बालुवा निकाल्न खनिएका थिए । त्यहाँ, त्यस संसारभित्र पस्ने ठाउँहरू अनगिन्ती छन् । तर त्यहीं बस्ने मानिसको सहायताविना कोही पनि त्यस अगम, अनजान, अँध्यारो जगतमा पस्न सक्दैन ।'

'त्यहाँ को बस्छन् ?' मार्सेलुसले सोधे ।

'त्यहीं अझ पनि घर बनाउनेहरूको निम्ति बालुवा खन्ने मानिसहरू बस्छन् । तिनीहरू प्रायः जम्मै इसाईहरू हुन्, जो सधैं इसाई सँगीहरूको निम्ति चिहानहरू खन्ने काममा व्यस्त रहन्छन् । यी मानिसहरूले आफ्नो सारा जीवन त्यहीं बिताएका छन् । तिनीहरूले त्यहाँका सबै बाटाहरू चिनेका मात्र छैनन्, तर कहिल्यै नगएका, नपसेकाहरूलाई बाटो देखाउन र भित्रभित्रै लैजान पनि सक्छन् ।'

'के तिमी कुनै समयमा यी सुरुङ्गहरूभित्र गएका छौ ?'

'हो, एकपल्ट, धेरै दिनअघि एउटा बालुवा खन्ने मानिसले मलाई त्यसभित्र लगेको थियो । तर त्यहाँ म एकक्षण मात्र बसें । त्यो ठाउँ त मलाई संसारको सबैभन्दा डरलाग्दो ठाउँजस्तै लाग्यो ।'

'मैले अघि "क्यटाकोम्ब"को नाम सुनेको थिएँ; तर म यी सुरुङ्गहरूको बारेमा केही पनि जान्दिनँ । अनि यी सुरुङ्गहरूको बारेमा मेरो अल्प ज्ञान भएको मलाई अप्ठ्यारो लाग्छ । के ती बालुवा खन्नेहरूलाई ती सुरुङ्गहरूभित्र लैजाने काममा लगाउन सकिँदैन र ?'

'अहँ, सकिँदैन; तिनीहरूले इसाईहरूलाई विश्वासघात गरेर धोका दिनेछैनन् ।'

'के यस विषयमा कसैले तिनीहरूको सेवा लिन खोजेको छ ?'

'किन नगरिएको र ? गरियो नि ! कोही-कोही बाटो देखाउन तयार हुन्छन्, र न्याय-कानुनका हाकिमहरूलाई बाटो देखाउँदै कुन-कुन प्वालबाट भित्र लैजान्छन्, तर अन्त्यमा यी हाकिमहरू अन्योलमा पर्छन् । तिनीहरूका राँकाहरू निभ्छन्; अनि यस निस्पट्ट अँध्यारोमा सबैजना डराउँछन् । यसरी नै अलमलिएका हाकिमहरू फेरि बाहिर निस्कन माग्छन् । ती बालुवा खन्नेहरूले पनि "सायद यी इसाईहरू सबै भागे कि कसो हो" भनेर भन्छन् र सिपाहीहरूलाई

फेरि अघि भित्र पसेको ठाउँमै फर्काएर ल्याउँछन् । तर यदि सिपाहीहरू इसाईहरूको खोजी गरिरहन चाहन्छन् भने, बाटो देखाउनेहरूले ती सिपाहीहरूलाई सुरुङ्गहरूभित्र सदा-सर्वदा घुमाइ-रहनेछन्, तर इसाईहरूको पत्ता चाहिँ लाग्नेछैन ।'

'त्यसो हो भने, म यस काममा सफल हुन्छु भन्ने आशा एकदमै कम छ ।'

'हो, त्यो आशा एकदमै कम छ । तर तिम्रो साहस र बठ्याइँमाथि धेरै आशा राखिएको छ । यस काममा तिमी सफल भयौ भने, तिम्रो भाग्य पल्टनेछ । लौ त, मार्सेलुस, अब बिदा हौं । मैले जानेजति सबै तिमीले सुनिहाल्यौं । तर मलाई थाहा छ, तिमीले ती बालुवा खन्नेहरूबाट पनि अझ धेरै कुरा बुझ्न सक्नेछौ; यसमा कति पनि शङ्का छैन ।' यति भनेर लकुल्युस मार्सेलुसको कोठाबाट निस्के ।

# ३

# अप्पियाको बाटोमा

मार्सेलुस ढिलो नगरी झट्टै आफ्नो काममा लागिहाले । किनकि हुकुम पाएको भोलिपल्टदेखि तिनी सोधखोज गर्ने कुरामा व्यस्त भए । त्यस दिनमा सोधखोज गर्ने काम मात्र थियो; यसकारण तिनले आफ्नो साथमा अरू कोही सिपाहीलाई लगेनन् । तिनी आफ्नो छाउनीबाट निस्केर शहर-बाहिर आए र अप्पियाको बाटोतिर फटाफट ओरालो लागे ।

तिनी त्यस बाटोमा ओरालै-ओरालो झरे र केही पर पुगेपछि बाटोमा भेटेको हरेक मानिसलाई ध्यानसित हेर्दै र हरेक घर होशियारसँग जाँच गर्दै तिनी बिस्तारै हिँड्न थाले । दिन बित्दैथियो; पूर्वबाट साँझ पर्न लाग्यो; तर तिनले खोजेको कुरा अर्थात् सुरुङ्‍-हरूभित्र पस्ने ठाउँ पत्ता लागेनन् । मार्सेलुसलाई त्यस सुरुङ्‍-जगत्‌मा पस्ने ठाउँहरू धेरै छन् भन्ने कुरा मात्र थाहा थियो ।

अन्तमा तिनको खोज सफल भयो । तिनी धेरैपल्ट आफ्ना पाइला पहिल्याएर अघि हिँड़ेकै बाटोमा घरि यता, घरि उता, घरि-घरि अघि, जहाँबाट तिनी हिँड़ेर आएका थिए, त्यही ठाउँमा फर्कंदै चारैतिर हिँड़िरहे । अनि डुब्दै गरेको सूर्यको पहेंलो, रातो-रातो घामले अस्ताउँदा त्यस पाखामा चारैतिर आफ्नो सुन्दरता छर्दैथियो । तब तिनको तीखो आँखाले एकजना मानिसलाई र त्यसको पछि-पछि एउटा केटा लिएर आफूतिर आइरहेको देखे । त्यस मानिसले बालुवा र माटोले फुस्रो-धुस्रो भएको ओसिएको खस्रो लुगा लगाएको थियो । अनि त्यसको अनुहार धेरै दिन झ्यालखानामा थुनिएर राखिएको मानिसको अनुहारजस्तै पहेंलो-पहेंलो, लुतो-दुब्लो थियो ।

तत्कालै मार्सेलुस त्यस मानिसतिर गए र त्यसको कुममा हात राखेर भनेः 'तिमी बालुवा खन्ने मानिस हौ; मसँग आऊ !'

त्यस मानिसले मार्सेलुसलाई पुलुक्क हेर्‍यो । अँ, त्यसले मार्सेलुसको गम्भीर, कठोर अनुहारतिर हेर्‍यो । झन् सिपाहीका हाकिमको पोसाक देखेर त, त्यसको सातो-पुत्लो नै हरायो । त्यो त्यत्ति नै बेलामा सुत्त भाग्यो, र मार्सेलुसले फनक्क फर्केर त्यसको पिछा गर्ने समय पाउँदा-नपाउँदा त्यो मानिस छेउमा भएको एउटा गल्लीभित्र पसिसकेको थियो, र आँखाबाट गायब भयो ।

तर मार्सेलुसले त्यस मानिसको पछि-पछि आइरहेको केटालाई पक्रिराखे । अनि तिनले त्यस केटालाई 'मसँग हिँड् !' भने ।

त्यस केटाले डरले लुगलुग काम्दै टीठलाग्दो अनुहार पारेर वाल्ल पर्दै तिनलाई हेर्‍यो । त्यसको अनुहार देखेर मार्सेलुसलाई पनि नमीठो लाग्यो, र तिनको मनमा दया जागेर आयो ।

'दया पाऊँ, हजुर ! मेरी आमाको खातिर ममाथि दया गर्नुहोस् ! तपाईंले मलाई पक्रेर लानुभयो भने, मेरी आमा मर्नेछिन्;' यो त्यस केटाले थरथराउँदै रुन्चे सोरमा भन्यो र घ्वाप्पै घोप्टेर मार्सेलुसका खुट्टाहरू समात्यो ।

'तँलाई म केही पनि गर्दिनँ। आइज, उठ् !' यति भनेर मार्सेलुसले त्यस केटालाई उठाए र बाटोमा हिँड़िरहेका मानिस-हरूदेखि केही पर एउटा अलिक खुला ठाउँमा लगे ।

तिनी टक्क अड़िए, र त्यस केटालाई फनक्क आफूतिर फर्काएर तिनले त्यसलाई भनेः 'मलाई साँचो कुरा भन् ! तँ को होस् ?'

'मेरो नाम पोल्लियो हो' भनेर त्यस केटाले जवाफ दियो ।

'तँ कहाँ बस्छस् ?'

'रोममा'

'तँ के गर्दैछस् ?'

'मैले एउटा खबर लाँदैथिएँ ।'

'अनि त्यस पोकामा के छ ?'

'यसमा खानेकुरा छन् ।'

'कसकहाँ पुर्‍याउँदैथिइस् तँ ?'

'यहाँ, एउटा दुःख पाएको मानिसको घरमा मैले यो लाँदैथिएँ ।'

'त्यो मानिस कहाँ बस्छ ?'

'यहाँदेखि अलि पर ।'

'अब मलाई नढाँटी सीधा भन् ! के तँलाई सुरुङ्गहरूको विषयमा थाहा छ ?'

'हो, मैले यी सुरुङ्गहरूको विषयमा सुनेको छु' भनेर त्यस केटाले विस्तारै उत्तर दियो ।

‘के तँ कुनै दिनमा यी सुरुङ्गहरूभित्र गएको छस् ?’

‘हो, म कुनै-कुनै सुरुङ्गभित्र पसेको छु ।’

‘के तैंले त्यहाँभित्र बस्ने कोही मानिसलाई चिनेको छस् ?’

‘हो, म कसै-कसैलाई चिन्छु; त्यहाँ बालुवा खन्नेहरू र मर्दाहरू गाड्ने मानिसहरू बस्छन् ।’

‘त्यसो भए, के तँ त्यस अघिको मानिससँग ती सुरुङ्गहरूतिर जाँदैथिइस् ?’

‘होइन, हजुर ! यति बेलामा मलाई ती सुरुङ्गहरूभित्र जाने के काम छ र ?’ त्यस केटाले सीधा कुरा भन्यो ।

‘म यही कुरा जान्न चाहन्छु । के तँ त्यहीं जाँदैनथिइस् ?’

‘कानुनले त्यहाँभित्र जान दिँदैन; त कानुनको विरोधमा म कसरी त्यहाँ जाने आँट गर्न सक्छु, हजुर !’

‘अब साँझ परिसकेको छ’, मार्सेलुसले बीचमा कुरा काटेर भने; ‘मसँग परको त्यस मन्दिरमा साँझको पूजा गर्न हिँड् !’

तब त्यो केटा अत्तालियो । यसकारण त्यसले ‘म हतारमा छु, हजुर’ भन्यो ।

‘तँ त मेरो कैदी भएको छस्; तँ मेरो हातमा छस् । म देवीदेवताको पूजा गर्न कहिल्यै बिराउँदिनँ । तँ मसित आउनैपर्छ; तैंले मलाई पूजा गर्न सघाउनैपर्छ ।’

तब ‘म त्यसो गर्न सक्दिनँ’ भनेर त्यस केटाले दृढ़तासाथ भन्यो ।

‘किन सक्दैनस् ? भन् !’

‘म ख्रीष्टियान हुँ ।’

‘त्यो मैले थाहा पाएँ । ती सुरुङ्गहरूभित्र तेरा साथीहरू छन्, र तँ अहिले त्यहीं जाँदैछस् । यसकारण म तँबाट यो चाहन्छुः तैंले मलाई ती सुरुङ्गहरूभित्र पस्ने ठाउँमा लानुपर्छ ।’

‘हे कृपालु हाकिम, ममाथि दया गर्नुहोस् ! म विन्ती गर्छु; मलाई यसो गर्न करमा नपार्नुहोस् ! किनकि म यसो गर्न सक्दिनँ । म मेरा साथीहरूलाई धोका दिन सक्दिनँ । बरु मलाई लेगेर ख्यालखानामा थुन्नुहोस् !’ यसो भनेर त्यो केटा फनक्क फर्क्यो ।

'तर मैले तँलाई झ्यालखानामा थुनें भने, तेरा साथीहरूले के सम्झनेछन् ? तेरी आमा छ कि छैन ?'

त्यस केटाले 'छ' भन्ने सङ्केतमा शिर हल्लायो; त्यसपछि त्यो बररर आँसु खसालेर रुन थाल्यो । 'आमा' भनेको सुन्दा त्यो प्यारो, मीठो नामले त्यसको कोमल हृदय छिया-छिया भयो; त्यसको माया त्यसका आँखाबाट पोखेर आयो ।

'मैले बुझें; तेरी आमा हुँदा रहेछन्, र तैंले आमालाई खूब माया गर्दो रहेछस् । मलाई ती सुरुङ्गहरूभित्र लैजा ! तैंले त्यसो गरिस् भने, तँ आफ्नी आमाकहाँ जान पाउनेछस् ।'

'म मेरा साथीहरूलाई कहिल्यै धोका दिन्नँ; त्यसो गर्नुभन्दा बरु म मर्नेछु । तपाईं मसित जे गर्न चाहनुहुन्छ, त्यही गर्नुहोस् !'

'मैले केही नराम्रो काम गर्ने इच्छा गरेको भए के म त्यहाँभित्र यसरी एकलै जानेथिएँ र ? विचार गर् त !' मार्सेलुसले त्यसलाई भने ।

'तिनीहरूलाई मार्नु बाहेक सरकारका सिपाही र हाकिमहरूले सतावटमा परेका इसाईहरूसँग अरू के सरोकार राख्छन् र ? तपाईं-हरू हामीलाई मार्न र नाश गर्न चाहनुहुन्छ । न भए तपाईंहरूले हामीलाई अरू के गर्न चाहनुहुन्छ ?'

'सुन्, बाबु ! मेरो त्यस्तो नराम्रो विचार केही पनि छैन । मलाई यी सुरुङ्गहरूभित्र लगिस् भने, म शपथ खाएर भन्छु, त्यहाँ जेजति कुरा म थाहा गर्छु, त्यो ज्ञान म तेरा साथीहरूको विरुद्धमा चलाउनेछैनँ ।'

'के तपाईं शपथ खाएर यो भन्नुहुन्छ ? के तपाईं मेरा साथीहरूलाई धोका दिनुहुन्न ?'

'हो, यो शपथ म सम्राट र अविनाशी देवीदेवताहरूको नाममा गर्छु', मार्सेलुसले गम्भीर भावमा भने ।

'त्यसो भए, मसँग आउनुहोस्' भनेर त्यस केटाले भन्यो । 'हामीलाई कुनै राँको चाहिँदैन; होशियारसाथ मेरो पछि-पछि हिँड्नुहोस् !' यति भनेर त्यो केटा एउटा साँघुरो छेड़भित्र पसिहाल्यो ।

# ५

# सुरुङ्गहरूभित्र

त्यो केटा र मार्सेलुस निस्पट्ट अँध्यारोमा छामछाम-छुमछुम गर्दै भित्र पसे । अन्तमा तिनीहरू सुरुङ्ग अलिक ठूलो, चौड़ा भएको ठाउँमा आइपुगे; त्यसपछि ती दुईजना भिरालो परेको एउटा सिँढ़ीमा पुगे । अनि मार्सेलुस त्यस केटाको लुगाको किनार समातेर पछि-पछि झरे ।

मार्सेलुसको निम्ति यो अवस्था खतरापूर्ण थियो । किनकि तिनले आफ्नै इच्छाले आफूलाई त्यस्ता मानिसहरूको हातमा सुम्पिँदैथियो, जुन मानिसहरूलाई तिनको समाजले दुनियाँदेखि लखेटेर यस प्रकारको अँध्यारो, उराठलाग्दो ठाउँमा बस्न करमा पारेको थियो । तिनीहरूका आँखामा तिनी पक्का पनि तिनीहरूलाई खेदो गर्ने मानिस ठहरिनेथिए । तर तिनलाई त्यहाँका मानिसहरूको विषयमा तिनीहरूको नम्रता र कोमलताको विषयमा ठूलो भरोसा थियो; यसकारण तिनलाई खतराको डरले अलिकति पनि छोएन । होइन, बरु तिनलाई ती इसाईहरूको विषयमा अझ धेरै जान्ने, तिनीहरूको जीवनको विषयमा अझ थाहा पाउने ठूलो इच्छा पो जागेको थियो; यही मनसायले नै तिनलाई त्यस सुरुङ्गभित्र लगिरहेको थियो ।

केही समय ओरालै-ओरालो झरेपछि ती दुईजना एउटा सम्म परेको जमिनमा पुगे । चाँड़ै तिनीहरू एतापट्टि घुमेर एउटा सानो चार कुना परेको ओड़ारभित्र पसे । त्यहाँ अगेनामा आगो बलिरहेको थियो र त्यही आगो दन्केको ज्वालाले त्यस ठाउँमा फिका उज्यालो छरेको थियो । त्यस केटाले बाटो सबै चिनेको थियो र नअत्तालीकन, नअलमलीकन फटाफट हिँड़ेको थियो । अनि त्यस गुफामा आइपुगेपछि त्यसले एउटा राँको भुइँबाट टिपेर आगोमा झोस्यो र बल्दो राँको हातमा बोकेर फेरि अघि-अघि हिँड़्यो ।

लास गाड्ने ठाउँको हावामा एक किसिमको वातावरण छ, जुनचाहिँ अरू कुनै ठाउँमा हुँदैन । त्यहाँ मृत्युको गन्ध हुन्छ, एउटा सुनसान चकमन्नता हुन्छ, जुन कुराले मानिसको मन र शरीर दुवैमा बराबर प्रभाव पार्छ । अनि ती सुरुङ्गहरूभित्र ठीक त्यही वातावरण थियो । त्यो कति चिसो, ओसिएको ठाउँ ! त्यस ठाउँमा सबैको

मनमा मृत-संसारको, मृत्युको चिसो प्रभाव, एक किसिमको डर पस्छ । त्यहाँभित्रको अन्धकार, मृत्युजत्तिकै अँध्यारो थियो । त्यो लासहरू गाड़िने ठाउँ, त्यो जमिनमनि बसेको ठाउँ चिसो, अँध्यारो, मृत्युजस्तै डरलाग्दो थियो । त्यो राँको केही बेर दनदन बल्यो, त्यसपछि अँध्यारोमा झ्याप्प निभ्यो ।

पोल्लियो अचानक रोकियो र हातले उँधोतिर देखायो । अन्धकार चिर्दै हेर्दा मार्सेलुसले निक्कै पर एउटा अझै ओरालो लागेको बाटो देखे । तर त्यो त बाटो थिएन; त्यो एउटा खाड़ल जस्तो थियो, जसको फेद देखिँदैनथियो ।

'यो बाटो कहाँसम्म पुग्छ ?' मार्सेलुसले सोधे ।

'तलैसम्म ।'

'के त्यहाँ तल पनि अझै यस्तो एउटा बाटो छ ?'

'छ, हजुर ! म यस बाटोको यसका तीन तलासम्म गएको छु ।'

त्यो बाटो घुम्दै-घुम्दै ओरालो गएको थियो; त्यसरी नै घुम्दै जाँदा कहाँ पुगियो, कता गइँदैछ, त्यो सबै भुलिन्थ्यो । त्यो एउटा भूल-भूलैयाजस्तो थियो । अन्धकार केही हट्दै जाँदा मार्सेलुसले चारैतिर ध्यान लगाएर हेरे । तिनले त्यहाँ भित्ताभरि ढुङ्गाका पाटीहरू देखे । यस्ता पाटीहरू साँघुरो, तर लामो-लामो माटो खनेका ठाउँहरूमाथि ढकनी जस्तै राखिएका थिए । बाटोको दुवैपट्टि इसाई चिहानहरू हुँदा रहेछन् । तिनलाई रोकिने र पढ्ने समय थिएन, तैपनि तिनले ती पाटीहरूमा 'बहिनी फोस्ताको सम्झना, जो प्रभुमा शान्तिमा सुतेकी छे' आदि विभिन्न वाक्याँशहरू लेखिएका देखे ।

प्रायः प्रत्येक पाटीमा तिनले 'शान्ति' भन्ने मीठो, सुन्दर शब्द कुँदिएको देखे । 'शान्ति' भनेर मार्सेलुसको मनमा विचार उठेर आयोः 'यी इसाईहरू कस्ता अचम्मका मानिसहरू हुन्, जसले यस्तो डरलाग्दो अन्धकारमय संसारमा पनि यसरी मृत्युको अपमान गर्न सक्छन्, र यस्तो मृत्यु र अन्धकारको बीचमा पनि 'शान्ति, शान्ति' भन्ने मन्त्र जप्न सक्छन् !'

अब त मार्सेलुसलाई पनि अँधारोमा हिँड्ने बानी भयो । तिनी अघिभन्दा राम्ररी हिँड्न थाले । तर अब त्यो बाटो अझ सानो, अझ

सानो र होचो हुँदै गयो । छेउ-छेउको पाटा पनि साँघुरो हुँदै गयो । यी दुईजनालाई अब निहुरनु र अझ बिस्तारो हिँड्नु कर लाग्यो ।

यी दुईजना छेउछाउका सयौं दोबाटाहरू पार गरेर हिँडे; यस्ता दोबाटाहरू घरि यता, घरि उता, चारैतिर छुट्टिएका थिए । यसकारण फर्केर जाने बाटो कुनचाहिँ हो, सो पत्ता लगाउन असम्भव थियो; यसकारण मार्सेलुसको जीवन पूरापूर त्यस केटाको हत्केलामा थियो ।

'कोही-कोही त यस बाटोमा हराउँछन् होला है' मार्सेलुसले भने ।

'धेरैपल्ट मानिसहरू हराएका छन्, हजुर !'

'हराउनेहरूको हालत के होला त नि ?'

'कुनै-कुनै बेलामा तिनीहरू कुनै साथीलाई नभेटेसम्म घुमि-हिँड्छन्; काहिलेकहीं तिनीहरूको विषयमा फेरि केही खबर सुनिँदैन ।'

त्यहाँ एउटा विशेष कुरा थियो, जुन कुराले ती जवान सिपाहीको मनमा ठूलो असर पार्‍यो । मार्सेलुसले त्यस सुरुङ्गभित्र अनगिन्ती ससाना चिहानहरू चारैतिर देखे । तिनी विचार-सागरमा डुबुल्की मार्न थाले: 'केटाकेटीहरू, जवानहरू – ती अज्ञात, निर्दोष र चोखा प्राणीहरू यहाँ भित्र किन गाड़िए होलान् ? के यहाँको मैला, दूषित हावा र कहिल्यै नहट्ने अन्धकारले तिनीहरूको कलिलो, सुन्दर जीवनको आयु घटायो र समय नपुग्दै तिनीहरूको जीवनदेखि ती निष्खोट आत्माहरू बिदा भए ?'

सुरुङ्गभित्र पस्नुभन्दा अघि सायद मार्सेलुसले त्यहाँभित्रकहाँ लुकीछिपी बस्ने यी भगौटाहरूलाई यसो गरेर कि उसो गरेर खोजिनिकाल्नेछु भन्ने अनेक प्रकारका विचार गरे होलान्, तर अब तिनलाई पूरा थाहा भयो, कि त्यसो गर्ने कोशिश सबै व्यर्थ हुनेथियो । त्यहाँभित्र एउटा पल्टन पस्न सक्ला, तर उनीहरूले कहिल्यै इसाई-हरूलाई देख्नेछैनन्, फेला पार्नेछैनन् ।

तर त्यत्ति नै बेलामा कहींबाट एउटा आवाज आइरहेको सुनियो । एउटा बयान गरिनसक्ने मीठो, मधुरो, सङ्गीतमय आवाज

सुरुङ्गभित्र निक्कै टाढ़ोदेखि गुँजिउठेको सुनियो। त्यो मीठो अलौकिक लय स्वर्गीय रागजस्तो सुनिन्थ्यो । मार्सेलुसको कान र हृदय मुग्ध भयो ।

एकक्षणपछि ती दिईजना एउटा घुम्तीमा आइपुगे; त्यस घुम्तीबाट स्वाट्ट निस्कनुसाथ तिनीहरूले निम्न दृश्य देखे ।

'रोकिनुहोस्' भन्दै पोल्लियोले आफ्नो साथीलाई रोक्दै भन्यो र राँको निभायो । तब मार्सेलुस टक्कै अड़िए । तिनले आफ्नो सामुन्ने देखा परेको दृश्यमा तनमनसाथ आँखा गाड़े । त्यहाँ अन्दाजी पन्ध्र फिट अग्लो र तीस फिट वर्गाकार भएको एउटा गुम्म परेको कोठा थियो । अनि त्यहाँ झन्डै एक सयजत्ति पुरुष, स्त्री र केटाकेटीहरू खचाखच भेला भएका थिए । अनि एक कुनामा एउटा टेबल थियो; त्यस टेबलको पल्लोपट्टि तिनीहरूको अगुवा जस्तो देखा पर्ने एकजना सम्मानीय मानिस उभिरहेका थिए । वरिपरिका भित्ताहरूमा केही राँकाहरू बलिरहेका थिए । ती राँकाकै ज्वालाले त्यस ठाउँमा रातो-रातो उज्यालो भएको थियो। ती सबैजना डर-चिन्ताले गलेका, दुब्ला-पातला मानिसहरू थिए; अनि तिनीहरूका अनुहार अघि मार्सेलुसले बाहिर देखेको त्यस बालुवा र चिहान खन्ने मानिसको अनुहारजस्तो पहेंला र रङ्ग उड़ेको देखिन्थे । तर अहिले तिनीहरूका अनुहारमा देखिएका मुद्रामा दुःख, शोक, चिन्ता वा निराशाको अलिकति पनि छाया थिएन। तिनीहरूका आँखाहरूका नानीमा आशाको टलक खेलिरहेको थियो, तिनीहरूका सोझा अनुहारमा आनन्द र विजयको झल्को प्रत्यक्ष देखिन्थ्यो। त्यस दृश्यले मार्सेलुसको अन्तर हृदयमा ठूलो प्रभाव र तरङ्ग सृष्टि गर्‍यो, किनभने त्यस दृश्यले तिनले इसाईहरूमा देखेका सबै कुराहरू स्पष्ट पारिहाल्यो। किनकि तिनीहरूको वीरता, तिनीहरूको आशा, तिनीहरूको शान्ति कुनै अदृश्य शक्तिमाथि आधारित भएको हुनुपर्थ्यो। तिनीहरूले यसको स्पष्ट प्रमाण दिएका थिए। कान थापेर सुन्दा तिनले तिनीहरूको गीत सुन्यो; किनकि त्यस सारा मण्डलीले मीठो, मधुरो रागमा एउटा आत्मिक गीत गाइरहेको थियो ।

यस गीतपछि तिनीहरू चुपचाप बसे । त्यस माननीय अगुवाले एउटा लामो बेरुवा-पुस्तक खोलेर फररर केही कुरा पढ़े। मार्सेलुसले त्यस्तो अघि कहिल्यै देखेका, सुनेका थिएनन् । तिनले यी शब्दहरूको पूरा अर्थ बुझेनन्, तर यी शब्दहरूले तिनको हृदयमा एउटा हलचल मच्चाएः

*'ए मृत्यु, तेरो खील कहाँ छ ? ए चिहान, तेरो विजय कहाँ छ ? मृत्युको खील पाप हो; र पापको शक्ति व्यवस्था हो । तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ ।'* १ कोरिन्थी १५ : ५५ -५७

यी शब्दहरूले मार्सेलुसको मन र विवेकमा एउटा नौलो भाव, विचारहरू भएको एउटा नयाँ संसार खोलिदिए जस्तो भयो । पाप, मृत्यु र ख्रीष्ट येशूमा केन्द्रित विचार-लहरामा यस प्रचारकको प्रवचन आधारित थियो । अनि यही प्रवचनले मार्सेलुसको मन र आत्मा जगायो । वचन सुन्दा-सुन्दै इसाईहरूको जीवन-रहस्य केमा थियो, सो कुरा पत्ता लगाउने तिनको चाहना झन् बल्दो, झन् तीव्र भएर उठ्यो ।

अन्तमा यी अगुवाले आफ्नो शिर उठाए र दुवै हात स्वर्गतिर फैलाएर एउटा जोरदार प्रार्थना गरे । अदृश्य परमेश्वरलाई विन्ती गर्दै उनले यस प्रार्थनामा आफ्नो अयोग्यता र निकम्माता स्वीकार गरे, अनि ख्रीष्ट येशूको त्राणात्मक मृत्यु र उहाँको प्रायश्चित्तको रगतद्वारा पापबाट शुद्ध पार्नुभएकोमा परमेश्वरलाई धन्यवाद चढ़ाए । त्यस प्रार्थनामा उनले परमेश्वरलाई उहाँको आत्माद्वारा उहाँले उनीहरूको हृदयमा पूरा काम गर्नुभएको होस् र उनीहरू सबैजना शुद्ध, पवित्र हुन सकून् भनेर विन्ती गरे । त्यसपछि उनले आफ्ना सबै दुःखकष्ट, फिक्रीचिन्ता र विपद्हरूको एक-एक नाम लिए र ती सबैदेखि छुटकारा पाऊँ भन्ने प्रार्थना गरे । उनले परमेश्वरलाई मुक्तिदाता येशूको नाममा उहाँप्रति जीवनमा विश्वस्त हुने, मृत्युमा विजय हुने र अमर भई स्वर्गको राज्यमा पस्ने अनुग्रह पाऊँ भनेर पनि विन्ती गरे ।

यी अगुवाले प्रार्थना गरिसकेपछि सबैजनाले फेरि पनि निम्न शब्दहरू भएको अर्को एउटा गीत अघिजस्तै मधुरो, मीठो रागमा गाए:

*'हेर, परमेश्वरको वासस्थान मानिसहरूसँग भएको छ; उहाँले तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका मानिसहरू हुनेछन्; अनि परमेश्वरले आफै तिनीहरूसँग हुनुहुनेछ र तिनीहरूका परमेश्वर हुनुहुनेछ ।*

*अनि परमेश्वरले तिनीहरूका आँखाहरूबाट सबै आँसु पुछिदिनुहुनेछ; अनि मृत्यु फेरि कहिल्यै हुनेछैन, न ता शोक, न रुवाइ, न पीड़ा फेरि कहिल्यै हुनेछ; किनभने पहिलेका कुराहरू बितिसकेका छन् । आमेन । हाम्रा प्रमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, आदर, शक्ति र सामर्थ्य भइरहोस् ! आमेन ।'*

प्रकाश २१:३-४ र ७:११

त्यसपछि मण्डलीका सदस्यहरू बिदा भएर छुट्टिन थाले । तब आफ्नो पछि-पछि मार्सेलुसलाई लिएको पोल्लियो अघि बढ्यो । तर मार्सेलुसको सैनिक पोसाक देखेर ती जम्मै मानिसहरू तर्सेर पछि सरे; अनि सायद तिनीहरू त्यहाँका विभिन्न बाटोहरूबाट सुइँ-सुत्त भागिहाल्नेथिए होलान् । तर मार्सेलुसले झट्टै ठूलो सोरमा यसो भनेः 'हे ख्रीष्टियान भाइबहिनीहरूहो, नडराउनुहोस् ! म एकलै आएको छु; म तपाईंहरूको हातमा छु ।'

मार्सेलुसको कुरा सुनेपछि तिनीहरू जम्मै फर्के, र उदेक मान्दै तिनीहरूले तिनीतिर ट्वालट्वालती हेर्न थाले । अनि तब यी वृद्ध अगुवा अघि सरे, र उनले मार्सेलुसलाई खूब ध्यानसित हेरे ।

'तपाईं को हुनुहुन्छ ? अनि तपाईं यहीं ठाउँमा आएर हामीलाई किन खोज्दै हुनुहुन्छ ? यो ठाउँ त हामीले यस पृथ्वीमा पाएको अन्तिम बिसाउने शरणस्थान हो ।' यसरी यी वृद्ध अगुवाले तिनलाई भनेर सोधे ।

'म यहाँ कुनै खराब विचार लिएर आएको छैनँ । शङ्का नगर्नुहोस् ! म कुनै साथी वा सिपाही नलिईकन एकलै आएको हुँ । म त तपाईंहरूकै हातमा छु ।'

‘तब भन्नुहोस् ! के तपाईंलाई कसैले खेदो गरिरहेको ? के तपाईं भगुवा, के तपाईं अपराधी हुनुहुन्छ ? के तपाईंको जीवन खतरामा छ ? एक प्रेटर भएर तपाईंले हामीबाट के पाउन खोज्नुभएको ?’

‘अहँ; म त उच्च पद पाएको र अधिकार प्राप्त भएको सैनिक हाकिम हुँ । तर मैले आफ्नो जीवनभरि नै सत्यको खोजी गरिरहेको छु; मैले तपाईंहरूको विषयमा धेरै कुरा सुनेको छु; तर सतावट र खेदो भइरहेको यस समयमा रोम शहरमा तपाईंहरूलाई भेट्नु दुर्लभ छ । यसैकारण यहाँ आएर मैले तपाईंहरूलाई खोजेको हुँ ।’

तब यी वृद्ध मानिसले आफ्नो मण्डलीका मानिसहरूलाई त्यहाँदेखि बिदा हुने विन्ती गरे; किनकि उनले एकलै मार्सेलुससँग कुराकानी गर्न चाहन्थ्यो । सबैजना गइहाले, तर अब एकजना स्त्री पोल्लियोकहाँ आइपुगिन्, र उसलाई आफ्ना हातले समातिन् । यी स्त्रीले उसलाई भनिन्ः ‘छोरा, तिमी किन यति ढिलो आएको हँ ?’

‘आमा, यी रोमी हाकिमले मलाई फेला पारे र मलाई जान दिएनन् ।’

‘तिम्रो सुरक्षा भएकोमा परमेश्वरलाई धन्यवाद होस् ! तर यी मानिस को हुन् ?’

‘मेरो विचारमा, तिनी इमानदार मानिस हुन्’; यिनको छोराले यिनलाई भन्यो । ‘तिनले आफूलाई हाम्रो हातमा सुम्पेको कुरा तपाईंले सुनिहाल्नुभयो, आमा ।’

अनि यी अगुवाले भनेः ‘सेसिलिया बहिनी, हामीलाई केही क्षण नछोड्नुस् ल ।’ तब यो स्त्री र अरू केही त्यहाँ रहे ।

‘मेरो नाम ओनरियस हो’ भनेर यी वृद्ध मानिसले आफ्नो परिचय दिएर मार्सेलुससँग कुरा गर्न शुरु गरे; ‘म ख्रीष्ट येशूको यस मण्डलीको साधारण धर्मगुरु र परमेश्वरको सेवक हुँ । मेरो विश्वास छ, तपाईं सच्चा र इमानदार हुनुहुन्छ । यसकारण हामीलाई भन्नुहोस्, तपाईंको इच्छा र चाहना के हो ?’

‘मेरो नाम मार्सेलुस हो; म रोममा शाही अङ्गरक्षकहरूको पल्टनको कप्तान हुँ ।’

‘हाय, हामीलाई !’ यसो भन्दै र खुइय्य शब्द छोड्दै ओनरियसले आफ्ना हातले एकपल्ट थप्पड़ी मारे, त्यसपछि भ्याट्टै उनी पछाड़ि आफ्नो कुर्सीमा पछारे। अनि अरूले मार्सेलुसलाई अफसोसको दृष्टिले हेरे; अनि पोल्लियोकी आमा सेसिलिया ठूलो सोरले चिच्च्याइउठिन्ः ‘पल्लियो, तिमीले हामीलाई विश्वासघात किन गरेको ?’

# ५

# इसाईहरूको रहस्य यसैमा छ

आफ्नो नामले यत्रो प्रभाव पारेको देखेर यी जवान सिपाही छक्क परे । 'तपाईंहरू सबैजना किन यसरी काम्नुभएको ?', तिनले भने । 'के तपाईंहरू मेरो खातिर यसरी काम्नुभएको हो ?'

'हाय ! हामी बाहिरी संसारदेखि खेदिएर यस्तो ठाउँमा बसेका छौं; तापनि हामी रोम शहरको एक-एक खबर सुन्दैछौं । अनि हामीले सुनेका छौं, कि रोममा हामीलाई अझै बढ़ी सताउने र खेदो गर्ने नयाँ युक्तिहरू तयार गरिएका छन् अरे । रोमका शाही अङ्गरक्षकहरूको पल्टनको कप्तान मार्सेलुसलाई हाम्रो खोजी र खेदो गर्ने जिम्मेवारी दिइएको छ अरे । यसो हो भने, तपाईं त हाम्रो महा शत्रु पो हुनुहुन्छ; अनि आज तपाईं हाम्रो बीचमा आउनुभएको छ; तब भन्नुहोस् ! हामी कसरी नडराउने र नआत्तिने ? हामीलाई सफासँग भन्नुहोस् ! तपाईं हामीलाई खोज्दै यहाँ किन आउनुभयो ?' यी वृद्ध मानिसले एकै सासमा तिनलाई भने ।

'म तपाईंहरूको महा शत्रु भएको भए पनि तपाईंहरू मदेखि डराउने कारण छैन । के म तपाईंहरूको हातमा छैनँ र ? म यहाँबाट कहाँ भागूँ ? तपाईंहरूले मेरो प्राण लिन खोज्नुभएको भए म के गर्न सक्नेथिएँ, मलाई भन्नुहोस् ! म त तपाईंहरूको बीचमा एकलै छु, निस्सहाय छु । मेरो इमानदारीको प्रमाण यही हो ।'

'यो त ठिक्कै हो'; केही शान्त भएर ओनरियसले भने । 'तपाईंले ठीक कुरा भन्नुभयो । हाम्रो सहायताविना तपाईं कुनै हालतमा पनि फेरि यी सुरुङ्गहरूबाट बाहिर निस्कन सक्नुहुन्न नै ।'

'त्यसो हो भने, मेरो कुरा सुन्नुहोस् ! म तपाईंहरूलाई सबै कुरा बताउँछु । म रोमी सिपाही हुँ, तर स्पेनमा जन्मेको हुँ; अनि मैले भक्ति र नैतिकता कायम राख्ने परिवारमा हुर्कन पाएको हुँ । यसकारण मैले ईश्वरको डर मान्ने र निष्ठावान् भई आफ्नो कर्तव्य पूरा गर्ने शिक्षा पाएको थिएँ । अनि फुर्सदको बेलामा आफ्नो कोठामा बसेर मैले ग्रीकका र रोमी दार्शनिकहरूले लेखेका पुस्तकहरू जम्मै पढ़ेको छु । अनि यसको फलस्वरूप के भयो भने, यी दार्शनिकहरूबाट मैले ती देवताहरूलाई बेवास्ता गर्ने सल्लाह पाएको छु, जुन देवताहरू मभन्दा

कति पनि असल छैनन्; अनि तीमध्ये कतिको चरित्र मेरो भन्दा खराब पनि छ ।

मैले प्लेटो र सिसेरोदेखि यही कुरा सिकें, कि संसारमा एकैजना सर्वोच्च ईश्वर हुनुहुन्छ, जसलाई मान्नु र पुज्नु मेरो कर्तव्य हो । तर भन्नुहोस्, मैले कसरी ती परम आत्मा परमेश्वरलाई चिन्न र मान्न सक्छु, र उहाँको आज्ञापालन गर्न सक्छु ? अर्को कुरा मैले पनि सिकें: म एउटा अमर प्राणी हुँ; अनि म मरेपछि एउटा आत्मा बन्नेछु । तर त्यस अवस्थामा म कस्तो हुनेछु, के म सुखी हुनेछु, कि के म दुःखी हुनेछु ? तब मेरो प्रश्न छ, यस परलोकको जीवनमा म कसरी सुख पाउन सक्छु ? यी दार्शनिकहरूले अमर जीवनको गौरव आफ्नो उच्च शैलीमा व्यक्त त गर्छन्, तर तिनीहरूले मलाई यसको विषयमा कुनै मार्गदर्शन दिन सकेका छैनन् । तर म यसको बारेमा सिक्न र जान्न चाहन्छु ।

यस विषयमा मेरा धर्मका पूजाहारीहरूले मलाई केही ठोस कुरा बताउन सकेनन् । तिनीहरू त पुरानै रीतिथितिहरूमा बाँधिएका हुन्छन्; तिनीहरूले केवल पूजाआजाको कुरा गर्छन् र उहिलेकै धर्मका चाड़हरू मान्न सिकाउँछन् – यस्ता कुराहरू, जुन कुराहरू तिनीहरू आफैले पनि विश्वास गर्दैनन् । पुरानो धर्म मरिसकेको छ; किनभने त्यसको बारेमा अचेल मानिसहरू केही वास्ता गर्दैनन् ।

विभिन्न देशहरूमा मैले तपाईं इसाईहरूको बारेमा धेरै कुरा सुनेको थिएँ । तर सैनिक भएको हुनाले मलाई यसमा ध्यान दिने फुर्सद भएन । अनि केही दिन अगाड़िसम्म मैले यस कुरामा त्यत्ति ध्यान दिएको पनि थिइनँ । किनकि मैले ख्रीष्टियानहरूको नैतिक पतन, तिनीहरूबाट गुप्तमा गरिने पापहरू र तिनीहरूका देशद्रोही सिद्धान्त-हरूको बारेमा सर्वमान्य कुराकानी र चर्चा मात्र सुनेको थिएँ ।

तर केही दिनअघि म रोमको 'कोलोसियम' नामक स्टेडियममा थिएँ; अनि त्यहीं मैले इसाईहरूको विषयमा सबैभन्दा पहिले केही स्पष्ट कुरा जान्ने अवसर पाएँ । त्यहाँ मैले ग्लेडिएटर मासरलाई देखें । त्यस मासरलाई डर भन्ने कुरा के हो, सो थाहा थिएन । तर त्यही मासरले आफूलाई भूल र अपराध लागेको कुरा केही नगर्ने,

तर बरु आफ्नो प्राण शान्तिसँग अर्पण गरेको मैले देखें । मैले एउटा बूढ़ा मानिसलाई मर्न देखें, जसको अनुहारमा मृत्युको सामना गर्दा शान्तिमय हाँसो थियो । अनि त सबैभन्दा ठूलो र उदेकको कुरा के थियो भने, एक हूल तरुणीहरूले आफ्ना ओठमा "प्रशंसा गर्छौं, महिमा गाउँछौं, हाम्रा प्रेमी प्रभुको, पाप सब हाम्रा धोइपखाली हामीलाई शुद्ध पार्नुहुने हाम्रा मुक्तिदाता येशूको" विजयको गीत गाएर आफ्नो शरीर जङ्गली पशुहरूको आहारा हुन सुम्पेको मैले देखें ।

जीवनमा मैले पहिलो पल्ट त्यही दिनमा, त्यस रङ्गभूमिमा मृत्युलाई हारेको देखें । हो, म पनि नडराईकन मृत्युको सामना गर्न सक्छु । युद्धभूमिमा उत्रेर मृत्युको मुखमा पर्दाखेरि सबै सिपाहीहरूले यस्तै गर्न सक्नुपर्छ । किनकि यो हाम्रो कर्तव्य हो, यो हाम्रो जीविका हो । तर त्यस दिनमा, त्यस रङ्गभूमिमा ती ख्रीष्टियानहरूले मृत्युमा आनन्द मनाए, तिनीहरू मृत्युमा रमाए । तिनीहरू सिपाही थिएनन्, तर बूढ़ाबूढ़ीहरू र तरुणीहरू, साथै केटाकेटीहरू पनि थिए । त्यस्ता कलिला केटाकेटीहरूको हृदयमा पनि ठूलाहरूको हृदयमा भएझैं आनन्द र शान्ति थियो ।' मार्सेलुस एकहोरो भन्दै गए ।

'अनि त्यस दिनदेखि नै मैले अरू कुनै विषयमा सोच-विचार गर्न सकेको छैनँ । मलाई भन्नुहोस्, उहाँ को हुनुहुन्छ, जसले तपाईंहरूलाई अलौकिक प्रेमले प्रेम गर्नुभएको छ ? उहाँ को हुनुहुन्छ, जसले तपाईंहरूलाई तपाईंहरूका पापहरूदेखि शुद्ध पार्नुभएको छ ? उहाँ को हुनुहुन्छ, जसले तपाईंहरूलाई यत्रो साहस र आशा दिनुभएको छ, र जसलाई तपाईंहरूले अहिले यहाँ पनि आफ्नो प्रार्थना चढ़ाउनुभएको छ ?

हो, कप्तान भएको हैसियतले मैले सिपाहीहरू लिएर तपाईं-हरूलाई नाश गर्ने हुकुम पाएको छु; तर तपाईंहरूबाट सिक्नुचाहिँ मेरो व्यक्तिगत चाहना हो । अनि म तपाईंहरूको सामु सम्राटको नाममा शपथ खाएर भन्छुः मेरो यस भेटघाटबाट तपाईंहरूलाई कुनै हानि हुनेछैन । यसकारण मलाई भन्नुहोस्ः तपाईं इसाईहरूको रहस्य केमा छ ?'

'तपाईंको कुरा सत्य र इमानदार सुनिन्छ', ओनरियसले भने; 'अब मलाई पक्का थाहा भयो, कि तपाईं कुनै जासुस हुनुहुन्न, हाम्रो शत्रु पनि हुनुहुन्न रहेछ । तर यति समयसम्म तपाईंले जुन कुरा खोजिरहनुभएको छ, त्यो कुरा बुझ्न परमेश्वरले तपाईंलाई यहाँ हामीकहाँ पठाउनुभएको रहेछ । तपाईं त सत्यको खोजी गर्ने जन पो हुनुहुन्छ । यसकारण ढाड़स लिनुहोस् र खुशी हुनुहोस् ! किनकि हरेक जो ख्रीष्ट येशूकहाँ आउँछ, त्यो कहिल्यै, कुनै हालतमा पनि अस्वीकार गरिनेछैन, उसलाई अफालिनेछैन ।

मार्सेलुस भाइ, तपाईंले यी पुरुष र स्त्रीहरूलाई देख्नुभयो, जसले आफ्ना घर, आफन्त, साथीहरूलाई, अँ, समाजको मान र इज्जत अनि आफ्नो धनसम्पत्ति सबै छोड़ेका छन् र जो यहाँ ठूलो अभावमा, डर र चिन्तामा जिउन राजी छन् । तिनीहरूले त्यागेका सबै कुराहरू तिनीहरूको दृष्टिमा केही पनि होइन; किनभने तिनीहरूले ख्रीष्ट येशूमा साँचो धन पाएका छन् । हो, ख्रीष्ट येशूको निम्ति तिनीहरूले आफ्नो जीवन समेत प्रिय सम्झँदैनन् । तिनीहरू उहाँको निम्ति सारा जीवन दिन तयार छन्; किनकि उहाँले तिनीहरूलाई प्रेम गरेर जित्नुभयो ।

हो, मार्सेलुस, तपाईंले ठीक भन्नुभयो । एक महान् शक्ति छ, जसले तिनीहरूमा यी सबै कुराहरू गर्न सक्यो । यसो भन्नु कुनै धार्मिक कट्टरता होइन, कुनै भ्रम वा जोश-होशको कुरा पनि होइन । तर यो त सत्यको ज्ञानको कुरा हो, यो त जीवित परमेश्वरको निम्ति हाम्रो प्रेमको फल हो ।

तपाईंले यी सर्वोच्च परमेश्वरको विषयमा बुझ्न चाहनुभएको रहेछ । यसकारण बुझ्नुहोस्ः हाम्रो विश्वास उहाँको प्रकाशमाथि आधारित छ । किनकि उहाँले आफूलाई प्रकट गर्नुभएको छ । उहाँको महानता र शक्ति अपार छ । उहाँको प्रेम र कृपाको सीमा र अन्त हुँदैन । अनि हाम्रो धर्मले हामीलाई यही एकमात्र सत्य, सर्वोच्च परमेश्वरको नजिकको सङ्गतमा ल्याएको छ । यस विश्वासले हामी उहाँका घनिष्ठ साथी र उहाँका छोराछोरी भयौं; उहाँ हाम्रो मार्गदर्शक, हाम्रो शान्ति, हाम्रो आशा, हाम्रो बल, हाम्रो सब थोक

हुनुहुन्छ। उहाँ हाम्रो सृष्टिकर्ता र हाम्रो एकमात्र मुक्तिदाता हुनुहुन्छ।

तपाईंले अनन्त जीवनको बारेमा जान्न चाहनुभएको छ। यस विषयमा हाम्रो धर्मशास्त्रले सफासँग बताउँछ, कि हामीले परमेश्वरको पुत्र येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ। उहाँमाथि हामीले विश्वास गर्‍यौं भने स्वर्गको अनन्त सुख हाम्रो हुनेछ। अनि यस पृथ्वीमा हामी आफ्नो जीवनले उहाँलाई प्रेम र सेवा गरेकोमा अनन्त इनाम हाम्रो हुनेछ। अनि पवित्र धर्मशास्त्र बाइबलले हामीलाई हामीले परमेश्वरलाई कसरी खुशी पार्नुपर्छ भन्ने शिक्षा दिन्छ। अनि परलोकमा पुगेर हामी उहाँलाई उहाँको अपार अनुग्रहको निम्ति मुरी-मुरी धन्यवाद चढ़ाउनेछौं। अबचाहिँ मृत्यु हाम्रो निम्ति डरत्रासको कारण होइन, श्राप पनि होइन, तर एउटा आशिष पो हुँदो रहेछ। किनकि यो त हाम्रो निम्ति परम सुखमा पुग्ने प्रवेशद्वार पो हो। यही बाटो भएर हामी सीधा उहाँको पवित्र उपस्थितिमा र अवर्णीय आनन्दको स्थानमा पुग्नेछौं।'

मार्सेलुस उत्तेजित भएर भन्न लागेः 'ओहो, यदि कुरा यस्तो हो भने, मलाई यो सत्यता स्पष्ट बुझाउनुहोस्! मैले वर्षौंदेखि खोजेको कुरा यही हो। मैले ईश्वरलाई यसको निम्ति प्रार्थना चढ़ाएको थिएँ। अनि मैले खोजेको कुरा तपाईंहरूसँग हुँदो रहेछ। मैले बुझें, मेरो जीवनको उद्देश्य र मेरो भाग्य यसैमा भर पर्छ। हाम्रो हातमा रात-भरिको समय छँदैछ। मलाई इन्कार नगर्नुहोस्, तर मलाई सबको सब बताउनुहोस्! ओहो, साँचो परमेश्वरले यी सबै कुराहरू जनाउनु-भएको रहेछ; तर अफसोस, मैले अहिलेसम्म यसको विषयमा केही पनि जानेको छैनँ; म कति अन्धो र कति अनजान भएको हुनुपर्छ!'

तब ओनरियसले केही शब्दहरू बड़बड़ाएर परमेश्वरलाई मनमनमा धन्यवाद दिए र प्रार्थना चढ़ाए। त्यसपछि उनले हातले लेखेको 'नयाँ नियम' नामक एउटा पाण्डुलिपि निकाले र खूब होशियारीसँग त्यो खोले।

'हे जवान भाइ, यो हामीलाई जीवन दिने परमेश्वरको वचन हो। यसले हामीलाई शान्ति र आनन्द दिलाउँछ। यसमा हामी हामीलाई

चाहिएको सबै ज्ञान पाउँछौं । यी दिव्य शब्दहरूबाट हामी अरू कहींबाट नपाउने प्रकाश पाउँछौं । यसमा प्रकट भएका महिमित सत्यताहरू जीवनभरि मनन गरेर पनि यसको सीमामा पुग्न सकिँदैन; यो वचन यति अपार छ ।'

त्यसपछि ओनरियसले परमेश्वरको वचनको यस पाण्डुलिपिबाट पढ्दै मार्सेलुसलाई प्रभु येशूको विषयमा भन्न थाले । उनले अदनको बगौंचामा परमेश्वरले मानिसलाई गर्नुभएको प्रतिज्ञा पढ़ेर सुनाए । यस प्रतिज्ञाअनुसार स्त्रीको सन्तान भएर शैतानको शिर कुच्च्याउने व्यक्ति आउनुहुनेथियो । त्यसपछि ओनरियसले यी महान् व्यक्तिको विषयमा पूर्वजानकारी दिने भविष्यवक्तहरूको चर्चा गरे । युग-युगसम्म यो सत्यको ज्ञान साँचेर राख्न परमेश्वरले छान्नुभएको इस्राएली जातिको कथा, अनि यी इस्राएलीहरूले देखेका परमेश्वरका उदेक-उदेक कामहरू बयान गरे । परमेश्वरको वचनबाट यी प्रचारकले एउटी शुद्ध कन्यादेखि जन्मनुभएको परमेश्वरको पुत्र येशूको सम्बन्धमा लेखिएको खण्ड पढ़ेर सुनाए । उनले परमेश्वरको पुत्रको जन्म-विवरण, उहाँको बाल्यावस्थाको वृत्तान्त, उहाँ मानिसहरूको बीचमा देखा पर्नुभएको घटना, उहाँले गर्नुभएका आश्चर्य कर्महरू र उहाँले दिनुभएको शिक्षा एक-एक गर्दै मार्सेलुसलाई सुनाए । यी इसाई अगुवा यी जम्मै कुराहरू 'पवित्र बाइबल' नामक त्यस पवित्र पुस्तकबाट पढ़ेर र बीच-बीचमा वचनको व्यख्या गरेर भन्दै गए ।

त्यसपछि उनले परमेश्वरको पुत्रप्रति यस संसारका मानिसहरूले केकस्तो व्यवहार गरे अर्थात् मानिसहरूले उहाँलाई हेला गरेका, गिल्ला गरेका, सताएका र धोका दिएका अनि मृत्युदण्ड दिएका सबै कुराहरूको बेलिबिस्तार गरे ।

अन्तमा ओनरियसले कलवरी डाँड़ामा, त्यस कूसमा प्रभु येशूले हाम्रा पापहरूको निम्ति दिनुभएको बलिदानको वर्णन पढ़ेर सुनाए ।

यी सब व्याख्या सुनेर मार्सेलुसको हृदयमा एक उदेकको असर भयो । तिनको मनमा एक्कासि ज्योति चम्केजस्तै भयो । मानिसको पापदेखि घिनाएर अलग बस्नुहुने परमेश्वरको पवित्रता, पापलाई

सजाय दिनुपर्ने उहाँको धर्मी र पवित्र स्वभाव, आफ्नो एकमात्र प्रिय पुत्रलाई दान दिने उहाँको अद्‌भुत प्रेम, अनि मानिसहरूको उद्धार गर्न आफ्नो जीवन बलिदानको रूपमा चढ़ाउन स्वर्गीय सिंहासन छोड़ेर आउनुहुने र परमेश्वरको निगाह यस संसारमा ल्याउनुहुने प्रभु येशूको महान् त्यागपूर्ण प्रेम – यी सबै कुराहरू मार्सेलुसले छर्लङ्ग देखे र बुझे । जब ओनरियसले कलवरीको दुःखान्त कथाको अन्तिम भाग पढ़ेर सुनाए र *'हे परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो'* भन्ने वाक्य पढ़ेर *'अब सिद्धियो'* भन्ने ख्रीष्ट येशूको विजयको चीत्कार पनि पढ़िसिद्ध्याए, तब यी सुसमाचारको प्रचारकले मार्सेलुसलाई तिनको आँसुले रुजेको अनुहार छोपेर सुक्क-सुक्क गर्दै रोएका देखे ।

'अब भयो, भयो; मलाई पुग्यो ! अझै बढ़ी नसुनाउनुहोस् !' भनेर मार्सेलुसले बिस्तारै मधुरो सोरमा भने; 'मलाई उहाँको विषयमा सोच्ने समय दिनुहोस्, जसले हामीलाई प्रेम गर्नुभयो र आफ्नो पवित्र रगतले हाम्रा पापहरू धोइपखाली हामीलाई शुद्ध पार्नुभयो ।' यति भन्दै मार्सेलुसले आफ्नो अनुहार आफ्ना दुईवटा हातले छोपे ।

तब ओनरियसले स्वर्गतिर आफ्ना आँखाहरू उठाए र प्रार्थना गर्न थाले । यी दुईजना एकलै थिए; अरू मानिसहरू धेरै अघि आफ्नो ठाउँमा हिँड़िसके । ओनरियसको पछाड़िमा बलेको राँकोले मधुरो उज्यालो दिइरह्यो । यसरी यी दुईजना लामो समयसम्म चुपचाप बसे ।

अन्तमा निक्कै बेरपछि मार्सेलुसले आफ्नो शिर उठाए । 'मलाई के लाग्छ भने, ख्रीष्ट येशूको मृत्युमा मेरो पनि हात थियो । पढ़्दै जानुहोस् ! जीवनको वचन पढ़ेर अझै सुनाउनुहोस् ! किनभने यो मेरो जीवन र भविष्य यही वचनमाथि निर्भर गर्छ' भनेर तिनले भने ।

ओनरियसले फेरि पनि प्रभु येशू क्रूसमा मर्नुभएको, चिहानमा गाड़िनुभएको र मरेको तेस्रो दिनमा फेरि जीवित हुनुभएको र बौरिउठ्नुभएको अनि चालीस दिनपछि स्वर्ग चढ़िजानुभएको र परमेश्वर पिताको दाहिने हातमा बस्नुभएको कुरा पढ़ेर सुनाए । उनले आफ्नो साथीको मनलाई शान्ति दिन चाहेर तिनलाई प्रभु येशूका सबै

सम्बन्धित वचनहरू सुनाए, जुन वचनहरूले मार्सेलुसजस्तै पापी मानिसलाई येशूकहाँ आउने निम्तो दिन्छन् र उहाँकहाँ आउने व्यक्तिलाई 'विश्वास गरेर तिमी उहाँको निगाहअनुसार अवश्य पापको क्षमा पाउँछौ' भन्ने आश्वासन दिन्छन् ।

'यो परमेश्वरको वचन हुनुपर्छ; यसमा शङ्का छैन', मार्सेलुसले चर्को सोरमा भने । 'यो त स्वर्गबाट आएको दिव्य वाणी हो । किनकि मैले जेजति सुनें, यी सबै शब्दहरूले मेरो हृदय छोए । यी सबै कुराहरू अनन्त सत्य हुन् भनेर मैले जानेको छु । तर म कसरी यी आशिषहरूको भागी हुन सक्छु ? म कसरी मुक्ति पाउन सक्छु ? हो, म एक पापी मानिस हुँ; अब मेरो मनबाट त्यो कुइरो हट्यो । अनि बल्ल मैले आफूलाई चिनें । अघि मैले आफूलाई धर्मी सम्झन्थें; तर अब प्रभु येशू, यी पवित्र जनको सामु म आफ्ना आँखा उठाउन सक्दिनँ; म दोषी छु; म खरानीमा बस्छु र मानिलिन्छुः हो, म उहाँको आँखामा एउटा पापी मानिस हुँ ।'

'प्रभु येशू हराएकाहरूलाई खोज्न र बचाउन आउनुभयो । उहाँले हामी सबैजनाको निम्ति आफ्नो अमूल्य रगत बगाएर हाम्रो छुटकाराको मोल तिर्नुभयो ।'

मार्सेलुसः 'तर यो कुरा मेरो लेखामा कसरी गनिन्छ ?'

ओनरियसः 'भाइ, उहाँले तपाईंका सबै पापहरू क्षमा गर्नुहुन्छ ।'

मार्सेलुसः 'उहाँले मलाई कसरी पाप-क्षमा गर्नुहुन्छ त ?'

ओनरियसः 'आफ्नो हृदय उहाँतिर उचाल्नुहोस् र उहाँको नाम पुकार्नुहोस् ! मलाई क्षमा गर्नुहोस् भनेर उहाँलाई विन्ती गर्नुहोस् ! तब तपाईंले सित्तैंमा पापको क्षमा पाउनुहुनेछ ।'

मार्सेलुसः 'मैले उहाँलाई कसरी ग्रहण गरूँ ? मैले उहाँलाई कुन-चाहिँ शब्दहरू चढ़ाउनुपर्छ, सो मलाई सिकाउनुहोस् ! के म उहाँलाई पुकार्न पाउँछु ?'

धर्मशास्त्र पवित्र बाइबलः *'वचन तिम्रो नजिकै छ, तिम्रो मुखमा र तिम्रो हृदयमा अर्थात् विश्वासको वचन जुनचाहिँ हामी प्रचार गर्छौं । किनभने यदि तिमीले प्रभु येशूलाई आफ्नो मुखले स्वीकार गर्‍यौ भने र परमेश्वरले उहाँलाई मरेकाहरूबाट बौराएर उठाउनुभएको*

*कुरा विश्वास गर्‍यौ भने, तिम्रो मुक्ति हुनेछ । किनकि मानिसले धर्मी हुनलाई हृदयदेखि विश्वास गर्नुपर्छ र मुखले स्वीकार गर्नुपर्छ; तब उसले मुक्ति पाउँछ ।'* (रोमी १० : ८ -१० )

मार्सेलुसः 'तर ओनरियस दाजु, के मैले गर्नुपर्ने काम अरू केही पनि छैन ?'

पवित्र बाइबलः *'तिमीहरूले विश्वासद्वारा अनुग्रहबाट मुक्ति पाएका छौ; यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो; कामहरूबाट पाइने चीजै होइन, नत्रता कसैले घमण्ड गर्ला'* (एफेसी २ : ८ -९ ) । '

*पापको ज्याला मृत्यु हो, तर परमेश्वरको अनुग्रहको वरदान प्रभु येशूमा आनन्त जीवन हो'* (रोमी ६ : २३ ) ।

मार्सेलुसः 'के मैले चढ़ाउनुपर्ने कुनै बलिदान छैन ?'

पवित्र बाइबलः *'तर ख्रीष्ट येशूले पापहरूको निम्ति एउटै बलिदान चढ़ाएर सदाको लागि परमेश्वरको दाहिने बाहुलीमा बस्नुभएको छ ।'* (हिब्रू १० : १२ )

*'यसैकारण उहाँद्वारा परमेश्वरकहाँ आउनेहरूलाई उहाँ सम्पूर्ण रूपले मुक्ति दिलाउन सक्नुहुन्छ; उहाँ यसको निम्ति सक्षम हुनुहुन्छ । किनभने तिनीहरूको निम्ति उहाँ सधैं अन्तर्विन्ती गरि-रहनुहुन्छ ।'* (हिब्रू ७ : २५ )

यस चिसो कमरामा, बत्तीको धमिलो उज्यालोमा, यस सुनसान सन्नाटाको वातावरणमा ओनरियसले घुँड़ा टेके, अनि मार्सेलुसले पनि यसको छेउमा घुँड़ा टेके । अनि यी आदरणीय अगुवाजनले प्रार्थनामा आफ्नो हृदय परमेश्वरकहाँ उचाले । तब मार्सेलुसलाई के भयो ? यी ख्रीष्ट-विश्वासीको गम्भीर र हृदयस्पर्शी प्रार्थनाद्वारा आफू स्वर्गमा परमेश्वरको सामु, अँ, मुक्तिदाता प्रभुको उपस्थितिमा पुगेको तिनलाई भान भयो । अनि यी अगुवाले प्रयोग गरेका शब्दहरूले तिनको मनमा तिनले चढ़ाउन खोजेका तिनका शब्दहरू पो बने । तिनले आफैलाई परमेश्वरको उपस्थितिमा विनम्र पारे, अनि मनमनै उही शब्दहरू चढ़ाए । तर अन्तमा मार्सेलुसको मनको इच्छा उर्लेर प्रबल भयो । किनकि तिनको मनमा आशाको किरण चम्कन थाल्यो ।

डराउँदै र काम्दै तिनमा विश्वास बढ्दै गयो । अनि जब ओनरियसले आफ्नो प्रार्थना सिद्ध्याए, तब मार्सेलुसले आफूलाई रोकिराख्न सकेनन् । तिनले प्रार्थना गरेः 'हे प्रभु येशू, म पापी मानिसमाथि दया गर्नुहोस् !'

घण्टौं बितेका थिए । तर यहाँ के भइरहेको थियो, कसले चाहिँ एउटा आत्मा मृत्युदेखि जीवनमा प्रवेश गरेको घटना ठीकसित वर्णन गर्न सक्ला र ? तर भोलिपल्ट बिहान पृथ्वीमा प्रभातको उज्यालो खसेको बेलामा जमिनभित्र यी अँध्यारा सुरुङ्गहरूमा मार्सेलुसको मनमा सुदिनको उदय भयो । तिनका सबै इच्छा र आकाङ्क्षाहरू पूरा भए । तिनको पापको बोझा हटिगयो, अनि तिनको हृदयमा परमेश्वरको शान्तिले राज्य गर्‍यो । किनकि इसाईहरूको रहस्य तिनको भयो । आनन्दमा विभोर भएर तिनका खुट्टाहरू भुइँमा रहेनन् । तिनलाई उडूँ, उडूँ जस्तै के साह्रै हल्का भयो ! अब तिनले पनि सारा हृदयले इसाईहरूको निम्न गीत गाउन सकेः

*'जसले हामीलाई प्रेम गर्नुभयो र आफ्नै रगतद्वारा हामीलाई हाम्रा पापहरूबाट धोइपखाल्नुभयो, उहाँलाई नै महिमा र प्रभुत्व सदा-सर्वदा भइरहोस् । आमेन !'* (प्रकाश १ः५ -६ )

# ६

# गवाहीहरू थुप्रै छन्

नयाँ ख्रीष्ट-विश्वासी भएका मार्सेलुसले चाँड़ै अरू इसाईहरूबाट धेरै कुरा सिके र जान्न पाए। एक झप्कीको निद्रापछि तिनी उठे। अनि तिनी उठ्नेबित्तिकै ओनरियस पनि त्यहाँ आइपुगे। उनले मार्सेलुसलाई यी सुरुङ्गहरू र इसाईहरू बसेका ठाउँहरू देखाउने इच्छा गरे।

हिजो राति मार्सेलुसले त्यस गुफाको कमरामा देखेका इसाईहरूको सङ्ख्या थोरै थियो। वास्तवमा ती सुरुङ्गहरूभित्र हजारौंहजार इसाईहरू बस्थे। तिनीहरू एकै ठाउँमा बस्दैनथिए, तर ससाना झुण्डहरू भई चारैतिर छरिएर बस्थे। अनि एक-एक झुण्डसँग रोम शहरसित संचार गर्ने आ-आफ्नो तरिका थियो।

ओनरियससँग मार्सेलुस चारैतिर घुमे, र ठूलो सङ्ख्यामा तिनले इसाईहरूलाई भेटे। यो देखेर तिनी छक्कै परे। हो, इसाईहरू धेरै छन् भन्ने कुरा तिनलाई थाहा थियो। तर यति धेरै इसाईहरूसँग यी सुरुङ्गहरूभित्र जीवन बिताउने साहस र सहनशक्ति थियो भन्ने कुरा तिनले पत्याउन सकेनन्।

तर तिनको चासो यी जिउँदा इसाईहरूमा मात्र केन्द्रित रहेन, तर मरेका इसाईहरूको विषयमा बुझ्न तिनको रुचि थियो। किनकि यी सुरुङ्गहरूमा अघि बढ्दै गर्दा तिनले तिनीहरूका चिहानहरू देखे, र ती चिहानका ढकनीहरूमा लेखिएका शब्दहरू पढ़े। अनि यी शब्दहरूमा यी विश्वासीहरूको दृढ़ विश्वास र उच्च आशा व्यक्त गरिएका थिए। तिनले यी स्मारकहरूमाथि लेखिएको एक-एक वाक्य पढ्न चाहे, र ओनरियस तिनको उचित गाइड थिए; किनकि यी वाक्यहरूद्वारा उनको सम्झना र भक्ति जागेर उठ्यो।

यी चिहानहरूतिर इसारा गरेर ओनरियसले भनेः 'हेर, सत्यताको निम्ति गवाही दिने साक्षी यहाँ छ।' अनि उनले देखाएको चिहान र त्यसमा लेखिएका शब्दहरूमा मार्सेलुसले ध्यानसित हेरे र निम्न शब्द पढ़ेः

*'प्रिय प्रिमिटियस, तिमीलाई शान्ति !*
*किनकि धेरै सास्ती सहेर र शहीद भएर*
*अठतीस वर्षको उमेरमा तिम्रो मृत्यु भयो।'*

तब ओनरियसले भनेः 'प्रिमिटियसजस्तै पुरुषहरूले इसाईहरू कसरी मर्नुपर्छ, सो हामीलाई देखाए । अनि हेर्नुहोस्, प्रिमिटियसले जस्तै दुःख सहेर मर्ने अर्को एकजना भाइको चिहान यता छ ।'

*'असाध्य सास्ती दिएर पोलुसलाई मृत्युदण्ड दिइयो;*
*यसरी तिनले अनन्त आनन्दमा प्रवेश गरे ।'*

ओनरियसले भनेः 'अनि हेर्नुहोस्, त्यहाँ एउटी खानदानकी महिलाको चिहान छ; यिनले आफ्नो मृत्युमा ठूलो वीरता देखाइन्, जुन वीरता ख्रीष्ट येशूले आफ्ना चेलाहरूमध्ये सबैभन्दा कमजोर अनुयायीलाई खाँचो परेको खण्डमा अवश्य दिनुहुन्छ ।'

यिनको चिहानमा निम्न शब्द लेखिएको थियोः

*'क्लेमेन्टिया, जसलाई सास्ती दिइयो, जसलाई मारियो, जो यहाँ सुत्छिन्, तर जो एक दिन यहाँबाट उठ्नेछिन् ।'*

यस कुराको बयान गर्दा ओनरियसले भनेः 'हामी मर्दैनौं, तर हामी त सुत्नेछौं, र अन्तिम तुरहीको आवाजमा हामी फेरि उठ्नेछौं र सदा-सर्वदा प्रभु येशूको साथमा हुनेछौं ।' अनि आफ्नो कुरामा अघि बढ्दै उनले भनेः 'यहाँ कोन्स्टान्टुस गाड़िएको छ; ऊ आफ्ना परमेश्वरप्रति दुईपल्ट, दुईवटा मुद्दामा विश्वासी रह्‍यो । पहिले तिनीहरूले उसलाई विष खुवाए, र यस विषले उसलाई केही हानि गर्न सकेन; त्यसपछि तिनीहरूले उसलाई तरवारले मारे ।'

यस भाइको चिहानमा निम्न शब्दहरू पढ़िन्छः

*'विषले होइन, तर फलामे तरवारले कोन्स्टान्टुसलाई महिमाको मुकुट दिलायो ।'*

यसरी नै यी दुईजना चारैतिर घुमिहिँड़े र सुरुङ्गको दुवैपट्टि भएका चिहानहरूमा लेखिएका शब्दहरू पढ्दै रहे । यी मानिस-हरूका नामहरू पढ्दै गर्दा मार्सेलुसलाई के लाग्यो भने, यहाँ त ख्रीष्ट येशूको मण्डलीको इतिहास पो पढ़िन्थ्यो; किनकि यहाँ शहीदहरूले देखाएको वीरता बल्दा शब्दहरूले परिभाषा गरेका थिए ।

यसरी नै कुरा गर्दै र घण्टौं परमेश्वरको सत्यको सम्बन्धमा शिक्षाहरू सिक्दै र अरू इसाईहरूका अनुभवहरू सुन्दै मार्सेलुस ओनरियससँग चारैतिर डुले। ती इसाईहरूको प्रेम, तिनीहरूको चोखोपन, तिनीहरूको धैर्य र विश्वास, तिनीहरूको नम्र व्यवहार र मीठो बोलचालले तिनको हृदयमा गहिरो छाप पाऱ्यो। अनि मार्सेलुसले गरेको अनुभव एक दिनको क्षणिक कुरा थिएन। किनकि तिनले जेजति देखे, ती सबै कुराहरूले तिनमा 'म पनि ती परमेश्वरका जनहरूको विश्वाससँग एक हुन चाहन्छु र तिनीहरूको भाग्य मेरो भाग्य हुनेछ' भन्ने इच्छा जगाए। यसकारण तिनको इच्छाअनुसार तिनलाई पिता, पुत्र र पवित्र आत्माको नाममा पानीको बप्तिस्मा दिइयो।

अनि नभन्दै यो हप्ता बित्यो र प्रभुको दिन आयो, अर्थात् आइतबारको दिन भयो। अनि बिहान मार्सेलुस अरू इसाई दाजुभाइ-दिदीबहिनीहरूसँग एकसाथ प्रभुभोजमा सामेल भए। प्रभुभोज खाएर इसाईहरूले हप्तापिच्छे अति साधारण तरिकाले प्रभु येशूको मृत्युको सम्झना गर्थे। अनि यस बिहान ओनरियसले टेबलमाथि राखिएका रोटी र दाखमद्यको निम्ति धन्यवाद चढ़ाए। त्यसपछि अरू विश्वासीहरूको साथमा मार्सेलुसले रोटीको एक टुक्रा लिएर र कचौराबाट एक घुट्को पिएर तिनी सबैभन्दा पहिलो पल्ट यस रोटी र यस दाखमद्यमा सहभागी भए, जुन रोटी र जुन दाखमद्य प्रभु येशूको त्राणात्मक मृत्युका सम्झना गराउने पवित्र समाग्रीहरू हुन्। किनकि प्रभुभोजको रोटीले उहाँले हाम्रो निम्ति अर्पण गर्नुभएको शरीर र यसको दाखमद्यले उहाँले हाम्रो निम्ति बगाउनुभएको रगत सङ्केत गर्छ।

# ७

# विश्वासको स्वीकार

मार्सेलुसले आफ्नो कोठा छोड़ेको चार दिन भइसक्यो । अनि तिनले एउटा दृढ़ संकल्प गरिसकेका थिए । तिनले केही समयको निम्ति पापको मोजमज्जा गर्नुको सट्टामा बरु परमेश्वरका जनहरूसँग दुःख सहन रोजे (हिब्रू ११ : २५) ।

छाउनीमा फर्केपछि तिनी जर्नेलको अघि उपस्थित भए । अनि तिनले जर्नेललाई 'म इसाईहरूकहाँ गएँ; तर मैले मलाई सुम्पेको कारभार पूरा गर्न सक्दिनँ; यसको निम्ति म क्षमाप्रार्थी छु, अनि यसको निम्ति म जेजति नतिजा भोग्न तयार छु' भन्ने कुरा जाहेर गरे । यो सुनेर जर्नेल तिनीसँग रिसाए । यिनले मार्सेलुसलाई आफ्नो कोठामा फर्केर जाने आज्ञा दिए ।

आफ्नो कोठामा पुगेर मार्सेलुसले यसको नतिजाको विषयमा गहिरो प्रकारको सोचविचार गरे । तर त्यहाँ आइपुगेका लकुल्युसले तिनको ध्यान एकै क्षणमै भङ्ग गरे ।

'म भर्खरै जर्नेलकहाँ गएको थिएँ' भन्दै लकुल्युसले कुरा शुरु गरे । 'अनि उहाँले तिमीलाई एउटा समाचार दिन भनी मलाई पठाउनुभयो । तर पहिले मलाई भन ! तिमीले गरेको यो कुरा के हो त ?'

तब मार्सेलुसले आफ्नो साथी लकुल्युसलाई आफै छाउनीबाट निस्केको दिनदेखि फर्केको दिनसम्म जेजति घटना घटेको थियो, त्यो सबै केही ढाकछोप नगरी बताइदिए । त्यसपछि तिनले जर्नेलसँग भएको कुरा पनि भनेः

'जर्नेलले मलाई भित्र बोलाउनुभयो; अनि हुन सक्छ, उहाँले मेरो मुखबाट एउटा असल रिपोर्ट सुन्न चाहनुभयो होला र मेरो खोज-तलाशमा मेरो सफलता केकस्तो भयो, सो जान्न चाहनुभयो होला । अनि मैले उहाँलाई स्पष्टसँग भनें, कि मैले पाएको आदेशअनुसार म केही दिनअघि छाउनीबाट निस्केको थिएँ, र मैले इसाईहरूको बीचमा केही दिन बिताएँ । अनि जे मैले देखें र पत्ता लगाएँ, यस कुराले उनीहरूको विषयमा मेरो सोचविचार बदली गर्‍यो । उनीहरूलाई भेट्नुभन्दा अघि इसाईहरू मृत्युदण्डको योग्य देशद्रोही

मानिस हुन् भन्ने मेरो धारणा थियो भने, मैले उनीहरूलाई सम्राटलाई सम्मान र इज्जत गर्ने विश्वासयोग्य देशभक्त पो भेट्टाएँ। म यस्ता मानिसहरूको विरोधमा आफ्नो तरवार कहिल्यै प्रयोग गर्न सक्नेछैनँ। होइन, बरु म आफ्नो राजीनामा दिन्छु।

तर जर्नेलले मलाई भन्नुभयोः "हत्, सिपाहीको भावनाले उसलाई उसको कर्तव्यदेखि कहिल्यै हट्न लाउन पाउँदैन।"

तब मैले भनेंः "हुन्छ, हजुर; तर के गर्ने? मलाई रच्नुहुने परमेश्वरप्रति मेरो कर्तव्यको विषयमा कसो हो? के मानिसप्रति भन्दा उहाँप्रति मेरो कर्तव्य ठूलो होइन र?"

तिनले मलाई भनेः "के इसाईहरूप्रति तिम्रो भावनाले तिमीलाई पगला बनायो? के तिमी जान्दैनौ – तिमीले त राजद्रोह गरेका हौ!"

यसको उत्तरमा मैले आफ्नो शिर झुकाएँ र भनेंः "हजुर, म यसको प्रतिफल भोग्न तयार छु।"

तब उहाँ राँकिनुभयो, र उहाँले मलाई भन्नुभयोः "मूर्ख जवान, सोझै आफ्नो कोठामा जाऊ! म तिमीलाई मेरो निर्णय जनाउनेछु।"

म सीधा आफ्नो कोठामा आएँ, र यहाँ आएपछि म कहीं गएको छैनँ। जर्नेलको फैसला के हुने हो, सो सुन्न म पर्खेको छु।'

लकुल्युसले एक शब्द नबोलीकन मार्सेलुसले भनेको सबै कुरा ध्यानसित सुने। तर जब मार्सेलुसले आफ्नो कुरा बताउन छोड़े, तब उनले अफसोस मानेको सोरले बोले।

'सुन! अँ, सुन! जर्नेलको फैसला केकस्तो हुन्छ, सो तिमीलाई र मलाई पनि राम्ररी थाहै छ। किनकि शान्तिकालको सामान्य समयमा पनि कसैले पनि रोमी सरकारको सजाय हेलचेक्र्याइँ गर्न सक्दैन भने, वर्तमान वातावरणमा कुरा झन् बढ़ी यस्तै हुन्छ, जब इसाईहरूप्रति सरकारको क्रोध जागेको छ र तिनीहरूप्रति साह्रै कठोर भएको छ। यसकारण बुझः तिमी यसरी अघि बढ्यौ भने तिम्रो पतन सुनिश्चित हुनेछ।'

'हो; तर मैले तिमीलाई मेरा सबै कारणहरू बताइसकेको छु', मार्सेलुसले भने।

'मार्सेलुस, हो, तिम्रो निर्मल र इमानदार स्वभाव मलाई थाहा छ। तिमी सधैं आफ्नो भक्ति कायम राख्ने मानिस हौ। तिमीले दार्शनिकहरूका उच्च विचार र सिद्धान्तहरू मन पराएका थियौ। के तिमीले अहिले यी सिद्धान्तहरूद्वारा आफ्नो मन मनाउन सक्दैनौ ? यिनमा सन्तुष्ट रहो। तिमी क्रूसमा टाँगिएको यहूदीको दुष्ट शिक्षा-प्रति किन यति मोहित भएका छौ ?'

'तिमीले जुन दर्शन-शास्त्रको कुरा गर्‍यौ, यस दर्शन-शास्त्रको शिक्षामा म कहिल्यै सन्तुष्ट थिइनँ। लकुल्युस, तिमी आफै जान्दछौ, दर्शन-शास्त्रको शिक्षामा कुनै ठोस कुरा छैन, जसमाथि हामीले आफ्नो आड़भरोसा राख्न सक्छौं। तर इसाई धर्ममा परमेश्वरको सत्यता छ। उहाँ आफूले यो सत्यता यस धरतीमा ल्याउनुभएको र हाम्रो बीचमा स्थापित गर्नुभएको हो; उहाँले आफ्नो मृत्यु र रगतले यो पारित गर्नुभएको हो।'

'तिमीले अघि मलाई इसाई विश्वासको सार खुलस्त पारिसक्यौ। तिम्रो जोश र उमङ्ले गर्दा यो कुरा पूरा लोभलाग्दो देखा पर्छ, त्यो म मान्दछु। अनि प्रिय मार्सेलुस, सबै अनुयायीहरू तिमीजस्तै भएका भए, यस मतले यस संसारमा आशिष र मङ्गल ल्याउन सक्ला। तर म तिमीसित धर्मको विषयमा वादविवाद गर्न आएको होइनँ। तिमी मेरो प्रिय साथी हौ; यसकारण म तिम्रो हालतको विषयमा कुरा गर्न आएको हुँ। तिम्रो निम्ति ठूलो खतरा छ। किनकि तिम्रो ठहर, तिम्रो इज्जत, तिम्रो पद, तिम्रो जीवन – तिमी यो सबै गुमाउन लागेका छौ। यसकारण तिमीले अपनाएको कुरा राम्रोसँग विचार गर !

एउटा महत्त्वपूर्ण कार्यभार तिमीलाई सुम्पिएको थियो। अनि यस सिलसिलामा तिमी निस्क्यौ। अनि तिमी फर्केर आउँदा महत्त्वपूर्ण जानकारी ल्याउनेछौ भन्ने सबैले आशा गरे। तर यसको सट्टामा तिमी फर्केर आयौ र जर्नेललाई भन्यौ, कि तिमी त यी शत्रुहरूको पक्षमा गइगयौ, र तिमी तिनीहरूसँग एक भएका छौ; अनि अबदेखि उसो तिमी तिनीहरूको विरुद्धमा जान राजी छैनौ। तर तिमी आफूले भन, जब सिपाहीहरू कसको निम्ति लड़ाइँ गर्नु हो, सो

आफूले छान्न र रोज्न पाए भने, देशको हालत के हुने हो ? होइन, सिपाहीले जसरी भए पनि सरकारको हुकुम मान्नैपर्छ, होइन र ?'

'हो, लकुल्युस !'

'यसकारण तिमीले निर्णय गर्नुपर्छ । तिमीले दर्शन-शास्त्र र इसाई मतको बीचमा छान्ने होइनौ । तिमीले इसाई र सिपाही हुनुको बीचमा पो छान्नुपर्छ । किनकि वर्तमान समयमा रोमी सिपाही र इसाई दुवै हुन सकिँदैन । यी दुई कुरामा तिमीले एउटा छाड्नुपर्छ । अनि यो पनि विचार गर्न लायकको कुरा होः तिमी इसाई हुन्छु भन्ने निर्णय गर्‍यौ भने, तिनीहरूको भाग्य तिम्रो भाग्य हुनेछ । अनि तिमी सिपाही हुने निर्णय गर्‍यौ भने, तिमी इसाईहरूको विरुद्धमा आफ्नो तरवार उठाउनुपर्छ ।

मार्सेलुस, तिम्रा आत्मीय साथीहरू तिम्रो यो ठूलो अपराध क्षमा गर्न तयार छन् । किनकि हामीले तिम्रो जोश र उमङ जान्दछौं; अनि मैले जर्नेलसँग तिम्रो विषयमा विन्ती गरेको छु । उहाँ पनि तिम्रो सैनिक सद्गुणहरू जान्नुहुन्छ । उहाँ तिमीलाई क्षमा गर्न तयार हुनुहुन्छ, केही शर्तमा ।'

'कुन-कुन शर्तमा ?'

'सबैभन्दा दयावान् शर्त यस प्रकारको छः बितेका चार दिनमा जे भइरहेको थियो, सो भुल ! यी कुराहरू आफ्नो मगजबाट निकाल ! आफ्नो कार्यभार फेरि उठाऊ ! आफ्नो साथमा सिपाहीहरू लिएर इसाईहरूलाई पक्राऊ ! यो तिम्रो कर्तव्य हो ।'

'लकुल्युस', मार्सेलुस दुई हात कुर्सीमा टेकाएर कुर्सीबाट झुरुक्क उठे, र उनलाई भनेः 'तिमी मेरो साथी हौ, र म तिमीलाई प्रेम गर्छु । अनि तिमीले मलाई पनि घनिष्ठ प्रेमले प्रेम गर्‍यौ; यसको निम्ति म आभारी छु । अनि म तिम्रो प्रेम कहिल्यै भुल्न सक्दिनँ । तर मभित्र एउटा कुरा छ, जसको विषयमा तिमीलाई केही थाहा छैन, त्यो कुरा देशले दिन सक्ने सबै मान-इज्जतभन्दा महान् छ र प्रबल हुन्छ । यो हो परमेश्‍वरको प्रेम । अनि परमेश्‍वरको प्रेमको निम्ति म सबै दिइहाल्न तयार छु, चाहे मान, चाहे पद, चाहे जीवन, चाहे

जुनसुकै कुरा किन नहोस् । मेरो निर्णय पक्का र सुनिश्चित छ र बदली हुनेछैनः म इसाई हुन्छु-हुन्छु ।'

एकक्षणको निम्ति लकुल्युस ताजुब मानेर चुपचाप बसे, र उनले आफ्नो अफसोसमा ट्वाल्ल परेर आफ्नो साथीलाई हेरिरहे । केही समयपछि उनले फेरि बोल्न थाले । उनले जाने जति र मनमा आए जति तर्क निकाले; तर उनले भनेका कुराहरू सबै व्यर्थ भए । अन्तमा भारी हृदय लिएर उनी उठे ।

'मार्सेलुस', लकुल्युसले गम्भीर भई भने, 'तिमी जीवन र भाग्यको परीक्षा गर्दैछौ । मैले तिमीलाई तिम्रो मूर्खताबाट फर्काउन र यस ठूलो महाभूलदेखि बचाउन सकभर कोशिश गरें । अनि मैले तिम्रो साथी भएको हैसियतले तिमीप्रति मेरो कर्तव्य पूरा गरें । तर मेरो सारा प्रयास बेकम्मा भयो, र केही सीप लागेन ।

यसकारण म तिमीलाई जर्नेलको निर्णय सुनाउँछुः तिम्रो पदच्युत भएको छ । अनि तिमी इसाई भएको हुनाले तिमी बन्दी भएका छौ । भोलि तिमीलाई पक्रिनेछ र तिमीलाई सजाय दिइनेछ । यसकारण बुझ, भोलिसम्म तिम्रो हातमा केही घण्टा रहेका छन्; यस समय-भित्र तिमीले मलाई मौका दियौ भने, म तिमीलाई भाग्नमा सहायता गर्न तयार छु । यसकारण तिम्रो निम्ति मेरो अन्तिम सल्लाह छः भागिहाल ! तिमीले ढिलो गर्नुहुँदैन । अनि यस पृथ्वीमा तिम्रो निम्ति सम्राटको क्रोध र सजायबाट भाग्न सक्ने एउटै मात्र ठाउँ छ ।'

मार्सेलुसले लकुल्युसको कुरा चुप लागेर सुने । त्यसपछि तिनले बिस्तारै आफ्नो सुन्दर सैनिक पोसाक खोलेर राखे, जुन पोसाक तिनले बितेको समयमा पूरा गर्वको साथ पहिरन्थे । अनि तिनले आफ्नो साधारण लुगा लगाए र यसरी आफ्नो साथीको सामु उभिए, अनि तिनले भनेः

'लकुल्युस, म तिमीलाई फेरि पनि भन्न चाहन्छुः म तिम्रो घनिष्ठ मित्रता कहिल्यै भुल्नेछैनँ । हामी दुईजना सँगै भागेको भए कति असल हुनेथियो । अनि तिम्रो प्रार्थना मेरो प्रार्थनासित उही ईश्वरकहाँ पुगेको भए, जसको सेवा म गर्दछु, त्यो कति बढ़िया हुनेथियो । तर के गर्ने ? म जान्छु ल । म बिदा पाऊँ ।'

‘हुन्छ; हामी बिदा हौं, मार्सेलुस ! हुन सक्छ, हामी यस जीवनमा एक-अर्कालाई फेरि कहिल्यै भेट्नेछैनौं । तर तिमीलाई यो कुरा थाहा होस्ः तिमीलाई खाँचो पर्दा वा तिमी आपद्‌विपद्‌मा पर्दा मलाई सम्भना गर्न सक्नेछौ । म तिमीलाई सहायता गर्न राजी छु ।’

त्यसपछि यी दुईजनाले एक-अर्कालाई अँगालेर छातीमा टाँसे । त्यसपछि मार्सेलुस हतार-हतार त्यस कोठाबाट सुटुक्कै निस्केर भागे ।

# ८

# सुरुङ्गहरूभित्रको जीवन यस्तो थियो

मार्सेलुस शाही अङ्गरक्षकहरूको छाउनीदेखि हिँड़े र सीधा यी सुरुङ्गहरूमा गए, अनि त्यहाँ पुग्दा सबै इसाईहरूले हर्षको आँसु झार्दै तिनलाई स्वागत गरे। मार्सेलुसले आफ्नो सैनिक हाकिम-हरूसित जे कुरा गरेका थिए, त्यो सबै तिनले तिनीहरूलाई सुनाए; अनि तिनीहरूले पूरा चाख मानेर सुने। तिनीहरूले तिनीप्रति सहानुभूति देखाए, किनकि तिनले दुःखकष्ट पाएका थिए। अनि तिनीहरू तिनीसित रमाए, किनभने तिनी ख्रीष्ट येशूको निम्ति यसरी दुःख उठाउन योग्य ठहरिए।

त्यस नयाँ संसारमा पसेपछि मार्सेलुस एउटा अद्भुत समाज र मीठो सङ्गति पाएर हरेक दिन ख्रीष्ट येशूको विषयमा अझै धेरै कुरा सिके। अनि तिनले ख्रीष्ट येशूका अनुयायीहरूको जीवनमा तिनी-हरूले उहाँमाथि विश्वास गरेको खातिर सहनुपरेको दुःख, सजाय र मृत्यु देखे। अनि यी सुरुङ्गहरूभित्रको प्रकार-प्रकारको जन-जीवनसँग तिनी सुपरिचित भए, र तिनलाई कहिल्यै अल्छी लागेन। तिनीहरू सङ्ख्यामा धेरै थिए, तर तिनीहरूको दैनिक आवश्यकता बाहिरबाट पूर्ति गरिन्थ्यो र रोम शहरमा के-के भइरहेको थियो, सो कुरा जनाउने खबरहरू दिनहुँ आइपुग्थे। प्रायः यो आउजाउ राति भइरहन्थ्यो। अनि तिनीहरूमध्ये जो साहसी थिए, उनीहरूलाई यस खतरापूर्ण कामको निम्ति छानिन्थे। काहिलेकहीं दिदीबहिनीहरू र काहिलेकहीं केटाकेटीहरू यी कामहरूको सिलसिलामा पठाइए। अनि पोल्लियोचाहिँ उनीहरूमा सबैभन्दा अनुभवी र सफल केटा हुन्थ्यो। किनकि रोमको जनसङ्ख्या अति ठूलो थियो; यसकारण चाल नपाउने गरी आउजाउ गर्न त्यत्ति गाह्रो हुँदैनथियो। यसकारण नबिराईकन तिनीहरूको आवश्यकता पूरा गरिन्थ्यो। तर काहिले-कहीं यस काममा निस्केकाहरू फर्केर आउँदैनथिए, किनकि उनीहरू कतै पक्रा पर्थ्यो।

अनि राति नै तिनीहरूको अर्को दुःखदाय काम पनि हुन्थ्यो। तिनीहरूले दिनमा जङ्गली पशुहरूद्वारा मारिएका वा अग्निखाँबाको मृत्यु सहेकाहरूका लासहरू जम्मा गरेर सुरुङ्गहरूमा ल्याउने गर्थे।

यी लासहरू झिकाउन अति गाह्रो र अति खतरनाक हुन्थ्यो। त्यसपछि मारिएका आफन्तहरूले दफन-सेवा राख्थे, र एउटा भोज लगाउँथे। त्यसपछि तिनीहरूले सानो, साँघुरो कक्षामा लास गाड्थे र यस चिहानमाथि संगमरमरको ढकनी लगाउँथे। अनि यस संगमरमरको ढकनीमा मरेको मानिसको नाम खोपिन्थ्यो र उपयोगी भएको खण्डमा उसको जीवन बयान गर्ने कुनै आदर्श-वाक्य लेखिन्थ्यो।

तर धरतीको गर्भमा लुकेको यस्ता अँध्यारा गुफाहरूमा मात्र यी इसाईहरूले सतावट र खेदोदेखि बाँच्ने आश्रय पाएका थिए। तिनीहरू अरू देशहरूमा भागेर अथवा समुद्र पार गरेर आफ्ना जीउ जोगाउन सक्दैनथिए; किनकि यस संसारभरि तिनीहरूले शरण पाउन सक्ने देश कहीं थिएन। किनभने रोम साम्राज्यको शक्तिले पूरा सैनिक सामर्थ्य देखाएर त्यति बेलाको सारा सभ्य संसारलाई आफ्नै अधीनतामा कज्याएर राखेको थियो। अनि जुनसुकै देशमा पनि रोमी प्रहरी-चौकी स्थापित भएको थियो र कोही पनि त्यसको न्यायदेखि उम्कन सक्दैनथियो। रोमको विरुद्धमा कसैले पनि केही गर्न सक्दैनथियो। ठूला-ठूला जमिनदारहरूदेखि लिएर नीच दास-हरूसम्म सबै मानिसहरू रोमी सरकारको अधीनतामा बसेका थिए। अनि जब सम्राट नेरोको पतन भयो र तिनको पदच्युत भयो, तब तिनी पनि कहीं भाग्न सकेनन्; तर छिमेकीको घरमा गएर तिनले आत्महत्या गरे। तर यहाँ, अन्धकार कहिल्यै नहट्ने विशाल सुरुङ्गरूपी संसारमा रोमको ठूलो शक्ति धन्न पुग्न सकेन, र केही गर्न सक्दैनथियो। किनकि यी सुरुङ्गका प्रवेशद्वारको मुखमा पुग्ने बित्तिकै रोमी वीरैवीर सिपाहीहरू हताश हुन्थे, र हार खान्थे।

यी सुरुङ्गहरूभित्र सतावट र खेदोमा परेका इसाईहरूले जीउ जोगाउने मौका पाएका थिए। हजारौं इसाईहरू यहाँ यी गुफाहरूमा थुप्रिएका थिए। दिउँसो तिनीहरूले एक-अर्कालाई उत्साह र सान्त्वनाका शब्दहरू आदान-प्रदान गर्ने गर्थे, अथवा कुनै नयाँ शहीदको मृत्यु भएको खण्डमा तिनीहरू त्यसको दफन-सेवा गर्न

भेला हुन्थे । तर रातिचाहिँ तिनीहरूले सबैभन्दा साहसी भाइहरूलाई बाहिर पठाए, जसले रोमका ताजा खबरहरू ल्याउँथे वा रोमी अत्याचारमा परेका नयाँ विश्वासीहरूका लासहरू उठाएर तल ल्याउँथे । रोमी साम्राज्यको युगमा धेरै पल्ट इसाईहरूमाथि सतावट र खेदो आइपर्‍यो; तर यी सतावटहरूमा तिनीहरू यी सुरुङ्गहरूभित्र सुरक्षित हुन्थे । हो, रोमी साम्राज्यभरि लाखौं इसाईहरू मारिए, तर रोममा चाहिँ इसाईहरूको सङ्ख्या र प्रभाव अलिकति पनि घटेन ।

यहाँ तिनीहरूको सुरक्षा सुनिश्चित थियो, र यहाँ तिनीहरू उम्कन त उम्के र जीवित रहे। तर यसको निम्ति तिनीहरूले कुन दाम चुकाउनुपरेको, के तपाईंलाई यो थाहा छ ?

तिनीहरू जुन समयमा बाँचेका थिए, त्यस समयले तिनीहरूको दशा स्पष्ट बताउँछ। किनकि पुरानो साम्राज्यमा प्रचलित धर्म र गुणहरू हराएका थिए। अनि मानिसको स्वतन्त्रता एउटा चराझैं उड़िसकेको थियो । रोमी साम्राज्यमा अब घुसखोरी र भ्रष्टाचार फैलिएको थियो; यस घुसखोरी र भ्रष्टाचारले सबै कुरा खतम पारिसकेको थियो । चारैतिर, एकदेखि अर्कै गर्दै षड़्यन्त्र, विद्रोह र राजद्रोही काम र हाड़तालहरू हुन थालेका थिए । अनि थिचोमिचोमा परेका मानिसहरू चुपचापसित अत्याचार सहेर बसेका थिए। मानिसहरूले आफ्ना वीर-धीरहरूलाई दुःखकष्ट सहेका अनि आफ्ना भलो र उपकार गर्ने महान् व्यक्तिहरूलाई मरेका-मारिएका देख्थे; तर कसैले यस अन्यायको विरोधमा केही गर्न सक्दैनथियो ।

रोमी साम्राज्यमा प्रेम र दयाले भरिएको हृदय, अन्याय र अत्याचारको विरोध गर्ने भावना जागेन, उठेन। कतै यस्तो भावना थियो भने, त्यो पनि अब मरिसकेको थियो । सर्वत्र पशुको जस्तै नीच, अधम भावना र वासनाहरूले मानिसहरूलाई सखाप पारेका थिए। मानिसहरूले यस्तै नीच भावना र वासनाअनुसार जीवन बिताउँथे ।

यस्तै राज्यमा ख्रीष्ट येशूको सत्यताचाहिँ साहसको साथ उठेर चम्केको थियो । यस सत्यताले रोमका मानिसहरूमा गाड़िएर बसेको

भ्रष्टता, अन्याय, सतावट, खेदो र अरू नीच, अधम व्यवहाररूपी शत्रुहरू सामना गर्दै अघि बढ़िरहेको थियो, र धेरै बाधाविघ्नहरू पार गर्नुपरेको थियो । यसो भए पनि सत्यता क्रमशः बढ़िरहेको थियो । जो-जो यस सत्यताको झण्डमनि खड़ा हुन आउँथे, तिनीहरूको जीवन सजिलो थिएन। किनभने यता सत्यताको पक्ष लिने मानिसहरूको सङ्ख्या बढ्दै गएको थियो भने, उता पाप र अन्धकारले पनि आफ्नो शक्ति बढ़ाउँदैथियो ।

रोमका मानिसहरूको हृदय कठोर भएको थियो । तिनीहरूका आँखाहरू अन्धा भइसकेका थिए। बालबालिकाहरूमा रहेको निर्दोषता, नारीहरूमा भएको शुद्ध पवित्रता, मानिसमा भएको सभ्यता र मृत्युलाई जित्ने प्रेम – यस्तो कुनै पनि कुराले तिनीहरूको हृदय छुन सक्दैनथियो र तिनीहरूको हृदयमा दयामायाको मूल फुटाउन सक्दैनथियो । तर यस डरत्रासले पूर्ण राज्यमा ती इसाई-हरूको निम्ति यो सुरुङ्गजगत् शरणार्थीहरूको एकमात्र आश्रय-नगर बनेको थियो ।

त्यस अँध्यारो जगत्मा सधैंभरि एउटा ओसिएको चिसो हावा बहन्थ्यो; अनि यस्तो हावाको झोक्कामा यी इसाईहरू जाड़ोले लुगलुग काम्थे । तर यस्तो झोक्काले बाहिरको स्वच्छ हावा भित्र ल्याउँदैनथियो; किनकि चारैतिर ती सुरुङ्गहरूका भुइँमा, भित्ता-हरूमा र छतहरूमा लेउ लागेको थियो, ढुँड़ी परेको थियो, मैला थुप्रिएको थियो । यसकारण यस हावामा दूषित वायु र विषालु गन्ध मिसिएको थियो । तर पनि ती सुरुङ्गहरूभित्र सम्राट रेगुल्युसको दृढ़ क्रूरता, सम्राट करटियसको दुष्ट संकल्प र ब्रुटसको लामो ढिपीले हार खानुपरेको थियो, केवल बलिया-बलिया पुरुषहरूको सामु मात्र होइन, तर कोमल स्त्रीहरू र केटाकेटीहरूको सामु पनि । यसरी सताउने र खेदो गर्ने निर्दयी सरकारी शक्तिअघि हारमा शिर झुकाउनुको सट्टामा यी इसाईहरू, यी सोझा, हृदयमा शुद्ध भएका मानिसहरू, यी साहसी र भला नर-नारीहरू, यी तन्हेरी-तरुणी र केटाकेटीहरू बरु मृत्यु र अन्धकारले वास गरेको जग्गाभित्र पसे ।

अनि तिनीहरू मृत्युदेखि अलिकति पनि डराउँदैनथिए। यस्तो निसाँस्रो ठाउँमा तिनीहरू मृत्युको डर र त्रास सँगै बस्नुपर्थ्यो। तर जेसुकै होस्, तिनीहरू मृत्युदेखि डराउँदैनथिए। तिनीहरूको साहसको सामु, तिनीहरूको धैर्य, त्याग, विश्वास र सहनशीलताको सामु प्रतापी रोमले बारम्बार हार खाएको कुरा स्वीकार गर्नुपर्‍यो। रोमको शक्ति असफल भयो।

यी सुरुङ्गहरूमा यी इसाईहरूले आफ्ना आश्रमहरूमाथि छाएको अन्धकार र त्रास टहाउन सकभर प्रयास गरेका थिए भन्ने कुरा चारैतिर देख्न सकिन्थ्यो। कुनै-कुनै ठाउँमा भित्ताहरूमा सेतो रङ्ग पोतिएको थियो; कति भित्ताहरूमा चित्रहरू बनाएर वा बुट्टाहरू हानेर अनेक किसिमको सजाउने काम गरिएको थियो। तर यी चित्रहरूमा कुनै देवीदेवताको नक्सा वा मूर्ति देखिँदैनथियो। यी चित्रहरूमा सत्यताको निम्ति आफ्नो प्राणको माया नगर्ने विश्वासका वीरहरू चित्रण गरिएका थिए, जसले आफ्नो विश्वासद्वारा राज्यहरू वशमा राखे, धार्मिकताको काम गरे, प्रतिज्ञा गरिएका कुराहरू प्राप्त गरे, सिंहहरूका मुख बन्द गरे, प्रचण्ड आगोका ज्वालाहरू निभाए, जो तरवारका धारबाट उम्के, कमजोर अवस्थाबाट बलवान् बने, लड़ाइँमा वीर बने, जसले विदेशी सेनाहरू भगाइदिए (हिब्रू ११:३२-३४)। किनकि तिक्त पीरमर्का परेको बेलामा तिनीहरूको निम्ति यी चित्रहरूबाट असल विचारहरू, तिनीहरूको मनको निम्ति केही हदसम्म सान्त्वना र भविष्य सामना गर्न सक्ने साहस आउँथ्यो।

अनि यी सुरुङ्गहरूभित्र तिनीहरूका सजिसजावटयुक्त सेवा-सङ्गति गर्ने ठाउँहरू हुन्थे। त्यहाँ एउटा काठको टेबल बाहेक अरू कुनै सरसामान हुँदैनथियो। अनि त्यस टेबलमाथि तिनीहरूले एउटा रोटी र दाखमद्यको एकै कचौरा राख्ने गर्थे, जुन रोटी र जुन दाख-मद्यचाहिँ तिनीहरूका प्रभु येशूको मृत्यु याद दिलाउने सम्झना-चिन्हहरू थिए।

इसाई धर्म संघर्ष गर्दै आएको लामो समय भइसकेको थियो। अनि तिनीहरूको यो संघर्षचाहिँ पाप, अविश्वास र भ्रष्टाचारको

विरुद्धमा थियो । यसकारण प्रभु येशूको मण्डलीले आफ्नो शत्रुसँग चाहिएको भन्दा बढ़ी नजिकको सम्बन्ध राखेको हुनाले यसमा केही दाग लाग्नु कुनै अनौठो वा अचम्म मान्नुपर्ने कुरा होइन; अनि तिनीहरूसँग तल यस शरणस्थानसम्म पापको गन्ध आएकोमा हामी ताजुब मान्दैनौं; किनकि तिनीहरू सिद्ध मानिसहरू थिएनन् । अनि तिनीहरूको सेवासङ्गति प्रेरितिक मण्डलीको आदर्श-नमुनादेखि अलिक फरक हुन गएकोमा कोचाहिँ छक्क पर्छ र ? तर यी साना-तिना भिन्नताहरू नागण्य थिए । अनि जब एउटा साना कुराले ठूलो भिन्नता ल्याउन खोज्थ्यो, तब तिनीहरूले तत्कालै त्यसको कारबाई गरिहाल्नेथिए । तर इसाईहरूका मुख्य सिद्धान्तहरूमा कुनै खोट, कुनै हेरफेर आएको थिएन, जस्तैः सारा संसारका सबै मानिसहरू पापको दोषी थिए, तर मानिसहरूप्रति परमेश्वर पिताको प्रेम, अनुग्रह र दया अटल थियो, अनि उहाँको पुत्र प्रभु येशू ख्रीष्टको प्रायश्चित्तको मृत्युले मुक्ति ल्यायो, उहाँको बहुमूल्य रगत सुसमाचारको प्रचारद्वारा सबै पापी मानिसहरूको निम्ति उपलब्ध गरिएको छ, मुक्ति परमेश्वरको अनुग्रहको वरदान हो, जुनचाहिँ विश्वासद्वारा प्राप्त गरिन्छ, प्रभु येशू मरेको तेस्रो दिनमा बौरि-उठ्नुभयो र शरीरमा स्वर्ग चढ़िजानुभयो, उहाँ फेरि आउनुहुनेछ, परमेश्वरको वचन पवित्र आत्माको प्रेरणाले लेखिएको पवित्र धर्मशास्त्र हो आदि । यी इसाई धर्मका मूल सिद्धान्तहरू हुन्, अटल सत्यताहरू हुन् । अनि त्यस बेलासम्म यी रोमका विश्वासीहरूले पूरा जोश र उमङको साथ यी मूल सिद्धान्तहरूमाथि विश्वास गर्थे । मेरो विचारमा, यसको वर्णन गर्ने शक्ति संसारको कुनै भाषामा छैन होला ।

तिनीहरूमा एउटा जीवित आशा, एउटा स्वर्गीय आशा थियो । त्यो आशा तिनीहरूको आत्माको निम्ति लङ्गर थियो, जुनचाहिँ धेरै सुरक्षित र सुदृढ़ थियो । रोमी साम्राज्यको क्रोधरूपी आँधीबेह्रीले पनि तिनीहरूलाई यस सनातन चट्टानबाट हटाउन सकेन, हल्लाउन सकेन, जसमा तिनीहरूले आफ्नो शरण लिएका थिए ।

तिनीहरूको विश्वास उच्च कोटिको थियो, किनकि कड़ाभन्दा कड़ा परीक्षामा परेको बेलामा पनि त्यस विश्वासले तिनीहरूलाई

सम्हाल्न सक्यो। परमेश्वरमाथि तिनीहरूको भरोसा प्रशंसनीय थियो। तिनीहरूले उहाँ र उहाँको निगाहको बारेमा शङ्का गर्दैनथिए। तिनीहरूको विश्वासको परिभाषा कुनै ईश्वरशास्त्रले व्याख्या गर्नुपर्दैनथियो; तिनीहरूको प्रार्थनामा औपचारिकता भने त्यसको अलिकति गन्ध पनि थिएन। तिनीहरूको जीवन नै विश्वासको जीवन थियो। तिनीहरूको स्वास विश्वासको स्वास थियो। तिनीहरूको विश्वास यति प्रबल थियो, कि तिनीहरू आफ्नो विश्वासको निम्ति शहीद हुन परेको बेलामा तिनीहरूको विश्वासले तिनीहरूलाई थामिदिन्थ्यो। ख्रीष्ट येशूका अरू सबै अनुयायीहरू पृथ्वीबाट लुप्त भएको वातावरणमा पनि तिनीहरू ढुक्कै हुन्थे, भरोसा गर्थे, धीरज धर्थे।

तिनीहरूमा एउटा दिव्य प्रेम थियो, जसको विषयमा प्रभु येशू आफैले भन्नुभयो कि प्रेमचाहिँ व्यवस्था र भविष्यवक्ताहरूको शिक्षाको सार थियो। तिनीहरूको बीचमा सिद्धान्त-सिद्धान्त अपनाउनेहरूको झगड़ा थिएन। तिनीहरूको बीचमा तीतोपन थिएन, जसरी अचेल इसाई विभिन्न झुण्डहरूको बीचमा चालू छ। किनभने तिनीहरूसँग एउटा शत्रु थियो, जसको विरोधमा तिनीहरूले लड़ाइँ गर्नु थियो। तब तिनीहरूसँग एक-अर्कासित झगड़ा गर्ने फुर्सद थिएन। होइन, ती सुरुङ्गहरूभित्रको समाजमा एउटा यस्तो प्रेम थियो, जुन प्रेमले मानिस-मानिसको बीचमा जाति र श्रेणी छुट्ट्याउँदैनथियो। तिनीहरूको छाती ठूलो र फराकिलो थियो, जसले सबैलाई अँगालेर राख्न सक्थ्यो। यसकारण एक भाइ अर्को भाइको निम्ति आफ्नो प्राण दिन राजी थियो। तिनीहरूको हृदयमा परमेश्वरको निम्ति प्रगाढ़ प्रेमको आगो बल्थ्यो, यहाँसम्म कि तिनीहरू आफ्नो प्राण बलिदान चढ़ाउनदेखि हटेनन्। यस्तो किसिमको प्रेम ख्रीष्ट येशूका साँचो, भक्त विश्वासीहरूका हृदयमा पैदा भएको थियो, र यही प्रेमचाहिँ पापको भ्रष्टताको उपचार गर्ने महा औषधि थियो। यही प्रेमले यी वीरहरूलाई एउटा साहसी आत्मा प्रदान गरेको थियो र कमजोर हृदय भएकाहरूलाई भक्ति र उपासना गर्ने बल दिएको थियो। किनकि तिनीहरू यस्तो एउटा समयमा

जिइरहेका थिए, जुन समयमा ख्रीष्टको चेला हुने मानिसले आफ्नो जीवन जोखिममा हालेको थियो । तिनीहरूले आफ्नो विश्‍वास इन्कार गर्ने एक-दुई वचन बोलेका भए तिनीहरू मृत्युको मुखबाट फुत्कन सक्नेथिए । तर तिनीहरूको जिब्रोले मूर्तिपूजाको कुनै मन्त्र उच्चारण गर्न अस्वीकार गर्‍यो । तिनीहरूको सुदृढ़ हातले मूर्तिको सामु अर्घबलिको रूपमा दूध, तेल वा पानी खन्याउन इन्कार गर्‍यो । यसकारण बुझ्नुहोस्ः इसाईका शिक्षाहरूमा शक्ति छ; किनकि तिनीहरूको दिमागले यी सिद्धान्तहरू सकारेको मात्र कहाँ हो र, होइन, होइन, तिनीहरूले सारा हृदय, प्राण, मन र बलले यी शिक्षाहरू पालन गर्ने गर्थे ।

प्रभु येशूको जीवन तिनीहरूको निम्ति सत्यताको सत्‌अवतार हुन्थ्यो । उहाँको जीवन तिनीहरूको निम्ति आदर्श थियो । उहाँको विनीतता, उहाँको नम्रता, उहाँको धीरज, उहाँको मिलनसार स्वभाव तिनीहरूले देखासिकी गर्न लायकको उदाहरण सम्झन्थे । तिनीहरूको निम्ति ख्रीष्ट येशूको मृत्यु महत्त्वपूर्ण हुन्थ्यो, योजस्तै महान् कुरा अरू केही पनि हुँदैनथियो । उहाँको मृत्यु बिलकुल साँचो थियो; उहाँ तिनीहरूको निम्ति मर्नुभयो । यो कुरा तिनीहरूले सजिलोसँग बुझ्न सके । किनकि तिनीहरूका दाजुभाइहरूमध्ये कतिजना आफ्ना भाइहरूको निम्ति क्रूसमा मरेको तिनीहरूले देख्न सके । कतिजना परमेश्‍वरको निम्ति अग्निखाँबामा जलेर मरे । यसकारण तिनीहरूले आफ्नो क्रूस उठाए, र उहाँको पछि लागे । तिनीहरूको निम्ति क्रूस उठाउने र प्रभुको निम्ति निन्दा भोग्ने कुरा एउटै कुरा थियो ।

जे होस्, तिनीहरू सत्यताको गवाही थिए; तिनीहरू गरिब थिए, तुच्छ ठानिएका र त्यागिएका थिए । तिनीहरूले मानिसहरूबाट गुहार वा दयामाया पाउँदैनथिए । होइन, बरु तिनीहरूको पुकार सुन्ने कानहरूमा पर्नुको सट्टामा त्यो पुकार तिनीहरूको रगतमा डुबाइयो अथवा अग्निखाँबाको धूवाँद्वारा निस्सासिएर चुप गराइयो । किनकि तिनीहरूका दयाका पुकारहरूले आफ्ना जातिका मानिसहरूको हातबाट अझै बढ़ी सास्तीहरू निम्त्याउँथे ।

मार्सेलुसले प्रभु येशूलाई र इसाई धर्म अपनाएको कुरा अचानक भएको थियो । आफ्ना आँखाहरू खोलेपछि र येशूको अनुहारमा धार्मिकताको सूर्यको ज्योति देखेपछि तिनले आफ्ना आँखाहरू फेरि बन्द गर्न सकेनन्; तिनले फेरि पुरानो जीवनमा फर्कन सकेनन् । किनकि तिनको परिवर्तन र आत्मिक उन्नति स्वर्गीय योजनाअनुसार भएको थियो । तिनी सतावट र खेदोमा परेकाहरूको दुःखमा सम्भागी हुन खुशी थिए ।

यसरी आफ्ना नयाँ दाजुभाइहरूसँग बस्दा, हिँड्दा, कुराकानी गर्दा मार्सेलुसले पनि चाँड़ै तिनीहरूको आशा र आनन्दमा प्रवेश गरे । तिनीहरूको विश्वास र भरोसाले तिनको हृदय प्रभावित भयो । अनि तिनीहरूले गरेको महिमित आशा तिनको आशा र तिनको सान्त्वनाको कारण बन्यो । यी सबै कुरामा तिनी तिनीहरूसित एकै मनको भए । तिनले रातदिन परमेश्वरको वचन पवित्र बाइबल पढ्न र अध्ययन गर्न थाले, अनि तिनले उहाँको वचनबाट ठूलो आनन्द पाउन थाले । परमेश्वरको वचनमा पाएका सबै शिक्षाहरू तिनले भक्तिपूर्ण हृदय र तयारी मनले ग्रहण गरे । तिनी ख्रीष्टको जिउँदो चेला बने ।

यी सुरुङ्गहरूभित्र प्रार्थना र धन्यवादका सभाहरू सधैं चारैतिर भइरहन्थे । ती इसाईहरू संसारका कामधन्धाहरूबाट वञ्चित हुन्थे । यसकारण तिनीहरू आत्मिक अभ्यास गर्नुमा व्यस्त रहन्थे ।

मार्सेलुसले के देखे भने, यी सुरुङ्गहरूभित्रका अँध्यारा-अँध्यारा बाटा र गुफाहरू मरेकाहरूको शान्त निद्राको निम्ति छोड़िएका थिएनन्, तर यहाँ हजारौं जीवित मानिसहरूले एउटा नयाँ जीवन, एउटा नयाँ समाज बसाएका थिए। तिनीहरू कमजोर, दुब्ला-पातला, सतावटमा परेका थिए, तापनि तिनीहरूले यस्तो अन्धकारको बीचमा, बाहिरी संसारमा तिनीहरूले अघि जेजस्तो जीवन बिताए, त्योभन्दा धेरै उत्तम जीवन पाएका थिए ।

यहाँ शोकचिन्तामा बगेका आँसुहरू शहीदहरूको रगतसँग मिसिन्थ्यो । यहाँ आँसु र रगतको दोभान थियो; यहाँ मायालु हातले शहीदहरूका लासहरू कात्रोमा बेहेरिन्थ्यो । यहाँ ती अँध्यारा गुफा-हरूमा ख्रीष्ट-विश्वासीहरूको वीरताले सबै शोकचिन्ता आफ्नो

पैतालामनि राख्थ्यो। यहाँ आशा र विश्वासले आफ्नो मुस्कान छोड्थे। यहाँ हाँसो थियो; किनकि यहाँ आशा र विश्वासले बिहानको ताराको काम गर्थे; किनभने आशा र विश्वासले प्रभु येशूकहाँ, अनन्त जीवनको ज्योतिकहाँ बाटो देखाउँथे। अनि यहाँ शोक मनाउनेहरूका ओठबाट परमेश्वरको प्रशंसा, धन्यवाद र स्तुति निस्कन्थ्यो र यी गल्लीहरू, यी गुफा र ओड़ारहरूमा गुञ्जायमान हुन्थ्यो।

# ९

# सतावट र खेदोमा परेको

सतावट र खेदो आजभन्दा भोलि, भोलिभन्दा पर्सी अझै बढ्दै गएको थियो, अनि झन् कठोर र निर्दयी हुँदै गएको थियो । पहिले त रोमी अधिकारवर्गले ठूला-ठूला, नामी इसाईहरूलाई मात्र खेदो गर्ने गर्थ्यो; अनि यतिमा यिनीहरू सन्तोष रहन्थे । तर पछि ती सुरुङ्गहरूभित्र भागेर जाने इसाईहरू पनि यिनीहरूको निशान बने । अब त सबै इसाईहरूमाथि रोमीहरूको ठूलो अत्याचार आउन थाल्यो । यसकारण मार्सेलुस यी सुरुङ्गहरूभित्र आएको दिनदेखि इसाईहरूले ठूलो सङ्ख्यामा यहाँ शरण लिन थाले । अघि कहिल्यै यति धेरै इसाईहरू यहाँ बसेका थिएनन् ।

त्यस बेलासम्म सरल प्रकारले रोम शहरसँग संचार भइरहन्थ्यो । किनकि बाहिर बसेका गरिब इसाईहरूले यी सुरुङ्गहरूभित्र बस्ने इसाई दाजुभाइहरूलाई र तिनीहरूका आवश्यकताहरू कहिल्यै बिर्सेनन् । तर अब त यी सुरुङ्गहरूभित्र उनीहरू पनि भागेर आए, जसमाथि यी भगुवाहरू भर पर्दथिए; किनकि यी गरिब इसाईहरू पनि तिनीहरूसित सतावटमा भागी भए ।

यस्तो भए पनि तिनीहरूको हालत पूरा नाजुक त थिएन । रोममा अझ पनि यस्ता धेरै मानिसहरू थिए, जसले आफू इसाई नभए पनि यी सुरुङ्गहरूभित्र भएकाहरूलाई प्रेम गर्थे र सहायता दिन्थे । जुनसुकै देशमा ठूलो हलचल र हेरफेर ल्याउने घटना हुँदाखेरि यस्तो काममा हात नदिने निष्पक्ष मानिसहरूको एउटा गतिलो समाज रहन्छ, जसले यस्तो कुरामा चासो नराखेका हुनाले वा भिन्नै विचार भएका हुनाले अचल र निष्पक्ष बस्छन् । अरूले बलियो दलको पक्ष लिन्छन्, तथा डर-विपद् आइलाग्दाखेरि यी समस्याहरू आफूदेखि हटाउन यिनीहरू जुनै पनि सम्झौता गर्न तयार हुन्छन् । रोममा पनि धेरै मानिसहरूको हालत यस्तै थियो । किनकि कति रोमी नागरिक-हरूका इसाई साथीहरू र इसाई साखा सन्तानहरू थिए, जसलाई उनीहरूले माया गर्थे । अनि उनीहरू आफ्ना इसाई साथीहरू र साखा सन्तानहरूलाई सहायता गर्न सधैं तयार रहन्थे, तर उनीहरूले सबैभन्दा बढ़ी आफ्नो प्राण जोगाउन चाहन्थे र यसैले आफ्ना इसाई साथी र साखा सन्तानहरूसँग खुला रूपले सम्पर्कमा आउँदैनथिए ।

अब रोम शहरमा एकलै जानु ठूलो डर थियो । तर ती इसाई-हरूका हृदयमा डर र मृत्युप्रति ठूलो अवहेलना थियो; यसकारण यहाँ रोममा एकलै जाने मानिसहरूको सङ्ख्या कहिल्यै कम भएन । यस्तो काममा मार्सेलुस पनि अघि सरे ।

यस्ता मानिसहरू धेरै सङ्ख्यामा रोम शहर जाने गर्थे, तर थोरै मात्र फर्कन्थे । त्यसपछि हराउनेहरूका लास खोजिन्थे र पाइएका लासहरू गाड्न यी सुरुङ्गहरूभित्र बोकेर ल्याइन्थे । यसो गर्न त्यति साह्रो थिएन । किनभने यसरी रोमको अधिकारवर्गलाई नै यी लासहरू जलाउने वा दफन गर्ने काम कम हुन्थ्यो ।

केही दिनपछि मार्सेलुस एकलै खानेकुरा ल्याउन यी सुरुङ्गहरूबाट बाहिर निस्केर आए । तिनी एउटा साथीको घरमा गए, जसले तिनीहरूलाई अघि धेरै सहायता गरेका थिए । अनि चाहिने सबै चीजबीज जम्मा भएपछि तिनी अरू खबरहरू बटुल्न थाले ।

‘एउटा खबर छ, जुनचाहिँ सुनेर तपाईंलाई दुःख लाग्नेछ’ भनेर त्यस साथीले भन्यो । ‘प्रेटरका हाकिमहरूको छाउनी रक्षा गर्ने एकजना सैनिक अफिसर हालैमा इसाई भयो, र सम्राट खूब रिसाउनुभयो । उहाँले त्यस पदच्युत अफिसरको सट्टामा एउटा नयाँ अफिसर राख्नुभएको छ ।’

‘अरे ! के तपाईंलाई इसाईहरूको खेदो गर्ने काममाथि नियुक्त भएका नयाँ अफिसरको नाम थाहा छ ?’, मार्सेलुसले सोधे ।

‘लकुल्युस त्यसको नाम हो’, त्यस साथीले भन्यो ।

‘ओहो, लकुल्युस’, मार्सेलुस चिच्च्याए; ‘यो कस्तो उदेकको कुरा हो !’

‘वर्तमान समय साँच्ची नै एकदमै डरलाग्दो समय हो । तपाईं अलिक होशियार बस्नुहोस् !’

‘हो, तर तिनीहरूले मलाई केवल एकपल्ट मात्र मार्न सक्छन्’ भनेर मार्सेलुसले उत्तरमा भने ।

‘ओहो, तपाईं इसाईहरूसित कति ठूलो धैर्य र सहने शक्ति छ ! म तपाईंहरूको साहस कदर गर्छु; तर मेरो विचारमा, सायद तपाईंहरू

सम्राटको राज-आज्ञासँग बाहिरी रूपले मिल्न सक्नुहुन्छ । तपाईंहरू किन यसरी मर्न तँ छाड़ कि म छाड़ गर्नुहुन्छ ?'

'हाम्रा मुक्तिदाता हाम्रो निम्ति मर्नुभयो; यसैले हामी पनि उहाँको निम्ति मर्न तयार छौं ।'

यति भनेर मार्सेलुसले बिदा लिए, र आफ्नो भारी बोकेर हिँड़े । तर त्यो भर्खेर सुनेको खबरले तिनको मन उथलपुथल भएको थियो ।

'त्यसो पो भएछ ! त अब लकुल्युसले मेरो ठाउँ ओगटेछ' भन्दै मार्सेलुस विचार मग्न भए । 'ऊ पनि मेरो विरुद्धमा लागिसक्छ कि ? उसले मलाई आफ्नो साथीको रूपमा सम्झन्छ वा मलाई इसाईको रूपमा मात्र सम्झन्छ ? सायद यो कुरा म चाड़ै थाहा पाउन सक्छु होला । म उसकै हातमा परें भने, यो कस्तो अचम्मको घटना हुन्छ होला ।

तैपनि ऊ एउटा सिपाही हो; मलाई पक्रनु उसको कर्तव्य हो । त मैले किन यसरी गनगन गर्नु ? किन उसको कर्तव्यको विरोध गर्नु ? सायद उसको हृदयमा मप्रति सहानुभूति वा प्रेम त होला, तर उसले आफ्नो कर्तव्य पूरा गर्नैपर्छ र पछि सर्नुहुँदैन ।'

यस्ता विचारहरू आफ्नो मनमा विचार्दै मार्सेलुस अघि आएको बाटोमा ओरालो लागे । तिनी आफ्नो विचारमा मस्त डुबेका थिए; यसकारण तिनले केही पर बाटोको छेउमा थुप्रिएका मानिसहरूको धुइरो देखेनन् । तिनीहरूको बीचमा पुग्दा मात्र मार्सेलुसले त्यो धुइरो देखे । तब अचानक कसैले तिनलाई रोक्यो ।

'साथी, तिमी कहाँ जाँदैछौ ?' एकजना मानिसले रूखो, कठोर सोरमा भन्यो । 'त्यति छिटो नहिँड़े पनि हुन्छ नि ! भन, तिमी को हौ र कहाँ जाँदैछौ ?'

'हामीलाई भन ! तिमी को हौ ? नत्र ता तिमी यहाँदेखि अघि बढ्न पाउँदैनौ', अर्कोले निक्कै च्याँठिएर भन्यो ।

'ए साथीहो, बाटो छोड़िदेऊ ! के तिमीले मलाई चिन्दैनौ ? म प्रेटरको कप्तान हुँ', मार्सेलुसले ठूलो सोरले भने ।

‘प्रेटर’ भन्ने नाम सुन्नेबित्तिकै त्यो धुइरो डरले यताउता पन्सिन थाल्यो, र मार्सेलुस त्यस धुइरोको बीचबाट छिरेर पार भए। तर तिनी त्यस धुइरोबाट यस्तै पाँच-सात पाइला मात्र पर गएका थिए, तब त्यस धुइरोको बीचबाट एकजना यसो भन्दै करायोः

‘त्यसलाई पक्र ! त्यो त इसाई भएको मार्सेलुस हो !’

त्यस धुइरोबाट विभिन्न मानिसहरू कराउन थाले। अनि मार्सेलुसलाई अरू चेताउनी चाहिएन। काँधको भारी झ्याट्टै फ्याँकेर तिनी त्यहीं छेउको बाटो मनि झरेर टाइबर नदीतिर ओरालो बत्तिए। त्यो धुइरो पनि त्यसको पछि-पछि कुद्यो। तर मार्सेलुसले अघि खेलकुदको तालिम पाएका थिए। अन्तमा तिनी टाइबर नदीको तीरमा पुगे र नदीमा हाम फालेर पौड़िँदै पारि पुगे। तिनलाई खेद्नेहरू पनि नदीको किनारसम्म त पुगे, तर त्यहाँदेखि तिनीहरू अघि बढ्न सकेनन्। तिनीहरू मार्सेलुसलाई टाइबर नदी तरेर पारि पुगेका हेरिरहे। यसरी तिनी तिनीहरूको हातबाट उम्के।

# १०

# रोमी अत्याचारको शिकार भएको

ओनरियस एक-दुईजना मानिसहरूसँग सेवासङ्गतिको ठाउँमा बसेका थिए; तीमध्ये एकजना सेसिलिया पनि थिइन्। अचानक केही हतारिएर आएको आवाज सुनियो र सेवा गर्ने कोठाको ढोकामा मार्सेलुस देखा परे। तिनलाई देख्नेबित्तिकै सबका सब खुशीले कराउँदै जुरुक्क उठे।

'पोल्लियो कहाँ छ, खै ?' भन्दै सेलिसियाले केही आतिएको सोरमा सोधिन्।

'उसलाई मैले कहीं देखिनँ', मार्सेलुसले भने।

'ओहो, तिनले पनि उसलाई देखेनन्' भन्दै सेलिसिया आफ्नो कुर्सीमा थ्याच्चै बसिन्।

'किन ? के ऊ आफ्नो समयमा आइपुगेन ?'

'छ घण्टा अघि त्यो आउनुपर्नेथियो; खै, त्यस केटाको शोक-चिन्ताले म यहाँ थला पर्न आँटेकी छु।'

'तिमी के कारण ढिलो भयौ, मार्सेलुस ? हामीले त तिम्रो आशा मारिसकेका थियौं' भन्दै ओनरियसले सोधे।

'केही मानिसहरूले मलाई 'भिया अल्बा' भन्ने ठाउँमा रोके' भनेर मार्सेलुसले उत्तर दिए। 'अनि मैले काँधको भारी फ्यात्तै एकातिर फ्याँकें र म नदीतिर दगुरें। एक हूल मानिसहरू मेरो पछि-पछि आए, तर म नदीमा हाम फालें र पौड़ेर म वारि आएँ।'

'तिमी त बड़ो मुस्किलले बाँचेर आएछौ; अनि तिम्रो टाउको ल्याउने मानिसलाई रोमी सरकारले इनाम दिने भएको छ।'

'अरे ? के यो कुरा तिमीले सुनेका छौ ?' अचम्म मान्दै मार्सेलुसले ओनरियसलाई सोधे।

तर त्यति नै बेलामा सङ्गति-कोठा बाहिर एउटा होहल्ला मच्चियो र तिनीहरूको कुरा बीचमा थामियो। सबैजना जुरुक्क उठे।

'रोमी सिपाहीहरू !' भन्दै सबैजना एकैचोटि कराए।

तर होइन, होइन। सिपाहीहरू आएका रहेनछन्। त्यहाँ एकजना भाइ पो थियो, जसले बाहिरबाट एउटा खबर ल्याएको थियो। डरले पहेंलो भएको, थरथर कामिरहेको त्यो मानिस लल्याक-

लुलुक भएर भुइँमा दङ्ग पछारियो र हात समातेर बटारिँदै सास स्याँ-स्याँ फेर्दै करायो ः

'उफ्, कस्तो दुर्भाग्य !'

त्यस भाइलाई देखेर सेसिलियाको हृदयमा एउटा ठूलो अत्यास र डर पसिगयो ।

'बोल न ! बोल ! हामीलाई सबै कुरा भन !, ओनरियसले चर्को सोरले भने ।

'पोल्लियो !' त्यो खबर ल्याउने भाइले सास रोकिँदै भन्यो ।

'पोल्लियोलाई के भयो ?' मार्सेलुसले केही कड़ा सोरमा सोधे ।

'ऊ पक्रा पर्‍यो; ऊ झ्यालखानामा छ ।'

यो समाचार सुन्नासाथ एउटा चर्को चिच्च्याहट सुनियो । अनि त्यो चिच्च्याहटको आवाज त्यहाँ वरिपरि भएको डर र अन्धकारको बीचमा अझै डरलाग्दो सुनियो । त्यसरी चिच्च्याउने पोल्लियोकी आमा सेसिलिया थिइन् ।

अनि तत्कालै यस बहिनीको छेउमा भएका मानिसहरूले सेसिलियाको सुसार गर्न थाले र यिनलाई सान्त्वना दिन खोजे ।

त्यस बेलासम्म त्यो खबर ल्याउने भाइको प्राण फर्किसकेको थियो, अनि त्यसले सबै कुरा वर्णन गर्‍यो ।

'पोल्लियो तिमीसँग थियो कि के हो ?' मार्सेलुसले त्यसलाई सोधे ।

'अहँ, ऊ एकलै थियो ।'

'उसको काम के थियो ?'

'उसले नयाँ, ताजा खबर बटुल्नु थियो । म त्यही बाटोको एक किनारमा केही पर थिएँ । अनि पोल्लियो घर फर्किरहेको थियो । हामी दुईजना एक हूल मानिसहरू भएको ठाउँमा नपुगुन्जेल सँगसँगै हिँड्दैथियौं । तब त्यस हूलले पोल्लियोलाई रोक्यो र उसलाई सोध्न लाग्यो । म त छक्क परें । तिनीहरूले पोल्लियोलाई के-के सोधे, मैले केही पनि सुनिनँ । तर मैले परैबाट तिनीहरूले पोल्लियोलाई डर देखाउँदै, तर्साउँदै कुरा गरेका देखें, अन्तमा तिनीहरूले उसलाई समातेका पनि देखें । मैले उसको निम्ति केही गर्न सकिनँ । म निक्कै

टाढ़ो बसेर हेर्न लागें । त्यसको आधा घण्टाभित्र त्यहाँ एक टोली प्रेटरहरू आइपुगे । तिनीहरूले पोल्लियोलाई समातेर लगे ।'

'प्रेटरहरू ?' अचम्म मान्दै मार्सेलुसले भने; 'तिनीहरूको कप्तान को थियो ? के तिमीयो जान्दछौ ?'

'तिनीहरूको कप्तान लकुल्युस थिए ।'

'हो, हो, पक्का पनि तिनीहरूको कप्तान लकुल्युस भएको हुनुपर्छ', मार्सेलुसले भने। यति भनेर तिनी गहिरो विचारमा गहिरिए ।

# ११

# पोल्लियोको निम्ति आत्म-बलिदान दिने प्रस्ताव

प्रेटरहरूको छाउनीमा साँझ परिसकेको थियो। लकुल्युस आफ्नो कोठामा एउटा बत्तीको छेउमा बसिरहेका थिए। अनि त्यस बत्तीको उज्यालो ज्योति यस कोठाभरि छरिएको थियो। ढोकामा कसैले ढकढकक्याएको सुनेर उनको ध्यान भङ्ग भयो। उनी जुरुक्क उठे, र उनले ढोका खोले। एउटा मानिस भित्र पस्यो र चुपचाप कोठाको बीचमा आयो। त्यसपछि त्यस मानिसले आफ्नो लामो, ठूलो बर्को उतार्‍यो।

'मार्सेलुस !', लकुल्युस छक्क पर्दै कराए र फुत्तै अघि बढ़ेर खूब खुशी भई साथीलाई घ्वाप्पै अँगाले।

'प्रिय मार्सेलुस', उनले भने; 'कस्तो सौभाग्यले आज तिमीसँग यसरी अचानक भेट भएको ?'

'मलाई डर र शङ्का लाग्छ, सायद हाम्रो भेट अब फेरि घरिघरि हुनेछैन', दुःखसाथ मार्सेलुसले भने। 'आज पनि आफ्नो जीवन ठूलो खतरामा पारेर म तिमीसँग भेट्न आएको छु।'

'सय हो', लकुल्युसले भने; 'मानिसहरू तिम्रो पछि लागेका छन्। तिम्रो शिर ल्याउन वा तिमीलाई पक्रन इनाम दिने घोषणा भएको छ। तरैपनि यस कोठामा तिमी सुरक्षित छौ। यस पागलपनले तिमीलाई समात्नभन्दा अघि तिमी यहाँ जसरी सुरक्षित हुन्थ्यौ, आज पनि तिमी यहाँ उत्तिकै सुरक्षित हुन्छौ। ती दिनहरू कति आनन्दका दिन थिए ! ओहो, मार्सेलुस, ती दिनहरू किन फेरि फर्किआउन सक्दैनन् ?'

'म मेरो स्वभाव बदली गर्न सक्दिनँ; जे कुरा भएको छ, म त्यो सबै नभएको बनाउन सक्दिनँ। त्यसबाहेक लकुल्युस, तिम्रो नजरमा मेरो जीवन र भाग्य अशुभ र दुःखमय देखिन्छ होला, तर म अत्यन्तै खुशी छु। यस्तो आनन्द मैले अघि कहिल्यै अनुभव गरेको थिइनँ।'

'खुशी ?' अचम्म मान्दै लकुल्युसले ठूलो सोरले भने।

'हो, लकुल्युस, मैले डर, दुःख र खेदोको सामना गर्नुपरे ता पनि म निराश भएको छैनँ; म त्यसै अफालिएको छैनँ। म खेदो र सतावटमा जिउँछु, तैपनि म हतास भएको छैनँ।'

'यस्तो दशामा पनि के तिमी "म खुशी छु" भन्छौ ?'

'लकुल्युस, मेरो हृदयमा यस संसारले बुझ्न नसक्ने शान्ति छ; एउटा शान्ति, जुनचाहिँ स्वर्गबाट आएको छ, जुनचाहिँ सारा समझ-भन्दा उच्च छ । म अन्तसम्म स्थिर रहन सकूँ; परमेश्वरले मलाई यसको निम्ति अनुग्रह गरून् !' मार्सेलुस जोशमा भन्दै गए; 'तर म त यहाँ आफ्नो विचार र भावनाको कुरा गर्न आएको होइनँ । एकपल्ट तिमीले मलाई साथी सम्झी "खाँचोमा पर्दा मकहाँ आऊ, म तिम्रो सहायता गर्नेछु" भन्ने प्रण दिएका थियौ । अनि आज म तिमीलाई विश्वासयोग्य साथी सम्झी तिमीदेखि यही प्रतिज्ञाअनुसार सहायता पाऊँ भन्ने अनुरोध गर्न आएको हुँ ।'

'मार्सेलुस, जे मेरो अधिकारमा छ, त्यो सबै तिम्रो हो । तब भन ! तिमी के चाहन्छौ ?'

'तिमीसँग एउटा कैदी छ ।'

'छ, छ । एउटा कहाँ हो र ? कैदी अनेक छन् ।'

'यो कैदी एउटा केटा हो ।'

'हो, मलाई थाहा छ, केही दिनअघि मेरा मानिसहरूले एउटा केटालाई पक्रका छन् ।'

'त्यो केटा सानै छ; मेरो विचारमा, यस्तो कलिलो, अनजान केटालाई पक्रनुमा कुनै लाभ हुँदैन । त्यसलाई पक्रने केही कारण पनि छैन । त्यो केटा सम्राटको क्रोध भोग्न लायक छैन । तर पनि त्यो केटा तिम्रै हातमा छ, तिम्रै अधिकारमा छ । लकुल्युस, म त्यस केटाको निम्ति तिमीलाई विन्ती गर्न र छोड़िमाग्न आएको छु । मेरो विन्ती छ, त्यसलाई छोड़िदेऊ !'

'ओहो, मार्सेलुस, तिमीले के मागेको ? मैले यसो गरें भने मैले सरकारको अघि आफ्नो कर्तव्य पूरा गर्नेछु भन्ने शपथ भङ्ग गर्नेथिएँ र आफैलाई देशद्रोही तुल्याउनेथिएँ । के यो तिमीलाई थाहा छैन ? मलाई बरु "यो तिम्रो तरवारमाथि छाती राखेर घ्वाप्पै घोचिएर मर" भन, म त्यसरी मर्न तयार होउँला, तर यसो गर्न चाहिँ म सक्दिनँ, त्यस केटालाई छोड्न सक्दिनँ ।'

'त्यो सबै मैले भुलेको छैनँ, भाइ ! मैले त त्यो केटा भर्खरको छ र सायद त्यसलाई कैदीको रूपमा लिइँदैन होला भन्ठानेको थिएँ । के

सम्राटको दण्ड-आज्ञाले यस्ता कलिला केटाकेटीहरूलाई पनि छोड्दैन ? के तिनीहरूलाई छुट छैन ?'

'के तिमीले रङ्गभूमिको कुरा बिर्स्यौ, कि कसो हो ? के त्यस रङ्गभूमिमा तिमीले यो केटाजत्रै केटाकेटीहरू मरेका, मारिएका देखेनौ ?'

'उफ्, त्यो सबै मैले झलझलती देखेको छु', मार्सेलुसले भने । 'त्यसो भए, के यो भर्खरको सानो केटा पनि त्यसरी नै मर्नुपर्छ ?'

'हो; त्यसले इसाई धर्म त्याग्दैन भने त्यो पनि त्यसरी नै मर्नुपर्छ ।'

तब मार्सेलुसले भनेः 'इसाई धर्म त्याग्नु, अहँ, त्यसले यसो कहिल्यै गर्न सक्दैन ।'

मार्सेलुसले फेरि भनेः 'म तिम्रो सामु अर्को प्रस्ताव राख्न चाहन्छुः ठिक्कै छ, कानुनमा कैदीहरू छोड़िदिने बन्दोबस्त छैन भने, के कानुनले कैदीहरू साटासाट गर्न दिन्छ ?'

'हो; यो बरु मिल्छ', लकुल्युसले माने ।

'भाइ, त्यो केटाभन्दा एउटा अझ धेरै नामी कैदी छ । तब मलाई भनः के तिमीले त्यस केटालाई ऊसँग साट्नेछौ ?'

'तिमीहरूले हाम्रा मानिसहरूबाट कसैलाई पनि कैदी गरेका त छैनौ ।'

'हो; तर काहिलेकहीं एकजना इसाईले अर्को इसाईको निम्ति आफ्नो जीवन दिन्छ ।'

'असम्भव !'

'के त्यस केटाको सम्बन्धमा कुनै इसाईको निम्ति यसो गर्नु सम्भव छैन ?'

'ठिक्कै छ, मानिलियौं, यस्तो प्रबन्ध होला; तब लौ भन ! त्यस केटाको बदलीमा कसले आफूलाई दिइहाल्छ ?'

'म मार्सेलुस ।'

'तिमी', लकुल्यस कराए । यस प्रकारको अद्‌भुत कुरा सुनेर लकुल्युस आफू बसेको कुर्सीमा घ्वाच्चै पछिल्तिर ढल्के ।

'यो पोल्लियो एउटा पुरानो, रोमी उच्च खानदान परिवारको

अन्तिम सन्तान हो । उसका बुबा युद्धभूमिमा मरे । ऊ सर्भिली वंशको हो ।'

'ओहो, सर्भिली वंशको केटा ? तब उसकी आमा सेसिलिया हुनुपर्छ ।'

'हो; यिनी पनि सुरुङ्गहरूभित्र बस्ने शरणार्थी हुन् । यिनको सारा जीवन र प्रेम यही केटामा केन्द्रित छ। यो पोल्लियो यिनको जीवनको एकमात्र आशा हो । हरेक दिनमा यिनी त्यस केटालाई रोम शहरमा जाने खतरनाक काममा पठाउन राजी हुन्छिन् । तर यिनी एउटी आमा हुन्; अनि आमाको मन कस्तो छ, सो तिमी जान्दछौ ? छोराको अनुपस्थितिमा यिनी डर र चिन्ताले छटपटिरहन्छिन् । तैपनि यिनी आफ्नो छोरालाई ती सुरुङ्गहरूभित्र सधैं राख्न डराउँछिन् । किनभने यिनलाई त्यहाँको चिसो, दूषित हावाले आफ्नो छोरालाई यिनीदेखि झट्टै चुँड़ाइलान्छ कि भन्ने डर लागेको छ। तिमीले यिनको छोरा पोल्लियोलाई नाश गरिदियौ भने, सेसिलिया पनि मर्नेछिन् र रोमको एउटा अदब-मान भएको वंश, एउटा उच्च श्रेणीका नागरिकहरू लोप हुनेछन् ।

यही कारण म पोल्लियोको सट्टामा आफूलाई दिन यहाँ आएको हुँ । म को हुँ र ? यस संसारमा म एकलै छु । ढिलो-छिटो कुनै दिन म मर्नैपर्छ; यो त अघि-पछिको कुरा मात्र हो । व्यर्थमा, कुनै काम नलागी मर्नुभन्दा त बरु म आफ्नो जीवन एउटा साथीको निम्ति उसको सट्टामा दिनेछु ।'

लकुल्युस जुरुक्क उठे, मनमा ठूलो खलबली र अशान्ति बोकेर उनी यस कोठामा यताउति हिँड्न थाले। उनको शिर झुकेको थियो; उनको छातीमा लगेका दुवै हात घरि बाँधिन्थे, घरि खोलिन्थे ।

'किन, मार्सेलुस, यो सब किन, र केको निम्ति ?' केही बेरपछि लकुल्युसले भनेः 'तिमी किन मेरो जाँच यति गर्छौ ? यो मेरो लागि कति डरलाग्दो परीक्षा हो !'

'मेरो प्रस्ताव ग्रहण गर्न सजिलो छ ।'

'मार्सेलुस, मेरो निम्ति तिम्रो जीवन अमूल्य छ। यो कुरा तिमी

बिर्सन्छौ ।'

'तर कृपाय एकपल्ट त्यस जवान केटाको विषयमा पनि विचार गर त !'

'मेरो हृदयमा त्यस केटाप्रति पनि गहिरो सहानुभूति त छ । तर तिमी आफैले विचार गर, के म तिम्रो जीवन कसैको सट्टामा लिन सक्छु ? के तिमी यति सस्तो छौ ?'

'मैले अघिबाट मेरो जीवन गुमाइसकें । अनि त्यो दिन आउँछ, जब मैले यो जीवन छोड्नैपर्छ । लकुल्युस, मेरो विन्ती छ, मेरो जीवन कसैको निम्ति आशिषको कारण हुन देऊ !'

'जबसम्म म तिम्रो मृत्यु रोक्न सक्छु, तबसम्म, मार्सेलुस, तिमी कदापि मर्नेछैनौ ।'

'भाइ, जब म पक्रा पर्छु, तब कसैले पनि मेरो मृत्यु रोक्न सक्दैन ।'

'सायद म तिमीलाई पूरा रूपले बचाउन नसकुँला, तर तिम्रो मृत्यु रोक्न म केही न केही गर्न सक्छु होला ।'

'अनि म आफै सम्राटकहाँ गएँ भने, हुन सक्छ, उहाँले मेरो विन्ती सुन्नुहोला ।'

'सुन्नु मात्रै ! उहाँले तिमीलाई त्यत्तिनैखेर कैद गर्नुहुनेथियो र तत्कालै तिमी दुवैजनालाई मृत्युदण्ड दिनुहुनेथियो ।'

'यसो भए, म कुनै सन्देशवाहक सम्राटकहाँ पठाउन सक्छु ।'

'यसरी तिम्रो खबर कहिल्यै उहाँकहाँ पुग्नेथिएन । तिम्रो खबर कतै पुग्यो भने ढिलो पुग्नेथियो ।'

'यसो भए मेरो कुनै आशा छैन', मार्सेलुसले दुःखी भएर भने ।

'हो, तिम्रो निम्ति आशा छैन ।'

'अनि तिमीचाहिँ, के तिमी पक्का पनि मेरो प्रस्ताव अस्वीकार गर्छौ ?'

'उफ्, मार्सेलुस ! तिमी मलाई भन ! म कसरी आफ्नो साथीको मृत्युमा दोषी हुन सक्छु ? के तिमीमा मेरो निम्ति कुनै दया छैन । मलाई माफ गर, तर म तिम्रो प्रस्ताव मान्न सक्दिनँ ।'

'यसो भए प्रभुको इच्छा पूरा होस्', मार्सेलुसले भने । 'म झट्टै

फर्कनुपरेको छ। आहा, म यस्तो निराश खबर बोकेर कसरी फर्कूं ?'

यी दुईजना साथीहरूले एक-अर्कालाई अँगाले, र मार्सेलुस हिँड़िहाले; अनि मार्सेलुसको अनौठो प्रस्तावमा अचम्म मान्दै लकुल्युस यस कोठामा वाल्ल परेको अवस्थामा एकलै छोड़िए ।

मार्सेलुस सकुशलतापूर्वक सुरुङ्गहरूभित्र पुगे । अनि तिनी किन रोम गएका थिए, यसको कारण जान्नेहरूले तिनलाई स्वागत गरे । पोल्लियोको छुटकारा गर्ने कोशिशमा तिनी असफल भएकोमा सबैजनाले आफ्नो अफसोस र दुःख प्रकट गरे ।

अनि सेलिसिया चाहिँ ? पोल्लियोकी आमा त झन्डै बेहोश भइन् । किनकि यिनले वरिपरि भइरहेका कुराहरू राम्रोसँग चालै पाइनन् र यिनलाई यी भइरहेका कुराहरूको विषयमा अलि-अलि मात्र थाहा भयो । मार्सेलुसको कोशिश विफल भएको कुराबाट यिनलाई ठूलो आघात लाग्यो; यस कुराले यिनलाई झन् बढ़ी मानसिक पीड़ा दिलायो । अनि यस चोटबाट यिनी कहिल्यै निको हुन सकिनन् ।

त्यस रातभरि सबैजना यिनको बिछौनाको वरिपरि बसे । तर हरेक घण्टामा यिनको अवस्था झन् बिग्रियो । सेसिलियाको जीवन बिस्तारै अन्त हुँदै गयो । अनि यिनको जीवन-नौका मृत्यु-सागरमा डुब्दैथियो । यिनको जीवन मृत्युको मुखमा पुगिसकेको थियो । अब सेसिलियाको छोरा बाँचे पनि यिनको जीवन फर्केर आउने आशा थिएन ।

अन्त्यमा यिनको अन्त आइसक्यो । यस संसारमा सेसिलियाको जीवनको पूर्णविराम आयो । यिनले धेरै समयसम्म आफ्ना आँखाहरू झिम्म गरेकी थिइन्, तर अब अचानक ती आँखाहरू खोलिए, र यिनको अनुहारमा एक प्रकारको ज्योति एक क्षणमा आयो र अर्को क्षणमा निभ्यो, अनि धीमा सोरले यिनले पुकारिन्ः 'हे प्रभु येशू, आउनुहोस् !' अनि यस पुकारको साथ यिनले आफ्नो प्राण त्यागिन् । अनि त्यही क्षणमै सेसिलियाको अमर आत्मा परमेश्वरकहाँ पुगिगयो ।

# १२

# पोल्लियोको न्याय-जाँच

सम्राटको दरबारको छेउमा एउटा ठूलो भवन थियो, अनि त्यस भवनभित्र एउटा ठूलो कोठा थियो । त्यसको भुइँमा चिल्ला परेका संगमरमरका ढुङ्गाहरू छापिएका थिए । त्यसको गोलो परेर उठेको छत जगजग भई चम्कने सेता ऐनाजस्तै ढुङ्गाहरू मिसिएका चट्टानबाट काटेर बनाएका खाँबाहरूको गोल लस्करले थामेको थियो । त्यस कोठाको एक कुनामा, पछिल्तिर देवताको थान सजिएको, एउटा अग्लो मञ्च थियो । अनि त्यस मञ्चमा केही ठूला आसनहरूमा लामा-लामा लबेदा ओढ़ेका पञ्चहरू बसेका थिए । उनीहरूको अघि केही सिपाहीहरूले एउटा कैदीलाई पक्रेर उभ्याएका थिए । अनि त्यो कैदी पोल्लियो थियो ।

उसको अनुसार पहेंलो थियो, त्यसको रङ्ग उड़ेको थियो; तर ऊ ठिङ्ग उभ्यो र दृढ़ थियो । उसको समझ असाधारण थियो; अनि अहिले पनि उसको समझशक्ति घटेको थिएन । अनि उसले एकै नजरले सबै कुरा बुझिहाल्यो । उसले आफूमाथि आइपर्ने, त्यो रोकिनसक्ने खतरा बुझ्यो । तर उसको अनुहारमा डर वा दोधारको कुनै लक्षण, अहँ, कुनै गन्ध समेत थिएन ।

अनि त्यस दिनको बिहानै पोल्लियोले आफ्नी आमाको मृत्यु भएको खबर सुनेको थियो । यो खबर उसकहाँ किन ल्याइयो ? यसमा उसको दृढ़तामा कुनै धक्का नलागोस् र झन् बलियो होस् भन्ने मनसा थियो । अनि यो खबर ल्याउनेचाहिँ मार्सेलुस थिए । किनकि लकुल्युसको दयामा मार्सेलुसले पोल्लियोसँग भेट्ने मौका पाएका थिए । अनि मार्सेलुसको विचार सठीक ठहरियो । किनकि आफ्नो साधारण विश्वासअनुसार यस सम्बन्धमा पोल्लियोले ‘यस मृत्युले मलाई झट्टै मेरी आमासँग भेट गराइदिनेछ’ भन्ने धारणा अपनायो । अनि यस प्रकारको मनसाय लिएर उसले निम्न न्याय-जाँच सामना गर्‍यो ।

‘तिमी को हौ ?’

‘मेरो नाम सर्भिली मार्कुस पोल्लियो हो ।’

‘तिम्रो उमेर कति हो ?’

‘मेरो उमेर तेह्र वर्ष हो ।’

पोल्लियोको नाम सुनेपछि यस कोठाभरिका मानिसहरूको मुखबाट गुनगुनका अस्पष्ट शब्दहरूको आवाज सुनियो । किनकि रोमभरि नै उसको परिवारको नाम सुप्रख्यात थियो । अनि धेरैजनाको मनमा पोल्लियोप्रति दयामाया जाग्यो ।

'तिम्रो आरोप यस प्रकारको छः तिमीलाई इसाई भएको दोष लागेको छ । यस विषयमा तिमी के भन्छौं ।'

'हजुर, मैले कुनै अपराध गरेको छैनँ', पोल्लियोले भन्यो; 'हो, म इसाई हुँ; अनि यो कुरा म खुशीसाथ तपाईंहरूको सामु स्वीकार गर्छु ।'

'भाइ, इसाई हुनुचाहिँ देशद्रोही हुने अपराध हो ।'

'हजुर, म इसाई त हुँ; तर म देशद्रोहीचाहिँ होइनँ । किनकि धर्मशास्त्र बाइबलले मलाई परमेश्वरको डर मान्न र सम्राटलाई आदर गर्न सिकाएको छ ।'

'देशको कानुनले तिमीलाई मृत्युदण्डको आज्ञा दिन्छ । यसकारण तिमी साँच्चै इसाई हौ भने, तिमी मर्नैपर्छ । कानुनको आदेश यस प्रकारको छ ।'

न्यायकर्ता अझै भन्न लागेः 'बाबु, तिमी कलिलै छौ; तिमी भर्खरको केटा हौ । हामी तिम्रो यस कलिलो उमेर र अज्ञानताले गर्दा तिमीलाई दया देखाउन चाहन्छौं । हुँकिँदा तिमीले एउटा अनौठो तालिम र उल्टो शिक्षा पाएका छौ । यसमा तिम्रो गल्ती छैन । यसैले तिमीले गरेको यस वर्तमान मूर्खताको विषयमा तिमी अलिकति जिम्मेवार छैनौ । यसकारण हामी तिमीलाई माफ गर्न चाहन्छौं । हेर, इसाई धर्म मूर्खता हो । किनकि तिमीहरूले एउटा यहूदी मानिसमाथि विश्वास गर्छौ, जसको मृत्यु केही सय वर्षअघि भएको थियो । तब त्यो येशू ईश्वर कसरी हुन सक्छ ? यस प्रकारको विश्वास मूर्खता हो । हाम्रो धर्म रोमी साम्राज्यको धर्म हो । यस कुराले सबै प्रश्नहरूको उत्तर दिन्छ र सबैको मुख बन्द गर्छ । त्यो अन्धविश्वास झट्टै छोड़िहाल ! हाम्रो धर्मतिर फर्क ! मूर्ख नहोऊ !'

'अहँ, म यसो गर्न सक्दिनँ ।'

'तिमी रोमको एउटा प्रसिद्ध खानदानी वंशको अन्तिम सन्तान हौ । अनि रोमले सभिली वंशको खानदानको मूल्य जान्दछ र कदर गर्छ । तिम्रा पितापुर्खाहरू धन, शक्ति र ऐश्वर्यमा जिएका थिए । तर तिमीचाहिँ अहिले एउटा गरिब, दुःखी केटा भएर जिउँछौ । यसकारण यस धोकाबाजी कुरादेखि फर्क ! त्यस यहूदीलाई त्याग्यौ भने, धन-दौलत, ऐश-आराम, साथीभाइ र राष्ट्रको मान-इज्जत र सम्राटको निगाह सबै तिम्रै हुनेछन् ।'

'अहँ, म यसो गर्न सक्दिनँ ।'

'तिम्रो बुबा राजभक्ति गर्ने जन थिए, एक साहसी सिपाही थिए । तिनी आफ्नो देशको निम्ति युद्धभूमिमा मारिए। भन, के तिमी आफ्ना बुबालाई सम्झन्छौ र तिमीलाई तिनको याद आउँछ ? आफ्ना बुबाको सम्झना केही मोलको ठानेर सँगालिराख्छौ ? के तिम्रा बुबाले तिम्रो सम्झनामा बाँच्न पाउँदैनन् ? बाबुहो, सम्झ ! बुबाको शान, इज्जत र वंश कायम राख्नु छोराको कर्तव्य हो । के तिम्रा बुबाले तिमीसँग तिमी तिनको छोरा भएको नाताले तिनीप्रति तिम्रो यो कर्तव्य पूरा गर्ने माग गर्न पाउँदैनन् ? आफ्ना बुबाको नामको बेइज्जती गर्न, आफ्ना पितापुर्खाहरूदेखि पाएको मान-इज्जत र प्रसिद्ध खानदान-माथि यसरी कलङ्क र दोष ल्याउनु के पाप होइन र ? भन !'

'हजुर, म कसैको बेइज्जती गर्न चाहँदिनँ; तर मैले मानेको धर्म पवित्र र शुद्ध छ । यसकारण म मर्न सक्छु, तर म मेरा मुक्तिदाता प्रभुलाई इन्कार गर्न सक्दिनँ ।'

'के तिमीले अझ बुझेका छैनौ ? हामी त तिमीप्रति दयालु हुन चाहन्छौं, नत्र हामी तिमीसँग किन कुराकानी र तर्क गर्नेथियौं र ! किनकि पतनको बाटोमा लागेको एउटा सन्तानको मूर्खता र ढिपीले रोममा एउटा नामी वंश खतम भएको देख्न हामी चाहँदैनौं ।'

'हजुरहरूको यस्तो असल विचार र दयाको निम्ति धन्यवाद !', पोल्लियोले भन्यो; 'तर मेरा प्रभुका उच्च मागहरूको तुलनामा तपाईंहरूका तर्कहरू मेरो निम्ति नागण्य हुन्छन् ।'

'तिमी कस्तो मूर्ख केटा ! बुद्धि, विचार सबै घोप्टेको हँ ?' कोही बीचमा करायो ।

‘त्यसो भए, कि तिमी सिंह र बाघहरूको सामना गर्न तयार छौ ?’, न्यायकर्ताले सोधे ।

‘हजुर, म तयार छु; म आशा गर्छु, कि जसमाथि म विश्वास र भरोसा राख्छु, उहाँले मलाई दिव्य शक्ति दिनुहुनेछ । उहाँले मलाई त्याग्नुहुनेछैन ।’

‘के तिमी विश्वस्त छौ ?

‘हो, जसले मलाई प्रेम गर्नुभयो र आफूलाई मेरो निम्ति अर्पण गर्नुभयो, उहाँमाथि भरोसा राखेर म विश्वस्त छु ।’

‘अनि अग्निदण्डको विषयमा कस्तो छ ? के तिमी अग्निखाँबामा झुन्डिएर र ज्वालामा तड्पिँदै मर्न सक्छौ ?’

‘मैले यस प्रकारको सजाय भोग्नुपरे पनि म पछि हट्नेछैनँ नै । चाँड़ै सबै पीड़ाहरूको अन्त हुनेछ, र तब म सदा-सर्वदा प्रभु येशूको साथमा हुनेछु ।’

‘तिम्रो येशूले अहिलेसम्म तिम्रो लागि केही गरेको छैन ।’

‘उहाँले मेरो लागि सबको सब गर्नुभएको हो । मैले बाँच्न पाऊँ भन्ने हेतुले उहाँले आफ्नो जीवन बलिदानको रूपमा अर्पण गर्नुभयो । तपाईंहरूले मेरो शरीर मारेर मबाट यो जीवन लिन सक्नुहुन्छ; हो । तर यस जीवनभन्दा अझ उत्तम जीवन छ, अनि त्यो अमर जीवन प्रभु येशूले मलाई दिनुभएको छ ।’

‘त्यो त तिम्रो सपना मात्र हो । त्यस्तो नङ्गाझार यहूदीले यो सबै कसरी गर्न सक्ला ? असम्भव ।’

‘उहाँ त परमेश्वरको पुत्र हुनुहुन्छ । उहाँमा परमेश्वर देहधारी हुनुभयो । उहाँले आफ्नो शरीरमा मृत्यु सहनुभयो, यस हेतुले कि हाम्रो आत्माले अनन्त जीवन पाओस् ।’

‘सुन ! हामी तिमीलाई अब अन्तिम मौका दिन्छौं । केटा, तिम्रो सामु जीवन छ – आनन्द र सुखचैनपूर्ण एउटा जीवन ! सबै आशिषले युक्त धनधान्य जीवन ! मान-इज्जत, साथीसँगीहरू, धन-दौलत, शक्तिबल र अधिकार – यी सबै थोकहरू तिम्रा हुनेछन् । एउटा उच्च घरानाको नाम र तिम्रो परिवारको धनसम्पत्ति तिमीलाई पर्खेको छ । यी सबै तिम्रो हुन् । तर यी सबै पाउन तिमीले केवल यो

एउटै काम गर्नुपर्छः तिमीले कलशको पवित्र जल ऊ पर यस वेदीमा खन्याउनुपर्छ । लौ, यो कलश समाऊ ! यो एउटा सरल काम हो । झट्टै गरिहाल ! आफूलाई कष्टदाय मृत्युबाट बचाऊ !'

त्यस सभामा सबै मानिसहरूका आँखाहरू पोल्लियोमाथि गाड़िए । उसलाई अब यो अन्तिम मौका दिइएको थियो । अहिले-सम्म पोल्लियो अलिकति पनि डगमगाएको थिएन । उसको धैर्य, दृढ़ता र साहस देखेर दर्शकहरू सबैको हृदय र मन आश्चर्यले भरिएको थियो । तर तिनीहरूले पोल्लियोको भरोसाको जग र आधार देख्न सकेनन् । ओहो, यस तेह्र वर्षको केटाको आँट र त्याग कत्रो थियो ! तिनीहरू यसको रहस्यमा पस्न सकेनन् ।

अब यो अन्तिम मौका पोल्लियोको सामु पासोझैं राखिएको थियो । अब के हुन्छ ? उसले के गर्छ ? यस सभामा मनको कौतुक-खेल शुरु भयो ।

तर यस अन्तिम मौकाको पनि कुनै सीप लागेन । दुब्लो, पहेंलो, तर सुदृढ़ पोल्लियोले हात हल्लाएर आफ्नो सामु राखिएको कलश 'पर लैजानुहोस्' भन्यो ।

'म मरुँला; तर म मेरा मुक्तिदाता प्रभुलाई विश्वासघात गर्न सक्दिनँ', पोल्लियोले छाती फुकाएर दरिलो भई भन्यो ।

पोल्लियोको वचनले भारी दखल दियो । त्यस दखलमा सभासद् एक क्षण सल्याक्क, चकमन्न भए । तब मुख्य न्यायकर्ताले आफ्नो अनुहार कठोर पारेर भनेः 'तैंले आफ्नै मुखले आफ्नै विनाशको फैसला गरिस्', अनि त्यहाँ उपस्थित सिपाहीहरूतिर फर्केर 'त्यसलाई लैजाओ !' भन्ने आदेश दिए ।

# १३

# पोल्लियोको मृत्यु

पोल्लियोको न्याय-जाँच छिटो सकेको थियो । उसको मृत्युदण्ड दिने फैसला सुनिश्चित भयो । भोलि कोलोसियममा एउटा ठूलो तमाशा आयोजित हुनेथियो ।

अनि भोलिपल्ट ग्लेडिएरहरू फेरि आपसमा लडे । तिनीहरूले एक-अर्कालाई मारे। कति थुप्रा मारिए! यस रङ्गभूमिको अखड़ामा प्रकार-प्रकारको लड़ाइँ भयो । तर दर्शकहरूमा सबैभन्दा डरलाग्दो, क्रूर मारकाटको खेलले बढ़ी कदर पाउँथ्यो । तिनीहरूले यस प्रकारको खेलमा बढ़ी रुचि राख्थे ।

एउटा घाइते ग्लेडिएरले अधमरो भएर धरफरिँदै दया पाउने आशामा दर्शकवर्गलाई हेर्‍यो, तर त्यसले केवल मृत्युको इशारा देख्न पायो । ऊ जहाँ फर्क्यो, त्यहाँ उसले आफ्नो विरोधमा निर्दयी दर्शकहरूका सबै बूढ़ी औंला सीधा उँधो पारेको देख्यो । किनभने दर्शकवर्गचाहिँ मानिसले मानिसलाई मारेको र रगतको आहालमा मानिस ढलेको हेर्न खूब तम्सेका थिए ।

तिनीहरूमा रमिता हेर्न भोक-तिर्सना अझै मेटिएको थिएन । अझ धेरै मानिसहरूको हत्या हेर्न तिनीहरूको माग थियो । किनकि तिनीहरूलाई थाहा थियो, अन्तिम रमिताको निम्ति इसाईहरू साँचेर राखिएका थिए ।

कप्तान लकुल्युस सम्राटको गद्दीको छेउमा शाही अङ्गरक्षक-हरूको बीचमा खड़ा थिए । तर उनको निधारमा ठूलो सोचचिन्ता परेको रेखा थियो । उनको रङ्गढङ्गमा सधैंको जस्तै हुने फूर्ति थिएन; उनी खुशी थिएनन् ।

अनि लकुल्युसको पछाड़ि, निक्कै माथिका बस्ने जग्गाहरूमा एकजना मानिस बस्यो, जसको पहेंलो अनुहार साह्रै गम्भीर थियो । त्यो अनुहार सबैको बीचमा झट्टै चिनिन्थ्यो, किनकि त्यो अनुहार अरू सबैको भन्दा भिन्नै थियो । किनभने यसका दुवै आँखाहरू यताउता कहीं हेर्दैनथिए, तर यस रङ्गभूमिको बीचमा भएको अखड़ामा गाड़िएका थिए ।

त्यति नै बेलामा यस रङ्गभूमिको एउटा कुनामा फलामको ढोका घोर्‍याङ्ग खोलिएको आवाज थर्क्यो । एउटा बाघ फुतफुत उफ्रेदै

अखड़ाभित्र पस्यो । एक्कासि चारैतिर गुनगुन गरिएको आवाज सुनियो; किनकि केही सिपाहीहरूले एउटा केटालाई हुत्त्याउँदै, घचेट्दै यस अखड़ाभित्र हुले ।

पहेंलो अनुहार भएको, हातखुट्टाको कठाङग्रिएको चालले हिँड्ने र पातलो जीउ भएको त्यो केटा त्यस विशाल जङ्गली पशुको निम्ति केही पनि थिएन । सायद ठट्टा गर्ने हिसाबले हाँसोको पात्र बनाउन उसलाई ग्लेडिएरको लुगा लगाइएको थियो ।

ऊ कलिलै थियो; त्यसबाहेक ऊ कमजोर पनि थियो; तर उसको अनुहार र व्यवहारमा डरको कुनै लक्षण थिएन । उसको हेराइमा शान्ति र ध्यानमग्न भाव देखिन्थ्यो । बिस्तारै ऊ अखड़ाको बीचमा गएर उभियो । वरिपरिबाट सबै मानिसहरूले उसलाई हेरिरहे र मुरीमुरी हाँसे । तर यस अखड़ाको बीचमा त्यस केटाले आफ्ना दुई हात जोड़ेर र स्वर्गतिर आफ्ना आँखाहरू उठाएर प्रार्थना गर्न थाल्यो ।

यता त्यो बाघ अघिजस्तै यताउता डुलिबस्यो । त्यसले यस केटालाई देख्न त देख्यो, तर यसको दृश्यले त्यस बाघमा कुनै प्रतिक्रिया निकाल्न सकेन । त्यसले आफ्ना राता आँखाहरू वरिपरिका पर्खालहरूतिर लगायो र बीच-बीचमा डरलाग्दो गर्जन छोड़्यो ।

अनि उता त्यो गम्भीर अनुहार भएको मानिसले सारा मनले यो दृश्य आत्मसात् गर्‍यो ।

एक क्षणपछि यस्तो भयोः त्यो बाघ यस केटातिर फर्क्यो, तर यसलाई हमला गर्ने इच्छा भएन । अनि यस केटाले अझै पनि प्रार्थना गर्दैरह्यो ।

अब भीड़ अधीर भयो । चारैतिर गुनगुन सुनिन्थ्यो, त्यसपछि चिच्च्याहटहरू र चीत्कारहरू सुनिन्थे । किनकि यसरी मानिसहरूले त्यस बाघको रिस उठाउन खोजे । तर यस खैलाबैलाको बीचमा एउटा गहिरो र तर्साउने आवाज सुनियोः

'हे स्वामी र प्रभु, हे पवित्र र सत्य, कहिलेसम्म तपाईं न्याय गर्नुहुन्न र पृथ्वीमाथि बस्नेहरूबाट हाम्रो रगतको बदला लिनुहुन्न ?'

त्यसपछि सारा जग्गामाथि ठूलो चकमन्नता छायो । छक्क परेर सबैले एक-अर्कालाई ट्वाल्ल परेर हेरे । तर यो सोर फेरि सुनियो, र चकमन्नता भङ्ग भयो । यसपालि यस वाणीको प्रभाव अझ ठूलो भयो, जसले यसो भन्योः

‘हेर, उहाँ बादलहरूको साथमा आउनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ – उहाँलाई घोंच्नेहरूले पनि उहाँलाई देख्नेछन्; अनि उहाँको खातिर पृथ्वीका सबै कुलहरूले विलाप गर्नेछन् । यस्तै होस् ! आमेन ।

तपाईं धर्मी हुनुहुन्छ, हे प्रभु, तपाईं जो हुनुहुन्छ, जो हुनुहन्थ्यो र जो हुनुहुनेछ; किनभने तपाईंले यसरी नै न्याय गर्नुभएको छ । किनकि तिनीहरूले पवित्र जनहरू र भविष्यवक्तहरूको रगत बहाएका छन्, र तपाईंले तिनीहरूलाई रगत पिउन दिनुभएको छ; किनकि तिनीहरू यसको योग्य छन् ।

साँचो हो, परमप्रभु सर्वशक्तिमान् परमेश्वर, तपाईंका न्यायहरू साँचो र धर्ममय छन् ।’

तर अब गुनगुनहरू, चिच्च्याहटहरू र चीत्कारहरू त्यस मानिसतिर सारे । किनकि त्यो विघ्नबाधा कहाँबाट आयो, सो जानियो ।

‘त्यो श्रापित इसाई !’ ‘त्यो त पागल किन्ना रहेछ !’ ‘त्यसलाई चार दिन थुनामा राखिएको थियो, भोकै’, ‘त्यसलाई हटाओ !’ ‘त्यो पगला बाघलाई खुवाओ !’

यसरी ती चिच्च्याहटहरू र निन्दाहरू चरमसीमामा पुगे । अनि त्यस बाघले गर्ज्यो । अनि पालेहरूले भीड़का शब्दहरू सुनेर छिट्टै तिनीहरूको माग पूरा गरे । तुरुन्तै यस रङ्गभूमिको अखड़ापट्टिको ढोका खोलियो, र त्यो सिकार भित्र हुत्त्याइयो ।

अनि तत्कालै त्यस बाघले त्यस मानिसलाई देख्यो, र झम्टन ऊतिर दौस्र्यो । तर त्यस मानिसकहाँ पुग्दै-नपुग्दै त्यो रिसाहा पशु अचानक रोकियो र थपक्क बस्यो । तब पोल्लियो आफ्नो घुँड़ाबाट उठ्यो, र हेस्र्यो । तर किन्नाले कुनै बाघ देखेन । किनकि त्यसले

आफ्ना आँखाहरू भीड़माथि लगायो, र आफ्नो हात उचालेर त्यसले तिनीहरूको विरुद्धमा निम्न वचन बोल्योः

'पृथ्वीमाथि बस्नेहरूलाई हाय, हाय, हाय !'

तर त्यसको सोर रगतले छोपेर चुप गराइयो। किनकि त्यस बाघको एकै झम्टाइमा त्यो मानिस ढल्यो; एकै क्षणमा सबै खतम थियो।

एकै क्षणपछि त्यो बाघ यस केटातिर फर्क्यो। त्यसले रगत चुस्यो; यसकारण त्यसको तृष्णा जाग्यो। रौं ठाड़ो पार्दै, आँखाहरू टिलटिल बलिरहेका र पुच्छर लपक्क परेको भएर त्यो बाघ आफ्नो शिकार पर्खेर उभियो।

यस केटाले आफ्नो जीवनको अन्त आइरहेको देख्यो। ऊ फेरि पनि घुँड़ा टेकेर थचक्क बस्यो। उत्ताउला मानिसहरूको धुइरोमा एक किसिमको सन्नाटा छायो। किनकि ती मानिसहरू लामो-लामो सास फेर्दै र उत्तेजित भएर काटमारको नयाँ दृश्य हेर्न पर्खिरहेका थिए। अनि त्यति बेला त्यो खूब गौरको साथ हेरिरहेको मानिस उठ्यो र उभियो; उसले अझै पनि तलको दृश्य हेर्दैथियो। तर उसको पछाड़िबाट मानिसहरू कराएः 'बस न, बस ! बस भनेको; किनकि तिमी हाम्रो दृष्टि छेल्दैछौ।'

तर यस मानिसले सुनेन, कि सुन्न चाहेन; किनकि ऊ बसेन। तर भीड़को हल्ला कहाँबाट आउने हो, सो हेर्न अफिसरहरू आफ्नो पछाड़ि त्यतातिर फर्के।

अनि ती पछाड़ि फर्केर हेर्नेहरूमध्ये एकजनाचाहिँ लकुल्युस पनि थिए। उनले त्यो सारा दृश्य देख्दैथिए। अनि उनी तर्से; उनको अनुहार मरेकोझैं पूरा फिका भयो।

'मार्सेलुस !', लकुल्युस कराए। विवश हुँदै एक क्षण धरमरिँदै उनी पछिल्तिर सरे। तर झट्टै ठेगानामा आएर उनी सरासर त्यस गोलमाल भइरहेको ठाउँतिर गइहाले।

तर त्यही बेलामा रङ्गभूमिभरि एउटा ठूलो गुनगुनाहट सुनियो; किनकि त्यो बाघ यस केटाको वरिपरि घुमिहिँड़ेको, अझै खूनी,

अझै क्रोधी भएको, र एकै क्षणमा यस केटामाथि झम्टन तयार भएको देखियो ।

यो केटा उठ्यो । अनि उसको अनुहारमा स्वर्गदूतको झलक थियो । अनि उसका आँखाहरूमा परम आनन्दको तरङ्ग उर्लेको झमक देखिन्थ्यो । उसले अब उप्रान्त त्यो अखड़ा देखेन, आफ्नो वरिपरि भएका पर्खालहरू देखेन, उसले मानिसहरूलाई पनि देखेन । अँ, उसको सामु बसेको त्यस जङ्गली पशुको भयानक आकृति पनि देखेन । किनकि उसको आत्मा अघिदेखि उड़ेर नयाँ यरूशलेमको मूलढोकामा पुगिसकेको थियो । अनि उसको अनुहारमा स्वर्गको अनन्त महिमा चम्किरहेको थियो ।

'आमा, म तपाईंकहाँ आउँदैछु ।' 'हे प्रभु येशू, मेरो आत्मा ग्रहण गर्नुहोस् !'

उसले भनेको यो शब्द भीड़ले स्पष्ट सुन्यो । अनि उसको पुकारको शब्द समाप्त हुनासाथ बाघ उसमाथि झम्ट्यो । एकै क्षणमै उसको जीवन शेष भयो । त्यस अखड़ाको धूलोमा उसको लास पड़िरहेको थियो । अब उसको लड़न्त सिद्धियो । बाघ पनि पछि हट्यो । रङ्गभूमिको बालुवा रगतले रातो भयो । त्यहाँ धुजाधुजा पारिएको पोल्लियो, त्यो साँचो हृदय भएको सज्जन विजयी भयो ।

तब यस सन्नाटा फोर्ने, तुरहीजस्तै तीखो, चर्को आवाज सुनियो । अनि त्यो सोर सुनेर ती रमिता हेर्ने मानिसहरू तर्से ।

'ए मृत्यु, तेरो खील कहाँ छ ? ए चिहान, तेरो विजय कहाँ छ ? परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ ।'

हजारौं मानिसहरू रिस र क्रोधले चूर भई र हुरहुर जल्दै एकसाथ जुरुक्क उठे । हजारौं हातहरू त्यस कराउने मानिसतिर उठे ।

'त्यो इसाई, त्यो इसाई – त्यसलाई आगोमा हाल, आगोमा पोल !' 'त्यसलाई यस बाघको अघि फ्याँकिदेओ !' 'त्यसलाई अखड़ामा घुइँकाइदेओ !'

त्यस मानिसको वाणीले यस प्रकारको प्रतिक्रिया कमायो। मार्सेलुसलाई रिसले आगो भएका रोमीहरूले भीड़ लागेर घेरेका थिए। तिनीहरू तिनलाई समातेर तानी-च्याती धुजा-धुजा पार्न तयार भइसकेका थिए। तर ठीक त्यही बेलामा लकुल्युस त्यस ठाउँमा मार्सेलुसलाई बचाउन आइपुगे। त्यस अखड़ाको बाघ भयङ्कर थियो, तर त्यो हूल त्यो बाघभन्दा अझ डरलाग्दो थियो। किनकि तिनी-हरूलाई बाघलाई भन्दा अझ बढ़ी मार्सेलुसको रगत चुस्ने तृष्णा लागेको थियो।

लकुल्युसको रवाफ र अधिकारको सामु ती रोमी नागरिकहरू नतमस्तक भई पछि सरे। अनि मार्सेलुसको वरिपरि सिपाहीहरू उभे।

त्यस रङ्गभूमिबाट बाहिर निस्केपछि लकुल्युस आफैले कैदी मार्सेलुसको जिम्मावारी लिए। अनि उनका सिपाहीहरू ती दुईजनाको पछि-पछि हिँड़े।

'उफ्, मार्सेलुस! के तिमीले आफ्नो प्राण यसरी फ्याँक्न चाहन्थ्यो? के यसो गर्नु ठीक थियो र?'

'मैले त्यस समयमा मनको आवेगले बोलिहालें। किनकि पोल्लियो, यो प्यारो भाइ, जसलाई मैले खूब माया गर्थें, मेरा आँखाहरूको अघि मऱ्यो। तब मैले आफूलाई सम्हाल्न सकिनँ। तर मैले जे गरें, त्यसमा म पछुताउँदिनँ। किनभने मेरा राजा र मेरा परमेश्वरको निम्ति म आफ्नो जीवन अर्पण गर्न तयार छु।'

'तिमीसँग म तर्क गर्दिनँ; यसमा कुनै फाइदा छैन। किनकि कुनै तर्कले तिमीलाई सुधार्न सक्दैन।'

'मैले आफूलाई यसरी मानिसहरूको सामु प्रकट गर्न खोजेको थिइनँ; तर के गर्ने? यस्तो भइहाल्यो। यसमा म आनन्दित छु, होइन, हर्षित छु; किनकि मैले मेरा मुक्तिदाता प्रभुको निम्ति दुःख सहने मौका पाएको छु।'

'हाय, साथी! के तिमीलाई तिम्रो जीवन प्यारो लाग्दैन?'

'माया त लाग्छ नै; तर म आफ्ना मुक्तिदातालाई त्योभन्दा बढ़ता माया गर्छु।'

‘हेर, मार्सेलुस ! तिम्रो सामु भएको सड़क खुला छ; यसकारण छिटो भागिहाल ! भाग र आफ्नो प्राण बचाऊ !’

लकुल्युसले यी शब्दहरू कसैले नसुन्ने गरी खुसुक्कै भने। किनकि उनका सिपाहीहरू बीस कदमपछि मात्र आइरहेका थिए। भाग्ने मौका यही थियो । तर मार्सेलुसले आफ्नो साथीको हात पक्रे र भनेः ‘अहँ, लकुल्युस, म भाग्दिनँ। तिम्रो बेइज्जती गरेर मैले जीवन र छुटकारा पाउने ? अहँ, यो हुनुहुँदैन । मलाई प्रेम गर्ने तिम्रो दयालु हृदयको निम्ति म तिमीलाई प्रेम गर्छु । तर कुनै हालतमा पनि मेरो खातिर तिमीले समस्या पाउनुहुँदैन ?’

लकुल्युसले सुस्केरा हालेर लामो सास फेरे। त्यसपछि केही नभनीकन उनी चुपचाप मार्सेलुससँग-सँगै हिँड़िरहे ।

# १४

# मार्सेलुसको परीक्षा

त्यस रातमा लकुल्युस आफ्नो साथीसँग झ्यालखानाको कोठामा बसिरहे । उनले सबै किसिमको तर्क गरेर आफ्नो साथीको विचार बदली गर्न कोशिश गरे ।

'म तिमीसँग एउटा सानो कुरा माग्छु', लकुल्युसले भने । 'तिमीले यो धर्म सधैंको निम्ति त्याग्नुपर्दैन, तर अहिलेको निम्ति चाहिँ यो धर्म त्यागिदेऊ ! किनकि सारा देशमा वर्तमान समयमा इसाईहरूमाथि डरलाग्दो सतावट र खेदो भइरहेको छ । यस खेदोको आगोमा के जवान, के वृद्ध, के उच्च, के नीच, सबका सब जलेर भस्म हुनेछन् । यस सतावटले कसैलाई छोड्नेछैन । तिमीले देखेकै छौ; ओहदा, श्रेणी र उमेरको केही ख्याल गरिँदैन । यस्तो ख्याल राखिने भए पोल्लियो बाँच्नेथियो । पोल्लियोलाई माया गर्नेहरू धेरै थिए । अनि ऊ कलिलै थियो । आफ्नो भूलको बारेमा उसको प्रायः केही जिम्मेवारी थिएन । ऊ उच्च कुलको सन्तान थियो; ऊ एउटा पुरानो, प्रसिद्ध घरानाको अन्तिम सन्तान थियो ।'

'त्यो सबै मलाई पूरा थाहा छ। अन्धकारको राजा शैतानले परमेश्वरको मण्डलीको विरुद्धमा लड़ाइँ गर्दैछ; तर ख्रीष्ट येशूको मण्डली एउटा चट्टानमाथि बसालिएको छ र नरकका शक्तिहरूले पनि त्यसको विरुद्धमा केही गर्न सक्नेछैनन् । तिनीहरूको कुनै सीप चल्नेछैन । मैले यस्तो निर्दयी सतावटको चक्रमा परेर असल र चोखा, सभ्य र सोझा, पवित्र र निर्दोष मानिसहरूलाई बराम्बार दुःखकष्ट सहेका देखेको छु ।'

'मेरो करा सुन न, मार्सेलुस ! यस आँधीबेह्रीको अघि शिर झुकाऊ ! बुद्धिमान् मानिसले झैं काम गर ! निर्बुद्धि नहोऊ ! पगलाजस्तै केही काम नगर !'

'लौ, मलाई भन ! तिमीचाहिँ मैले के गरेको चाहन्छौ ?'

'यसो गर ! केही वर्षपछि यस देशमा एउटा नयाँ परिवर्तन आउने नै छ । कि त यो सतावट र खेदो अन्त हुनेछ कि त यसको विरुद्धमा एउटा नयाँ काम शुरु हुनेछ; अथवा कहीं सम्राटको मृत्यु हुनेछ र तिनको सट्टामा भिन्नै विचार भएका शासकहरू उठ्नेछन् । त्यत्ति बेलामा इसाई हुनुमा केही खतरा हुनेछैन ।'

'यो कुरा असम्भव छ, लकुल्युस । यस्तो कामदेखि मेरो आत्मा घिनाउँछ । के म यसरी दुई गुणा बढ्ता लोकाचारी बनूँ ?'

'म निराश भई तिमीलाई बचाउने उपाय खोज्दैछु; तर मेरो हरेक कोशिश तिमीले उल्टा सम्झन्छौ । तिमी कुराको पल्लो छेउमा पुग्छौ र मेरो हरेक कुरा अँध्यारो र नराम्रो देख्छौ । के तिमी यसको विषयमा अलिक विवेक र बुद्धि लगाएर हेर्न सक्दैनौ ? यो झूटो साक्षी हुनु होइन, तर यो एउटा नीति हो, एउटा बाँच्ने नीति र उपाय हो । यो लोकाचारी हुनु होइन, तर बुद्धिमानी हुनु हो ।'

'परमेश्वरले मलाई यसो गर्नदेखि रोकून् । अहँ, यस्तो लाजमर्दो काम गरेर मैले उहाँको विरुद्धमा पाप गर्नुहुँदैन ।'

'अझै विचार गर ! केही परसम्म हेर्ने कोशिश गर र विचार गर ! तिमीले यसो गर्‍यौ भने तिम्रो मात्र होइन, तर अरूहरूको पनि भलाइ हुनेछ । तिमीले यी इसाईहरूलाई हृदयले प्रेम गर्छौ, होइन र ? त तिमीले मैले भनेजस्तै गर्‍यौ भने यी इसाईहरू तिम्रीदेखि अहिलेको भन्दा अझ धेरै सहायता पाउनेछन् ।'

'जुन इसाईहरूले नीच, अधम बनेर र शपथ खाएर आफ्नो विश्वास अस्वीकार गर्न सक्छन् र तिनीहरूलाई ठूलो दाम तिरेर छुटाउनुहुने आफ्ना मुक्तिदाता प्रभुलाई इन्कार गर्न सक्छन्, त्यस्ता विश्वासघाती इसाईहरूको मनमा आफ्ना बेहालतमा परेका भाइ-बहिनीहरूलाई सहायता गर्ने के सज्जनता, कस्तो दया पलाउन सक्नेथियो ? अहँ, यो कहिल्यै सम्भव हुनेछैन ।'

'त्यसो भए, मार्सेलुस, सुन ! अब मसँग तिम्रो सामु राख्न सक्ने एउटै कुरा रहेको छ; त्यसपछि म यहाँबाट जान्छु । यो मेरो अन्तिम कोशिश हो । तिमी फर्क ! अघि तिमी जहाँ थियौ, त्यसमा फर्कि-आऊ, हृदयले होइन, तर बाहिरी तवरले । त्यस बेलामा तिमी खुशी मन भएको, आफ्नो कर्तव्यमा तनमन दिएको एउटा सुखी सिपाही थियौ । तिमी कहिल्यै कुनै धार्मिक पुजाआजामा भाग लिँदैनथियौ । तिमी काहिलेकहीं मात्र, फाटक-फुटुक मान्दिरहरूमा धाउँथ्यौ । तिमी छाउनीमा बसेर आफ्नो समय बिताउँथ्यौ; तिम्रो भक्ति कसैले नदेखी तिमीले गुप्तमा गर्ने गर्थ्यौ । तिमीले आफ्नो ज्ञान र बुद्धि

पूजाहारीहरूदेखि होइन, तर दर्शनशास्त्रका महान् पण्डितहरूका पुस्तकहरूबाट बटुल्थ्यौ । अब फेरि यस्तै गर ! आफ्नो कर्तव्यमा फर्क !

अहिलेलाई के चाहिएको छ ? अलिकति यस समयलाई सुहाउँदो चनाखो बुद्धि-विवेक चाहिएको छ। केही नभनीकन, केही नगरीकन चुपै लागेको बस्ने बुद्धिमान् नीति अपनाऊ र आफ्नो उहिलेको काममा लागिपर ! तिमी रोममा बस्यौ भने, मानिसहरूले तिमी इसाई भएको खबर र होहल्ला झूटो रहेछ भन्ने सम्झनेछन् । अथवा तिमी कुनै टाढ़ा देशमा गयौ भने यस कुराको हल्ला हुनेछैन', लकुल्युसले मार्सेलुसलाई आफ्नो अन्तिम सल्लाह दिए ।

अनि यसको उत्तरमा मार्सेलुसले यसो भनेः 'अहँ, लकुल्युस, म यसो गर्दिनँ । किनकि म यसो गर्न राजी भएदेखि तिमीले मेरो सामु राखेको यो प्रस्ताव सम्भव भएको देखिँदैन । यसका विफल हुने कारणहरू धेरै छन्। सरकारले मेरो विषयमा चारैतिर राज-आदेशहरू दिइसकेको छ । मलाई पक्रनेलाई इनाम दिने कुरा डुगडुग पिटेर प्रचार गरिसकेको छ । अनि सबैभन्दा ठूलो कुरा, अघि दिउँसो यस रङ्गभूमिमा सम्राटले मलाई देख्नुभएको हो। यसकारण सम्राटबाट क्षमा पाउने आशा पूरा लोप भयो। मैले यसरी मेरा मुक्तिदाताको भक्ति कायम राख्न सक्दिनँ। यसकारण म तिम्रो सल्लाहअनुसार गर्न सक्दिनँ ।

उहाँका अनुयायीहरूले खुल्लमखुल्ला उहाँको साक्षी दिनुपर्छ । किनकि उहाँले भन्नुभयोः *"जसकसैले मलाई मानिसहरूको सामु स्वीकार गर्नेछ, उसलाई म पनि स्वर्गमा हुनुहुने मेरा पिताको सामु स्वीकार गर्नेछु, तर जसले मलाई मानिसहरूको सामु इन्कार गर्नेछ, त्यसलाई म पनि स्वर्गमा हुनुहुने मेरा पिताको सामु इन्कार गर्नेछु ।"* म मेरा प्रभुलाई प्रेम गर्छु, जसले मलाई पहिले प्रेम गर्नुभयो र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो । सारा मानव जातिलाई उहाँको नाम स्वीकार गर्नु र सुसमाचार सुनाउनु मेरो उच्च आनन्द हो । उहाँको निम्ति मर्नु मेरो सर्वश्रेष्ठ भक्तिको काम हो । शहीदको मुकुट पाउनु मेरो सबैभन्दा महान्, महिमाले भरपूर इनाम हो ।'

लकुल्युसले अरू केही भनेनन् । किनकि उनलाई आफ्ना सबै कोशिशहरू व्यर्थ भएका थाहा भयो । तर मार्सेलुसले भने आफ्नो अन्तिम समयको कुनै क्षण खेर फालेनन् । किनकि तिनले आफ्नो साथीसँग अन्तिम समय बिताइरहेका थिए ।

चासोभन्दा बढ़ी मित्रताको नाताले लकुल्युसले धैर्यसँग मार्सेलुसको कुरा सुने । तर मार्सेलुसले भनेको कुराबाट उनको हृदयमा गहिरो छाप बस्यो ।

भोलि मार्सेलुसको न्यायजाँच भयो । अनि न्यायको यस अड्डामा तिनको अन्याय गरियो । मार्सेलुसले मृत्युदण्ड भोग्नुपरेको थियो, जङ्गली पशुहरूले मारेर होइन, ग्लेडिएरहरूको हातमा परेर पनि होइन, तर सहिनसक्ने पीड़ामा तड्पेर अग्निदण्ड भोग्नुपरेको थियो । यसको निम्ति यस रङ्गभूमिको बीचमा दाउराको थाक लगाइयो । अनि त्यस थाकको बीचमा एउटा सानो मचान उठेको थियो ।

मार्सेलुस यस रङ्गभूमिभित्र पसे । निर्दय पालेहरूले तिनलाई ठेल्दै, हिर्काउँदै र गिल्ला गर्दै तिनको डरलाग्दो कष्टदाय मृत्युमा अझै चोट र त्रास थपिदिए । तिनीहरूले तिनलाई घचेट्दै र हुत्त्याउँदै यस दण्डस्थलमा पुऱ्याए । मार्सेलुसले चारैतिर बसेका मानिसहरूका अनुहारमा हेरे, त्यहाँ बसेका ती पुरुष र स्त्रीहरूका हजारौं अनुहार-हरूमा हेरे । तर तिनले ती अनुहारहरूमा केवल कठोरता र निर्दयता देखे, ती अनुहारहरूमा प्रेम र सहानुभूतिको झलक धरि थिएन । त्यसपछि मार्सेलुसले अखड़ातिर हेरे, जहाँ तिनीभन्दा अघि हजारौं इसाईहरू मारिएका थिए । तिनले अघि यहाँ आफ्नै आँखाले धेरै केटाकेटीहरूलाई मारेको देखेका थिए । तिनले मनमनैमा उनीहरूले गाएको त्यस मृत्युको खील उखेलिदिने गीत, चिहानलाई हार खुवाउने, चिहानको निम्ति एउटा चिहान खनिदिने गीत, त्यस जयवन्त गीतका शब्द सम्झे :

*'प्रशंसा गर्छौं, महिमा गाउँछौं, हाम्रा प्रेमी प्रभुको,*
*पाप सब हाम्रा धोइपखाली हामीलाई शुद्ध पार्नुहुने हाम्रा*
*मुक्तिदाता येशूको ।'*

तब यी निर्दयी पालेहरूले तिनलाई पक्रेर दाउराको बीचमा भएको मचानमा उभ्याए र उम्कन नसक्ने गरी तिनलाई बलियो गरी साङ्लाले बाँधे ।

'म अब अर्पित हुँदैछु', मार्सेलुसले गुनगुनाएर भने; 'मेरो बिदाइको बेला आएको छ । अब उप्रान्त मेरो निम्ति धार्मिकताको मुकुट राखिएको छ, जुनचाहिँ धर्मी न्यायकर्ता प्रभुले त्यस दिनमा मलाई दिनुहुनेछ ।'

अब एउटा पालेले बलेको पुल्ठी ल्याएर दाउराको थाकमा झोस्यो । तब ज्वालाहरू, आगाका जिब्राहरू हुरूरूरू दन्केर आए र धूवाँको बाक्लो मुश्लाले एक क्षणको निम्ति शहीद मार्सेलुसलाई दृश्यदेखि ओझेल पारिदियो । त्यो धूवाँ उड़ेर हटेपछि अनुहार स्वर्गतिर उठाएको र हातहरू प्रार्थनामा जोड़ेको त्यो वीर शहीद ठिङ्ग उभिएका फेरि देखा परे ।

दन्किएका ज्वालाहरू तिनको नजिक, अझ नजिक आए । अनि तिनको जीउ त्यस आगोको बीचमा काम्न थाल्यो, अनि अब मार्सेलुसको आत्मा तिनको शरीरबाट निस्कन र स्वर्ग देशमा आराम गर्न तयार भयो ।

अन्तमा यस शहीदको छाती अचानक एउटा असाध्य तिक्त पीड़ाले घोच्यो, अनि तिनको मुखबाट मुटु थर्काउने क्रन्दन निस्क्यो । तर तिनले ठूलो साहस गरेर त्यो पीड़ा सहे, र तिनी त्यसमाथि विजयी भए । तिनले दुवै हातहरू आकाशतिर उठाए र बिस्तारै हल्लाए । त्यसपछि अन्तिम शक्ति बटुलेर मार्सेलुस ठूलो सोरले कराएः 'विजय !'

यस चीत्कारको साथ तिनको प्राण निस्क्यो, अनि तिनी यी ज्वालाहरूको बीचमा ढले । यसरी मार्सेलुसको अमूल्य आत्मा पिता परमेश्वरको काखमा पुग्यो ।

# १५

# लकुल्युस

त्यस यातना र मृत्युको दृश्य हेर्नेहरूमध्ये एकजना मानिस थियो, जसको ग्लानि र मानसिक खेदले ग्रस्त अनुहार मार्सेलुसबाट कहिल्यै हटेन । सबैजना घर गए, अनि रङ्गभूमि खाली भयो । तर त्यो मानिस त्यही ठाउँमा बसिरह्यो । सबै आसनहरू रित्तो भए, तर उनी एकलै एउटा आसनमा बसिरहे । अन्तमा उनी पनि घर जान तयार भए, र एउटा ठूलो भारीले दबिएझैं खुइय्य गरेर उठे ।

उनले केही पालेहरूलाई इसारा गरे, र तिनीहरूले उनको निम्ति त्यस अखड़ाभित्र जाने ढोका खोले । 'मलाई एउटा अस्ति-कलश ल्याओ' भनेर उनले पालेहरूलाई भने । त्यसपछि उनी निभ्दै गरेका अगुल्टाहरू छरिएको ठाउँमा, आगोको भुङ्ग्रोकहाँ हिँड़े ।

एउटा पालेले उनलाई त्यो अस्ति-कलश ल्याइदियो, र लकुल्युसले चुपचापसित त्यसको हातबाट त्यो भाँड़ा लिए र भेट्टाएजति हड्डीहरूका टुक्राटुक्री बटुले । किनकि प्रचाण्ड आगोले मार्सेलुसको शरीरबाट यति मात्र छोड़ेको थियो ।

तर त्यस रङ्गभूमिबाट निस्कँदा उनले एउटा वृद्ध मानिसलाई भेटे, र उनी टक्क अड़िए ।

'तिमी के चाहन्छौ ?' उनले त्यस वृद्ध मानिसलाई सोधे ।

'म ओनरियस हुँ; म इसाईहरूको धर्मगुरु र अगुवा हुँ । आजको दिनमा यही ठाउँमा मेरो प्यारो साथी मारिएको थियो । अनि म उसको लासको खरानी पाउन सक्छु कि भन्ने उद्देश्यले आएको हुँ ।'

'तिमी मलाई यसरी सम्बोधन गरेकोमा भाग्यमानी हौ; किनकि तिमीले अरू कसैलाई तिम्रो परिचय यसरी दिएका भए, तिनीहरूले तिमीलाई अवश्य पक्रनेथिए । किनकि तिमीलाई पक्रा पार्नेको निम्ति इनाम तोकिएको छ । तर म तिम्रो विन्ती पूरा गर्न सक्दिनँ; किनकि मार्सेलुस मरे र तिनको लासको खरानी यहाँ, यस अस्ति-कलशमा छ । मार्सेलुस मेरो अति प्रिय साथी थिए । हामी दुईजना एक आँतका साथी-भाइ थियौं । यसकारण तिनको खरानी पूरा सम्मानको साथ हाम्रो परिवारको चिहानमा राखिन्छ । तिनको मृत्युले गर्दा मेरो निम्ति यो धरती रित्तो र अर्थहीन भएको छ । अनि मेरो जीवन मेरो लागि एउटा बोझ भएको छ ।'

'यसो भए तपाईं लकुल्युस हुनुपर्छ', ओनरियसले भने; 'किनकि मार्सेलुसले घरि-घरि तपाईंको बारेमा प्रेमसाथ कुरा गरिरहन्थे ।'

'हो, म लकुल्युस हुँ । अनि बुझ्नुहोस्, मार्सेलुस र म, हामी दुईजना एक-अर्काको निम्ति जति निष्ठावान् मित्र थियौं, त्यति यस संसारमा अरू कोही थिएनन् होला । सम्भव भएको भए मैले तिनलाई बचाउनेथिएँ । मैले यसको निम्ति बन्दोबस्त गरेको थिएँ, र तिनको गिरफ्तार कहिल्यै हुनेथिएन । तर अन्तमा तिनलाई सम्राटको सामु ल्याइयो, र मैले तिनलाई झ्यालखानामा र तिनको मृत्युमा पहरा दिनुपर्‍यो ।'

'भाइ, सुन्नुहोस्; जुन कुरा तपाईंको निम्ति ठूलो हानि भएको छ, त्यो कुरा मार्सेलुसको निम्ति ठूलो लाभ भएको छ । किनकि अनन्त सुखमा तिनको प्रवेश भएको छ ।'

'हो, तपाईंले ठीक भन्नुभयो; किनकि तिनको मृत्यु एउटा ठूलो विजय भएको छ', लकुल्युसले भने । 'मैले अघि पनि इसाईहरूलाई मारिएको देखें, तर तिनीहरूको आशा र विश्वासको निश्चयता मलाई आज मात्र घत लाग्यो । कस्तो मरण ! कस्तो विश्वास ! ! मैले आज देखें, मार्सेलुसले बल्दो आशा र भरोसा लिएर आफ्नो प्राण त्यागे, मानौं तिनको निम्ति मृत्यु वर्णन गर्न नसकिने महान् आशिष पो थियो ।'

'हो, तिनको मृत्यु तिनको निम्ति महान् आशिष थियो । अनि तिनको निम्ति मात्र होइन, तर अरू धेरैजनाको निम्ति, जसका लासहरू सुरुङ्गहरूको उराठलाग्दो ठाउँमा गाड़िए, र जहाँ हामीलाई जिउन कर लाग्छ । अनि तिनीहरूको सङ्ख्यामा म मार्सेलुसको लासको खरानी थप्न चाहन्छु । यसकारण कृपाय मलाई यसको लासको खरानी दिनुहोस् !'

'माननीय ओनरियस, म मेरो प्रिय साथीको खरानी मेरो परिवारको चिहानमा राख्न चाहन्छु; म पूरा सम्मानको साथ तिनको खरानी त्यहाँ राख्छु र तिनको चिहानको सामु शोक गर्छु र तिनको निम्ति रुन्छु र विलाप गर्छु ।'

'कप्तान लकुल्युस, के तपाईंको साथीले आफ्नो नयाँ विश्वास-अनुसार साधारण संस्कार गरेर तिनको खरानी चिहानमा दफन गरिएको चाहँदैनथिए? के तिनलाई ती शहीदहरूको बीचमा राख्नुपर्दैन, जसको बीचमा तिनले पनि एउटा अमर सुनाम पाएका छन्? तिनलाई उनीहरूको बीचमा विश्राम लिने ठाउँ दिनुहोस्!'

लकुल्युस चुपचाप उभिए, र उनले केही क्षण विचार गरे। त्यसपछि उनले भनेः 'तिनको अन्तिम इच्छाको विषयमा कुनै शङ्का छैन। अनि म तिनको इच्छा कदर गर्न चाहन्छु। यसकारण तिनको दफन-क्रिया गर्ने मान म तिनको निम्ति त्याग्छु। ओनरियस, यस अस्ति-कलश लिनुहोस् र दफन गर्नुहोस्! तर म यस दफन-सभामा उपस्थित हुन चाहन्छु। के तपाईंहरूले मलाई, एउटा रोमी सिपाहीलाई, जसलाई तपाईंहरूले अहिलेसम्म खालि शत्रुको रूपमा चिन्नुभयो, तपाईंहरूको लुक्ने ठाउँमा आउन र तपाईंहरूको मृत्यु-संस्कारमा उपस्थित हुन दिनुहुन्छ?'

'कप्तान लकुल्युस, तपाईंलाई स्वागत छ! मार्सेलुसलाई पनि स्वागत थियो, ठीक त्यस्तै तपाईंलाई पनि स्वागत छ। अनि हुन सक्छ, तिनले जुन आशिष हाम्रो बीचमा पाए, त्यही आशिष तपाईंले पनि पाउनुहुन्छ होला।'

लकुल्युसले शिर हल्लाएर 'आउँछु' भन्ने इसारा गरे। त्यसपछि ओनरियसको हातमा यो अस्ति-कलश दिएर उनी दुःखी मन लिएर छाउनीतिर फर्के। अनि भोलिपल्ट उनलाई बोलाउने मानिस पठाइयो, र त्यसको सहायता लिएर उनी सुरुङ्गहरूभित्र गए। त्यहाँ उनले इसाई समाजको रहनसहन र तिनीहरूको बस्ने ठाउँ देखे। हुन त उनको साथीले उनलाई अघि तिनीहरूको विषयमा बेलीबिस्तारहरू दिएको हुनाले उनी तिनीहरूको जीवन, तिनीहरूका दुःखकष्टहरू र तिनीहरूको क्लेशको विषयमा अनजान थिएनन्।

ती शोक मनाउनेहरूको बीचमा लकुल्युसको उदासी अनुहार छुट्टै देखिन्थ्यो। उनी इसाई थिएनन्। तर उनले इसाई धर्मका उच्च सिद्धान्तहरू कदर गर्थे र तिनीहरूको स्वर्गको आशाको विषयमा सुन्न मन पराउँथे। अनि उनलाई मार्सेलुसको खरानी चिहानमा राख्न

दिइयो; अनि उनले यस चिहानमा ढकनी लगाए, जुन ढकनीमा मार्सेलुसको नाम खोपिएको थियो ।

त्यसपछि लकुल्युस घर फर्के; तर उनी अब अर्को मानिस भएका थिए । हो, उनले अघि 'म इसाई हुँदिनँ' त भनेका थिए । अनि उनको साथीको मृत्युले गर्दा उनको हृदय अशान्तिले भरिएको थियो । तर उनमा आफ्नो पापको विषयमा कुनै खेद, कुनै अफसोस, कुनै पश्चात्ताप थिएन, अनि एकमात्र सत्य, जीवित परमेश्वरको चिन्ने ज्ञानको इच्छा पनि थिएन । तर उनले संसारमा मोजमज्जा गर्ने आनन्द हराएका थिए, तर त्यसको बदलीमा आनन्दको अर्को स्रोत कहीं पाउन सकेनन् ।

साथीको सम्झनाले उनको जीवनमा एउटा विशेष प्रभाव त पारेको थियो । जुन मानिसहरूसित मार्सेलुसले सङ्गति राखेका थिए, ती गरिब, दुःखी र सतावटमा परेका मानिसहरूप्रति लकुल्युसको हृदयमा माया र सहानुभूति पलायो । उनले तिनीहरूको स्थिरता प्रशंसा गर्थे र तिनीहरूले अन्यायमा सहेका कष्टहरूको खातिर तिनीहरूमाथि टिठाउँथे । किनकि उनले देखे, रोममा केही नैतिकता वा भलाइ थियो भने, त्यो त यी गरिब इसाईहरूसँग थियो, जो रोमको समाजबाट निकालिएका थिए ।

यस भावनाले उनलाई इसाईहरूको गोहार गर्ने तुल्यायो । उनले अघि एक पल्ट साथी मार्सेलुससँग मित्रता कायम राख्ने र गोहार गर्ने प्रण गरेका थिए । अनि यही प्रतिज्ञा उनले अब इसाईहरूसँग मित्रता राखेर र उनीहरूलाई सहायता गरेर पूरा गर्न लागे । अनि अबदेखि लकुल्युसका सिपाहीहरूले इसाईहरूलाई पक्रन छोड़े । उनको उच्च ओहदा, उनको ठूलो धन र उनको प्रतिष्ठा सबैचाहिँ इसाईहरूको सेवामा प्रयोग गरिन्थ्यो । उनको महलमा तिनीहरूले अब शरण र गोहार पाउँथे । यसरी उनले तिनीहरूको बीचमा 'इसाईहरूको परम मित्र' भन्ने नाम कमाए ।

तर सबै कुराहरूमा शुरु र अन्त हुन्छ नै । अनि रोममा पनि यस्तै भयो । इसाईहरूको असाध्य सतावट र खेदो एकै वर्षभित्र थामियो । किनकि सम्राट डेसियसको शासन पल्ट्यो र तिनको बदलीमा अर्को

शासक उठे; अनि सतावट बन्द भयो । इसाईहरूको शान्ति फेरि स्थापित भयो; अनि तिनीहरू सुरुङ्गहरूबाट निस्के । दिनको उज्यालो र घमाइलो घाममा बस्नु तिनीहरूलाई के मज्जा लाग्यो, विचार गर्नुहोस् ! अनि यी सुरुङ्गहरूबाट निस्केपछि मानिसहरूले फेरि तिनीहरूको मुखबाट परमेश्वरको स्तुतिप्रशंसा सुन्न पाए, जुन परमेश्वरले तिनीहरूलाई मुक्ति दिनुभयो । अनि तिनीहरूले दुष्टको सेनाको विरुद्धमा आफ्नो कहिल्यै नटुङ्गिने संघर्ष अगाड़ि बढ़ाए ।

यसरी वर्षहरू बिते, तर लकुल्युसको जीवनमा कुनै परिवर्तन आएन । ओनरियस सुरुङ्गहरूबाट निस्केपछि लकुल्युसले तिनलाई आफ्नै घरमा राखे र तिनको जीवनको अन्तसम्म पालनपोषण गरे । अनि ओनरियसले लकुल्युसप्रति आफ्नो कृतज्ञता देखाउन र गुण फर्काउन खोजेर उनलाई सत्यता चिनाउन चाहे । तर लकुल्युसको जीवनमा आफ्नो इच्छा पूरा हुन नपाईकन ओनरियसको देहान्त भयो ।

तर अन्तमा, निक्कै वर्षपछि त्यो आशिष आयो । अब लकुल्युस जवान थिएनन्; उनको जवानी बितिसकेको थियो, र उनी बूढ़ेसकालमा पस्न लागेका थिए । यति बेलामा उनले प्रभु येशूलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गरे । वर्षौंसम्म यो संसार र यसको वैभवमा उनको निम्ति कुनै आकर्षण थिएन । न धनसम्पत्ति, न मान-इज्जत, न अधिकार उनको निम्ति केही थियो । उनको जीवन विरक्त थियो; अनि उनको उदासको निम्ति कुनै औषधि थिएन । तर अन्तमा परमेश्वरको आत्मा उनको हृदयमा आउनुभयो, अनि यस दिव्य शक्तिले उनलाई आफ्नो मुक्तिदाता प्रभुको अपार प्रेममा रमाउने तुल्यायो । अघि उनले धेरै इसाईहरूको जीवनमा यस ईश्वरीय शक्तिको ज्वलन्त प्रमाणहरू देखेका थिए; अनि अब यो उनको आफ्नै अनुभव भयो, हल्लेलूयाह !

सम्राट डेसियसले प्रभु येशूका अनुयायीहरूलाई सताएर र खेदो गरेर तिनीहरू यी अँध्यारा सुरुङ्गहरूभित्र शरण लिएको समयदेखि धेरै सम्राटहरू आए र गए, अँ, धेरै शताब्दीहरू बिते । आउनुहोस्, हामी अप्पियाको बाटोमा एक क्षण खड़ा हौं र चारैतिर हाम्रो नजर लगाऔं !

हाम्रो सामु यहाँदेखि यस पुरानो शहरसम्म भव्य चिहान र समाधिहरूको लस्कर छ । किनकि यहाँ रोमका शक्तिशाली मानिस-हरूको दफन गरिएको थियो । तर तिनीहरूमध्ये कसैले पनि आफ्नो धन, सम्मान र अधिकार लिएर यस धरतीबाट बिदा लिन सक्दैन-थियो । अनि हामी उभिएको जमिनमनि, यी सुरुङ्गहरूमा ती मानिसहरूका साधारण चिहानहरू छन्, जुन मानिसहरूली तिनीहरूले छिः छिः -दुरदुर गरेर र आफ्नो बीचमा रहन नदिएर रोमी समाजबाट बहिष्कार गरे ।

समयको कत्रो हेरफेर ! किनकि यी भव्य चिहानहरू सबै भतभुङ्ग भएका छन् । तिनीहरूका समाधिहरू अपवित्र पारिए र समयको अन्तरालमा हावाले तिनको शोभा सबै उड़ाएर लगियो । अनि यी चिहानहरूमा दफन गरिएका मानिसहरूको एकै नाम पनि पढ्न सकिँदैन; अनि जुन साम्राज्य तिनीहरूले खड़ा गरेका थिए, त्यो साम्राज्य पनि सधैंको निम्ति पतित भयो, रद्द भयो । अनि जुन सेनाहरू तिनीहरूले सेनापति भई एक विजयदेखि अर्को विजयमा अग्रसर गरे, ती सेनाका सिपाहीहरू सबै यहाँ सुते, तर कहिल्यै फेरि पनि उठ्नेछैनन् ।

तर यी सतावटमा परेका इसाईहरूको विषयमा कसो हो ? तिनीहरूले यी सुरुङ्गहरूमा विश्राम पाए । तिनीहरूका चिहानहरू छँदैछन्, जस्तैका त्यस्तै छँदैछन् । यी इसाईहरूका चिहानहरू धेरै पर्यटकहरूको निम्ति साक्षी बसेका छन् । अनि जुन उच्च काममा तिनीहरूले भाग लिएका थिए, त्यो महिमित काम, प्रभुलाई धन्यवाद होस्, हाम्रो समयसम्म निरन्तरता पायो ।

ती इसाईहरू दमन गरिए, तुच्छ ठानिए, समाजबाट निकालिए, खेदोमा परे, सतावटको चक्रले पिसिए । तिनीहरूका नामहरू इतिहासको कुनै पन्नामा कहीं लेखिएनन् । तर हामी यति जान्दछौं, तिनीहरूका नामहरू जीवनको पुस्तकमा लेखिएका छन् । किनकि यसो लेखिएको छः

*'यिनीहरू ती हुन्, जो महा सङ्कष्टबाट निस्केर आएका छन्; अनि यिनीहरूले थुमाको रगतमा आफ्ना वस्त्रहरू धोएका छन् र*

*आफ्ना वस्त्रहरू सेता बनाएका छन्। यसकारण यिनीहरू परमेश्वरको सिंहासनको अघिल्तिर छन्, र उहाँको मन्दिरमा दिनरात उहाँको सेवा गर्छन्; अनि त्यस सिंहासनमाथि बस्नुहुनेले चाहिँ यिनीहरूको बीचमा वास गर्नुहुनेछ। यिनीहरू कहिले भोकाउनेछैनन्, न त कहिल्यै तिर्खाउने नै छन्; न ता घामको राप यिनीहरूमाथि पर्नेछ, न ता कुनै ताप नै। किनकि त्यस सिंहासनको बीचमा हुनुहुने थुमाले यिनीहरूको गोठाला गर्नुहुनेछ र यिनीहरूलाई पानीका जिउँदा धाराहरूमा डोऱ्याएर लैजानुहुनेछ; अनि परमेश्वरले यिनीहरूका आँखाहरूबाट सबै आँसुहरू पुछिदिनुहुनेछ।'*

प्रकाश ७:१४-१७

अन्तमा हामी तपाईंलाई याद दिलाउन चाहन्छौंः यो किताब एउटा उपन्यास हो । यसका लेखकले पूरा रोचक ढङ्गले यो किताब सजीव भाषामा र हृदयस्पर्शी शैलीमा लेखे । तर हामीले यो पनि याद गर्नुपर्छः बितेको समयमा रोमी सम्राटहरूले इसाईहरूलाई घोर सतावट गर्दैथिए, अनि त्यस बेलामा हजारौं इसाईहरू शहीद भए । यो ऐतिहासिक कुरा हो । अनि रोम शहरमा यी सुरुङ्गहरू छँदैछन्, जसको चर्चा यस किताबमा घरिघरि गरिएको थियो । यसमा कुनै कल्पना छैन, तर सरासर सत्य हो । अनि यसको मूललेख अङ्ग्रेजीमा पढ्न इच्छुक हुने पाठकहरूको निम्ति हामी निम्न लिन्क यहाँ प्रस्तुत गर्न चाहन्छौंः

https://gutenberg.net.au/ebooks14/1401321.html

अनि इसाई विश्वासको सम्बन्धमा तपाईंले कुरा अझ बढ़ी बुझ्न र सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण' भन्ने हाम्रो रेडियो-कार्यक्रम, अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्ः

www.nbcinepal.org

https://www.nbcinepal.org/
SCAN ME